पुन पुन	१३
पोथाही	१६
नादवान हाल्ट	२४
तरिङ्गा	३०
नाडौल	३६

स्टेशनका नाम	कि. मि
जाहाना बाद	४५
जाहाना बाद कोर्ट	४८
टिहटा	५७
मखदुम पुर	६१
वेला	७२
चाकन्द	८२
गया (जं०)	९

कलकत्ताबाट मनिहारीघाट भई दार्जिलिंग

हावड़ा (जं०)	
लिलुवा	५
बेलूर	७
बल्ली	९
उत्तर पाड़ा	१०
हिन्द मोटर	१२
कोन नगर	१४
रिसरा	१७
श्रीरामपुर	२०
सिवोरा फुल्ली	२३
बैद्यबटी (जं०)	२५
भद्रेश्वर	२९
मानकुन्डु	३१
चन्दन नगर	३३
चुचुरा	३६
हुगली	३८
[illegible] (जं०)	४२

आदीसप्त ग्राम	४३
मागरा	४७
टलण्डू	५१
खनयान	५६
पुण्डोह	६१
सिमलागढ़	६६
बैनचाई ग्राम	६८
बैनचाई	७०
डिबिपुर	७१
बगीला	७६
मिमारी	८२
रसूल पुर	८८
पाल सिट	९२
शक्ती गढ़	९६
नंग पुर	०
बहरान (जं०)	
[illegible]	११४

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
खाना (जं०)	१२०	बड़हरवा (जं०)	२६७
बनपस	१३०	बकुडी	३०५
गुसकरा	१४०	तिनपथार	३१४
भाडिया	१५१	टलिहरी	३२४
बोलपुर	१५६	करन पुराटा	३३०
(शान्ति निकेतन)		महराज पुर	३३८
कोपल	१६९	सकरी गली (जं०)	३४४
अहमद पुर (जं०)	१७८	साहेब गंज (जं०)	३५२
बतास पुर	१८४	(यहाँ स्टीमरमा चढ्नुपर्दछ)	
सैन्तीहा (जं०)	१६१	मनिहारी घाट	३६०
गदाधर पुर	१६६	मनिहारी	३६८
मोल्लर पुर	२०७	मैहार पुर	३७६
तारा पिठरोड हाल्ट	२१३	मनशाही	३८३
राम पुर हाट	२१९	कटिहार (जं०)	३९२
स्वदीन पुर	२२६	डण्डखोरा	४०१
नलहट्टी (जं०)	२३३	सोनैली	४:६
चतरा	२४२	झौवा	४१५
मुराराई	२४६	स्यालमारी	४२१
बंशलाइ ब्रिज	२५४	मुकुरिया	४२६
राज ग्राम	२६१	बारसोई	४३१
नगर नबी	२६६	सुघनी	४४२
पकौर	२७१	टिल्टा	४५१
तिलभिटा	२७७	दल कोल्हा	४५६
कोटाल पुकुर	२८३	सुरजा कम	४६६
गुमानी	२६०	कानकी	४७४

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि
हाटवार	४७६	चुनभट्टी	६१८
किशन गंज	४८७	तिनधरिया	६२४
पंजिपारा	४९५	गयाबारी	६३०
एकरचला	५:०	पगला झोरा (साइटिङ्ग)	६३२
गैसल	५०४	महानदी	६३६
गनजरिया	५१०	कुरस्याङ्ग	६४१
अलुवा बारी रोड	५१८	चर्चगेट हाल्ट	६४५
पोथिया	५२३	गोयठल्स हाल्ट	६४७
तैयाब पुर	५३१	सिपायधुरा हाल्ट	६४९
ठाकुर गंज	५३७	टुङ्ग	६५१
पिप्रीथान	५४४	दिलाराम हाल्ट	६५३
गलगलिया	५४६	शैलिसियन कालेज	६५५
अधिकारी	५५८	सोनाडा	६५६
बतासी	५६२	जोरिखोला (साइडिङ्ग)	६६१
नक्सल बारी	५७१	रङ्गभुल (साइडिङ्ग)	६६३
हाति घिसा	५७५	जोरि बेङ्गलो हाल्ट	६६५
बाग डोगरा	५८३	घुम	६६८
माटिगाडा	५९०	बतासिया (साइडिङ्ग)	६६६
सिलिगुडी (जं०)	५९४	रिटरिएट हाल्ट	६७१
शुकना	६०४	वेस्ट प्वाइन्ट हाल्ट	६७२
रङ्गटङ्ग	६१२	दार्जलिङ्ग	६७४

कलकत्ताबाट बरौनी भई गौहाटी (आसाम)

*हाल्तिदह (जं.)		बरौनी (जं०)	१३
राजेन्द्रपुलहाल्ट	३	तिलरथ	२१
सिमरिया	६	बेगूसराय	३१

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
लाखो	३६	डण्डखोरा	२०२
बनौलीफुलवरिया	४०	सोनैली	२०९
लखमिनियाँ	४६	झौआ	२१५
सनहा	५०	स्यालमारी	२२२
साहेबपुर कमाल	५५	मुकुरिया	२२७
उमेश नगर	६२	बारसोई (जं०)	२३२
खगरिया	६९	सुधानी	२४३
मानसी	७७	तेलता	२५१
महेशखूँट	८८	बलकोल्हा	२६०
पसराहा	१०१	सूर्यकमल	२६७
नरायनपुर	११२	काँकी	२७४
थाना बीहपुर	१२०	हटवर	२८०
खरिक	१२८	किशनगंज	२८७
नौगछिया	१३६	पांजीवारा	२९६
कटरिया	१४७	इकरचला	३००
कुरसेला	१५४	गैसल	३०५
बरबरी	१६३	गुंजरिया	३१०
काढ़ागोला रोड	१७०	अलुवा बाढ़ी रोड	३१८
सेमापुर	१८१	पोठिया	३२३
कटिहार (जं०)	१९२	तैय्यबपुर	३३१

---

* स्टेशनको नाम र किलोमिटर हात्तीदह (जं०) सम्म दिल्ली जाने लाइनमा हेर्नू। त्यसपछि यसमा मिलाउनू। गाडी कहाँ बदल्नुपर्दछ गार्ड बाबूसित सोध्नू।

स्टेशनका नाम	कि. मि.
ठाकुरगंज	३३८
पिपरीथान	३४४
गलगलिया	३५०
अधिकारी	३५९
बतासी	३६३
नक्सालबाड़ी	३७१
हात्तिघिसा	३७६
बाग डोगरा	३८४
माटीगारा	३९०
न्यू जलपाई गुरी	३९५
सिलीगुड़ी टाउन	३९७
सिलीगुड़ी (जं०)	३९४
पार्श्वाश्रय	३९८
गुल्मा	४०३
गुल्मास्रोला	४०७
सिवोक	४१५
पिलान्सहाट	४२१
बागरा कोट	४२७
उदलाबाड़ी	४३१
डासडीम	४३६
न्यूयाल	४४२
चालसा	४५०
अपरामारी	४५६
नागरा काटा	४६४

स्टेशनका नाम	कि. मि.
कैरोन	४७०
चेंगमारी	४७२
बानरहाट	४७९
बिन्नागुड़ी	४८८
दलगाँव	४९७
युजनाई	५०३
मदारीहाट	५१२
हासीमारा	५२२
हेमिल्टनगंज	५३२
कालचीनी	५३५
गारोपारा	५४०
राजाभातखावा	५४६
दमनपुर	५५४
अलिपुरद्वार (जं०	५५७
सालसलाबारी	५६१
सामुकतलारोड	५७०
कामाख्यागुड़ी	५८०
जोराई	५८८
श्रीरामपुर आसाम	५९९
गोसाईंगाँव हाल्ट	६०६
गुआबाड़ी	६०६
चौतारा	६१७
फकीरा ग्राम	६२६
कोकड़ा झार	६२६

स्टेशनका नाम	कि. मि.
सालाकाठी	६४८
बासु गाँव	६५५
डाङ्गतल	६६३
न्यू बनागाई गाँव	६६६
बोनगाई गाँव	६७१
चपरा काटा	६७५
विजनी	६८४
पातिलदाह	६९४
सोर भोग	७०३
वरपेटा रोड	७११
गुवागाछा	७१६
सोरूपेटा	७२२
पाठशाला	७३२

स्टेशनका गाम	कि. मि.
ठीहू	७४२
केथल कूची	७४९
नलबाड़ी	७६०
घोषरापार	७६८
रंगिया	७७६
केन्द्रकला	७८५
वैहाटा	७९१
चाँगसारी	८०२
अगथोरी	८०८
प्रागज्योतिषपुर	८१९
जालुकबारी	८३१
गौहाटी (जं.)	८४०

द्वारकाबाट मथुरा, दिल्ली, हरिद्वार भई ऋषिकेश-सम्म जाने लाइनको मुख्य-मुख्य स्टेशन।

बीरमगाँमसम्म द्वारका जाने लाइनमा हेर्नू।

बीरम गाँम	
विरोचन नगर	१९
सावरमती	६०
अहमदाबाद (जं.)	६५
बारे जडी	८२
महमदाबाद (कैरारोड)	९४
नडियाद	१११
आनन्द (जं०)	१३०

बड़ोदा	१६५
चाँपानेर रोड	२०३
गोधरा	२३८
पीपलोद	२७१
दोहद	३१२
बजरङ्गगढ़	३६०
रतलाम	४२६
नागदा	४६७

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
चौमहला	५२९	मेरठ सिटी (जं.)	१२२९
कुरलासी	५७६	मेरठ कैन्ट	१२३३
धारा	६४४	मुजफ्फर नगर	१२८४
कोटा (जं.)	६६२	देवबन्द	१३०८
कापरेन	७२५	सहारनपुर (जं.)	१३४२
सवाईमाधोपुर (जं.)	८००	इकवालपुर	१३७१
गंगापुर सिटी	८६३	लक्सर (जं.)	१३९६
डुमरिया	९३१	ज्वालापुर	१४२०
भरतपुर (जं.)	९८२	हरिद्वार (जं.)	१४२४
मथुरा (जं.)	१०१६	रायवाला	१४३६
नई दिल्ली	११५७	ऋषिकेश	१४४८
दिल्ली (जं०)	११६१		
दिल्ली शाहदरा	११६८	(यहाँबाट बद्रीनारायण जाने	
गाजियाबाद (जं.)	११८१	बाटो शुरू हुन्छ)	

मथुराबाट वृन्दावन जाने लाइन

साबरमती	६०	नडियाद	१११
अहमदाबाद (जं.)	६५	आनन्द (जं०)	१३०

जुन रेलगा, जुन क्लासमा, जहाँसम्म, जहाँबाट जानु छ; त्यस रेलको, त्यस क्लासको, त्यहाँसम्मको भाडा त्यहीं सोधी पत्ता लाउनू।

नेपालका केही प्रमुख ठाउँहरूको परिचय

मोरङ नेपालको तराईमा रहेका जिल्लाहरूमध्ये यो एक प्रमुख जिल्ला हो । उद्योग व्यवसायको दृष्टिले हेर्ने हो भने यो नेपालभरमा ठूलो छ । अघि यो जिल्ला औलोको घर थियो । संवत् १९७१ सालमा प्रधानमन्त्री चन्द्रसमशेरले साहेबगंजको काठमहल र रंगेलीबाट मोरङ गोश्वारा, रंगेली माल, अमिनी, वनजाँच, हुलाकअड्डा, मोरङ-अडिटर आफिस, रंगेली अस्पताल, मगालखाना आदि अड्डाहरू गोग्राहा (विराटनगर) मा सारेपछि विराट नगरको क्रमशः विकास हुँदै आयो ।

रंगेलो जानलाई गोग्राहाबाट ५ कोश जानु-पर्दछ । गोग्राहाबाट १ पाउमा सिग्याही खोलो आउँछ, यहाँबाट डेढ कोशमा चेकाहा खोलो पर्दछ यहाँबाट आधा कोशमा मदुवा खोलो पर्दछ । यहाँ-बाट सवा कोशमा चिंसी खोलो पर्दछ । यहाँबाट तीन पाउमा बक्राहा नदी आउँछ । रंगेलीबाट अड्डा-खाना उठेपछि यो ठाउँमा चोर डाकाको बल बढ्यो । त्यसैले त्यहाँका त्यस वेलाका साहू महाजनहरू कोही

गोग्राहा र कोही भारत (मुगलान) को फारबेस गंजतिर गई बसे । त्यस वेला मोरङमा ज्यादै औलो लाग्दथ्यो । बाहिरबाट आई बस्नेहरूमा औलो पच्नेचाहिं खेती गरेर मालामाल हुन्थे, औलो न-पच्नेचाहिं क्यै दिनमै परमधाम जान्थे । कहावत छ कि "मोरङमा एक रु० को चामल किन्यो र त्यहीं बसी खायो भने बाचुन्जेल खाएर त्यसैले किरिया गर्न समेत पुग्छ" भन्ने । तर अचेल (वि० २०२४ वि०) बस्ती धेरै भएको र जंगल फाँडिई साफ भएको-ले र मलेरिया-निवारण अमेरिको कार्य चालू हुनाले औलोको डर छैन । यहाँको जनसंख्यामध्ये सयकडा ४० थारू, ३० राजवंशी, बाँकी ३० मा बाहुन, क्षत्री, नेवार, मारवाडी, बिहारी, बंगाली, मुसलमान छन् । यसको क्षेत्रफल ८१८ वर्गमील र जनसंख्या ३ लाख ९ हजार छ । गोग्राहा (विराट-नगर) जान भारतको जोगबनी स्टेशनमा उत्रनु-पर्छ ।

उब्जनी—धरानपट्टि डुंगा बालुवा मिसिएको ठाउँमा पाखा-बारी मकै, कोदोको खेती हुन्छ । चारकोशे झाडीमा [illegible] मिल्दो र अरू जात जातका

रूखहरू छन् । यस जिल्लामा धेरै धान, सन (पाट), तोरी, उखु, खेसारी, मुसुर र बलौटे ठाउँमा केही गहुँ उब्जन्छ । यस जिल्लाको चारकोशे झाडीमा चाँदमरुवा भन्ने ओखती पाइन्छ । यो मगज बिग्रेका-लाई खुवाउँछन् । भारतांतर वनौषधिको निकासी हुन्छ ।

उद्योगधन्धा—जोगबनी स्टेशनको नजीक ठूला-ठूला जूट-मिल, कटनमिल, म्याच (दियासलाई) फ्याक्टरी, केमिकल, प्लाइवूड, चीनी बनाउने काम हुन्छ । त्यसमा हजारौं मानिस काम गर्छन् । लेटाङ तर्फबाट विद्युत्-शक्ति निकाली शहर र मिल-एरिया-लाई उज्यालो पारेको छ । डिजेल तेलद्वारा चार हजार घोडाको पावर (शक्ति) निकाली कारखाना चलाएको छ । कोशी योजनाबाट बिजुली पाएपछि यो जिल्लामा झन् बढी उद्योग धन्धाको विकास हुनेछ ।

धार्मिक स्थान—सप्तकोसी र कोकाहा नदीको संगममा वाराह क्षेत्र छ । त्यहाँ श्रीवराह भगवान्को प्रसिद्ध मन्दिर छ । कार्तिक शुक्ल पूर्णिमाभरि मेला लाग्छ । यहाँको जंगलमा रुद्राक्षका रूख धेरै छन् ।

वाराह क्षेत्रको नगीचै चतरा मठ छ। चतरामा अघि सेनवंशी मकवानपुरे राजा बसेका थिए भन्छन् रामधुनीमा मूढो आफै सरी सरी बल्दछ, कहिल्यै निभ्दैन भन्ने जन-विश्वास छ। धरानको विजयपुर डाँडामा दन्तकाली र पिण्डेश्वर महादेवको स्थान छ। नजीकै बूढा सुब्बा भन्ने ठाउँमा लिम्बूहरू र अरू मतवालीहरू पूजा गर्दछन्। यहाँको बाँसको टुप्पा हुँदैन।

मुख्य बस्ती विराटनगर—

यो एक प्रमुख औद्योगिक शहर हो। भारतको जोगबनी रेल्वे स्टेशनबाट करीब तीन माइल उत्तरमा छ। उहिले यसलाई गोग्राहा भन्थे। वि० १९७३ सालमा श्रीकेशरसंशेर दौडाहा जाँदा यसको नाम "विराटनगर" भन्ने राखेको हो। यहाँ गोश्वारा, माल, जिल्ला अदालत, पूर्वाञ्चल उच्च अदालत, अपील, बैंक, अस्पताल, हाईस्कूल, कलेज, हुलाक, विमान-बिसौना आदि छन्। यो बजार करीब दुई मील लामो छ। यसको नजीकै कैयौं कारखानाहरू छन्। मुख्य [illegible] तोरा, धोका, कपडा, धागो, चीनी, [illegible]

प्लाइवूड आदि तयार हुन्छन्। यहाँबाट यिनै चीज र आलु, सुन्तला, रुद्राक्ष, चिराइतो निकासी हुन्छ।

धरान—विराटनगरबाट १४ कोश उत्तरमा विजयपुर डाँडाको फेदीमा रहेको बजार हो। यसको दुइ भाग छ। पुरानो बजारलाई चन्द्रनगर र नयाँ बजारलाई जुद्धनगर भन्दछन्। सडक अति फराकिलो छ। ब्रिटिश सरकारको खर्चले विराटनगरदेखि यहाँसम्म पिच सडक बनेको छ। घरहरू सबैजसो काठै-काठले बनेका बरण्डावाला छन्। भ्याल ढोका रंगी-चंगी पारेको हुन्छ। नेपालको पूर्वी पहाडबाट मधेश झर्ने मुख्य ढोका यही हो। यहाँ पहाडका मानिसहरू आलु, सुन्तला, जड़ीबूटी, लाहा, अलैंची, तेजपात, कागज बेच्न ल्याउँछन्। शुक्रवार र शनिवार ठूलो हाट लाग्छ। यहाँ हाईस्कूल, गर्लस्कूल, कलेज, त्रिभुवन महाविद्यालय, टेलीफोन, हुलाक, अस्पताल बैंक, बिजुली आदि छन्। यसको पूर्वपट्टि डाँडामा विजयपुर गाउँ छ। त्यहीं पिण्डेश्वर महादेव र दन्तकालीको मन्दिर छ। धरानको नजीकै घोपा ब्रिटिश रिक्रूटिंग क्याम्प छ।

रंगेली—बक्राहा नदीको किनारमा रहेको वि० १९७१ सं० भन्दा पहिलेको मोरङको पुरानो बजार हो। यहाँबाट धान, पाट भारतको फार्बेशगंज मै निकासी हुन्छ। अचेल यहाँ हुलाक, ठाना, छोटी बजार अड्डा छ।

हरैंचा—विराटनगरबाट पूर्व उत्तरमा छ। बिहीबार हाट लाग्छ। यहाँ हात्तीसार, रेञ्जर आफिस, चौकी छ।

चतरा—यो धरानबाट पश्चिममा छ। यहाँ एक मठ छ। हाल यहाँ कोसी ड्याम प्रोजेक्टको आफिस बसेको छ। यहाँबाट २ कोश उत्तरमा बराह क्षेत्र छ।

वाराहक्षेत्र

बाराहक्षेत्र जानलाई सोझो बाटो उही जोगबनी स्टेशनमा उत्री १ कोश पूरा हिंडेपछि गोग्राहा (विराट-नगर) बाजार आउँछ। गोग्राहा बजारबाट १२कोशमा चतरागढी, चतराबाट २ कोशमा बाराहक्षेत्र पुगिन्छ। सुबिस्तार गोग्राहा बजारबाट २॥ कोशमा बूढी नदी आउँछिन्, त्यहाँबाट ३॥ कोशमा मौजे नरभास आउँछ, मौजे नरभासैबाट ६ कोशमा हिमालयको पादमूल सप्तकोशी नदीका किनार का चतरागढीमा पुगिन्छ।

यहाँ सप्तकोशी नजीकै हुँदा प्रायः कोशीकै पानी खान्छन् । कोशीमा नुहाउँदा नाभिपर्यन्त पानीमा पस्नु हुँदैन, बालुवामा गाडिदै गएको आफूलाई थाहा हुँदैन, तसर्थ धेरै बेर पानीमा बस्न ठीक छैन । यहाँ भान्साको सामग्री आदि चीजबीजहरू सबै किन्न पाइन्छ । यहाँ बरहीहरू टहलुवा भएका औलिया बाबाको दर्शन हुन्छ, यहाँ जो जात्रू बसे पनि बरही नै टहलुवा हुन्छन् । औलियाजीबाट ८ कोशमा अर्चले आउँछ । अर्चलेबाट पाउभरमा जुगपाखरी आउँछ, त्यहाँबाट तीन पाउमा सिधुरपुच्छा आउँछ, त्यहाँबाट तीन पाउमा वाराहक्षेत्र आउँछ । यहाँबाट ३ कोश उत्तर वनसखण्डी नाथको धुनी छ । यहाँ अनेक साधु रहन्छन् । यो सत्ययुगको धुनी हो भने पनि हुन्छ । वर्षातिर साधुहरूले काँचा शालका मूढा ७।७ दिनमा काट्दा सत्ययुगी धुनीमा झोंक्दछन्, कहिल्यै पनि निभ्दैन । धुनीमा हालेका मूढा आफै मल्किँदै जान्छन् कसैले मानुपर्दैन । भन्न ता यहाँ सेता हात्तीले रातमा मूढा चोकी ल्याई राखी जान्छ भन्छन् । वरिपरि बाघ लाग्दछ । घोरका जङ्गलभित्र छ, एकलै-दोकलै जान सकिन्न । वाराहक्षेत्रका यात्रीहरू

त्यस धुनीमा केही दाउरा ठुटाठुटी फ्याँकी दर्शन गरी जान्छन् । यो दर्शनीय धुनी हो । चतरागढीमा अमला, सुन्तला बेठैगान हुन्छ । कागती, निबुवाहरू पनि बिप्र हुन्छन् । यहाँबाट वाराहक्षेत्र जान धवलागिरिको पूरा आधा कोशको उकालो चढिसकेपछि चूहीमै सूर्यकुण्डमा स्नान गरी आधा कोश उत्री वाराहक्षेत्र पुगिन्छ । चतरागढीबाट सप्तकोशीमा नाउ चढी गए बाराहक्षेत्रै पुगिन्छ । यी कोशी नदी हिमालयबाट बग्दै २२५ माइल दक्षिण उपरान्त भागलपुर तल गङ्गाजीमा मिल्दछिन् । वाराहक्षेत्रलाई कोकामुख पनि भन्दछन् । एक साधारण कदको मन्दिरमा सानू चतुर्भुज वाराहजीको मूर्ति छ । वरिपरि परखाल लागेको छ । एक बिघा भूमि जति चारै-तरफ समथर छ, उत्तरमा कोवरा नदी बहन्छिन् । यात्रीहरू यहीं स्नान गरी यहींको जल वाराहजीलाई चढाउँछन् । यहाँ कार्तिक पूर्णिमाको दिन भारी मेला हुन्छ । पूर्णिमाको ४ दिन यता ४ दिन उता ८ दिनसम्म मेला रहन्छ । यात्रीहरूलाई दुःख नहोस् भन्नाखातिर धनकुटाबाट पल्टनका सिपाहीहरू र मोरङतर्फबाट माल अमिनी आदिका हाकिमहरू पुलिसहरू लिई कमिले

जाँदा रंगेलो, रंगेलीबाट झपरतली गाउँ भई ४ कोश हिँडेपछि रतुवानदी आउँदछिन्, रतुवाबाट कृष्णानदी ३ कोशमा आउँछिन्, कृष्णा नदीबाट झापा ३ कोश पर्दछ। आकाँ बाटो कटिहार जं० बाट बरसोईको लाईन गई बरसोईबाट ४ स्टेशन पर किसनगंज ष्टेसनमा उत्री १४ कोश झाँपा पर्दछ। यो बाटो जाँदा रेल महशूल धेरै लाग्दछ तापनि खोला धेरै तर्नुपरोइन। पैले यहाँ कचहरीहरू थिए, अब ती भद्रपुर सारिए। यहाँ धान कुट्ने, तेल पेल्ने कलहरू छन्।

यो झापा नेपाल राज्यको एकदम पूर्वपट्टि रहेको जिल्ला हो। अघि यो मोरङ्गभित्रै पर्दथियो। हाल यसलाई छुट्टयाइएको छ। यो जिल्लामा धेरै राजवंशीहरू छन्। यसको जनसंख्या ८०२५२ र क्षेत्रफल ७१८ वर्गमील छ।

यसको उत्तर भागमा चारकोशे झाड़ी र दक्षिण पूर्वपट्टि राजगढ हल्दीबारी पर्दछ। भद्रपुरको दक्षिण कलिया गंज आँखोसम्म सालको घना जंगल छ। यहाँ रतुवा, गेउरिया, कुस्नी, सुससुसे, कनकाई, घाग्रा, देउनी, तिमाई आदि नदीहरू झोरतर्फबाट निस्की

दक्षिणतिर बग्दछन् । यहाँको हावापानी अझै पनि खराबै छ । यहाँ बर्खा ८० इञ्चभन्दा बढ्ता पानी पर्छ । मलिलो माटो भएकोले तेलहन, बर्खे, हिउँदे अन्न, सन प्रशस्त उब्जन्छ । यहाँको सनपाटको लुगा प्रसिद्ध छ ।

भद्रपुर—यस जिल्लाको यो सदर मुकाम हो । यो निकै उन्नति पथतिर बढ्दै छ । यहाँ धानका मिल, तेल पेल्ने कलहरू, गोश्वारा, माल,अदालत, फरेष्ट डिभिजन, बजार अड्डा, हाई स्कूल आदि छन् । यहाँ अन्तर-राष्ट्रिय विमान-विसौना बन्दै छ । यहाँबाट चामल, धान, पिना, तोरी, सन आदि निकासी हुन्छ ।

झापा जिल्लाका अरू मुख्य बस्तीहरूमा—कीचकबध, शिलमिलिया, शनिश्चरे, धुलाबाड़ी, अनारमनी, आठमौजाहरू उल्लेखनीय र दर्शनीय छन् ॥

धुलाबाडी—धुलाबाडीमा जानलाई कटिहार जङ्कशन, बरसोई जङ्कशन, सिलीगुरी जङ्कशन भै जानुपर्दछ । सिलीगुरी जङ्कशनबाट नक्सालबाडी बजार ९ कोश, त्यहाँबाट धुलाबाडी ३ कोश पर्दछ । धुलाबाडीमा बजारअड्डा, पुलिसका चौकी ठानासमेत २ अड्डा

छन्। बजार बढ्दै गएको छ। मोरङका ४ बजारमध्ये-माको १ बजार हो। यहाँको पानी जस्तो खराब पानी काहीं छैन। नालको पानी जस्तो रङ्ग छ। १ गिलास पानीमा १ मासा तेल पक्का छ भनेजस्तो देखिन्छ। एक किसिमको कालापानी भने हुन्छ। जसलाई चाँडै नै यमराजको शहर हेर्नको मन छ उसले धुलाबाडीमा उनाउ गई १।२ वर्ष बस्नु। झाँपाबाट गएका पन्तमा झाँपाबाट चकचको २ कोश, चकचकीबाट कञ्चनपुर २ कोश, कञ्चनपुरबाट धुलाबाडी ५ कोश, धुलाबाडीबाट इलाम गौंडा १२ कोश, धुलाबाडीबाट मेची सिमाना २ कोश पर्दछ।

इलाम—भारतको घना नेपालीहरूको बस्ती भएको दार्जीलिंगको नजीक रहेको करीब चारकुने परेको यो नेपालको सुदूर पूर्वको एक इलाका हो। यसको क्षेत्रफल ५३० वर्गमील र जनसंख्या १ लाख १५ हजार छ।

४२०० फीटमाथि डाँडाको थलो परेको ठाउँमा रहेको छ। यो जिल्लाको सदर मुकाम हो। यहाँ गौंडा, माल, अदालत, अस्पताल, हाईस्कूल आदि छन्।

नजीकै चिया बगान र फ्याक्टरी छन् । यो चियाबगान-को बीचमा चियाको कारखाना, हाइस्कूलको छात्रावास र एक ठूलो पब्लिक हल बनेको छ । इलामको खुकुरी अति प्रसिद्ध छ । माईखोलामा माघे संक्रान्तिको दिन मेला लाग्छ र पाखी, चट्टी, गलैंचा, अंडी बिक्री हुन्छ । दार्जिलिंगदेखि यहाँसम्म मोटर चल्छ । गोर्खे, फिक्कल, नामसालिंग, पशुपतिनगर, कफोंक, माइपार, पुवापार, फाकफाक, दशमझिया, सञ्चरे आदि इलामका अरू बस्ती हुन् ।

इलाम जानलाई दार्जिलिंगभन्दा वल्ला घूम भन्ने स्टेशनमा उत्री २कोश हिंडेपछि सुखिया बजार आउँछ । त्यहाँबाट २ कोश हिंडेपछि गोरखा सदरको माने-भन्ज्याङ चौकी आउँछ, त्यस चौकीबाट ७ कोश गए-पछि इलाम आउँछ, यहाँ ज्यादा जाडो (ठण्डा) धेरै पनि छैन गर्मी पनि छैन, औलो लागदैन, कुइरो ज्यादा लाग्ने पानी परिरहन्छ, हिउँ पर्दैन । यहाँदेखि उत्तर तुंलीङ भन्ने ठाउँदेखि हिउँ पर्दछ । यस इलामलाई पूर्व-तिर (पट्टि) बाट माइखोलाले फेरि पश्चिमतिरबाट पुवारखोलाले बेहेको हुँदा टापू जस्तो पर्न गएको छ,

परेको पानी रहन पाउँदैन । खोलामा पुगिजान्छ, यहाँ माईको थान र नारायणको मंदिर, सानू बाजार पनि छ । यहाँ बाट १ कोश दक्खिन (कर्णेल हर्कजङ् साहेब) को बर्वैचा छ । यहाँ औलो लाग्दछ, इलाम-बाट ३ कोश उत्तर सोक्तिमा चीयाकमान भन्ने चीया-बारी छ, चीया बनाउने कल समेत छ । यहाँ म्यानेजर रहन्छन् । ईलामका खुकुरीको बडो बयान छ । अझ खुकुरीभन्दा खुकुरीका बिंडको अनर्थ बयान छ । ईला-मदेखि केही पर पूर्व र उत्तरका कुनानेर माईखोलामा माघेसंक्रान्तिमा ठूलो मेला लाग्छ। काम्ला, पाखी, राडी, चट्टी, गलैचा, अंडी (मुलायम) खासा खादी भोटे घोडा, बडवान आदि बिक्न आउँछन् । यतातिर मकैका चाम्लाको भात खान्छन् । ईलामबाट धुलाबाडी १२ कोश पर्दछ । पूर्व मेची २ कोश पर्दछ । यताबाट दार्ज-लिङ ११ कोश छ तापनि पाहाडको बाटो हुँदा २ दिनमा पुगिन्छ ।

सप्तरी

यो नेपालको ज्यादै उब्जनी हुने जिल्ला हो । यसको क्षेत्र-फल ९१२ वर्गमील र जनसंख्या ४ लाख ३२ हजार छ ।

हनुमाननगर—अघि यो सप्तरीको सदर मुकाम थियो । हाल

कोशीको बाढीले गर्दा सदर मुकाम राजबिराजमा सारिएको छ। राज-बिराज—हनुमान नगरबाट—चार कोश उत्तर-पश्चिममा छ। यहाँ गोश्वारा, सप्तरी जिल्ला अदालत, अपील, बजार-अड्डा, हुलाक, अस्पताल, फरेष्ट आफिस, स्कूल, कलेज आदि छन्। धान, सुन्तला, आलु, घिउ, तेजपात आदि भारततर्फ निकासी हुन्छ। राजविराजको मातहतमा कोईलाडी, सखुवनी, बरमझिया, तिलासी, फत्तेपुर, बैरवा आदि पर्छन्।

छपकी—हनुमाननगरबाट ३ कोश पर छ। यहाँ पौष पूर्णि-माको दिन कोसीधाम मेला लाग्छ। सो मेला २० दिन-सम्म रहन्छ। यहाँको बजार-अड्डामा निकै आम्दानी हुन्छ। यो अघि पोखरेलहरूको बिर्ता छँदा बडो उच्चकोटिको रहन-सहनवाला थियो। यहाँका बगैचामा हरेक किसिमका फल-फूल पाइन्थे।

सिरहा—हनुमाननगरबाट १८ कोश पश्चिममा पर्छ। भारतको जयनगर स्टेशनबाट अढाई कोश उत्तर पर्छ। यहाँ माल, जिल्ला अदालत, हाईस्कूल, टेलीफोन, एक्सचेञ्ज हुलाक आफिस छन्। चन्द्रगञ्ज, लाहानबजार सिरहा-मातहतका मुख्य बस्ती हुन्।

सिराहाबाट जलेश्वर १० कोश, जलेश्वरबाट कटहरवन १८ कोश, कटहरवनबाट वीरगञ्ज १४ कोश, वीरगञ्जबाट हनुमानढोका ३१ कोश, हनुमान ढोकाबाट हनुमाननगर ९२ कोश अघिको (वि० २,००० सालभन्दा पहिलेको) बाटोको हिसाबले पर्दछ।

सिरहा मालका पश्चिमतिरका कुवाको पानी मीठो छ, सिराहा-बाट उत्तर उदयपुर गढी १८ कोश, सिधुली गढी २० कोश पर्दछ। सिराहाबाट भलवाई १॥ कोश छ। भलवाईबाट सारसोर पाउभर

पर्दछ । यहाँ सारस्वरनाथ छन् । यो मौजा गूठी हो । अघि यहाँका महन्त रामगिरि स्वामीका पालामा जफत भै सरकारबाट तहसील हुन्छ । ६०० अन्दाजी रुपियाँ पाई पूजा चलाउँछन् । अहिले पनि पूजाहारी गिरिहरूनै छन् । यस सारसोरमा मोटा कपड़ा किनुपर्‍यो भने आइतवार बुधवार (हाट) बजार लाग्दा किन पाइन्छ । यहाँका बधैचाका तलाउदेखि उत्तरका कुवाको पानी मीठो छ । पदमपुर अघि बाहुनको बीरता हो । अहिले सरकारी रैकर छ । गुदीगाल, मिचैंया, ओरी, बरियारपट्टी, झारपट्टी सिरहाका आस-पासमा पर्दछन् । सिराहाबाट १ कोश पश्चिममा कमला नदी छन् । कमलाका हावा पानीले यो ठाउँ स्वास्थ्यकर छ । सिराहामा शनिश्चरवार र मंगलवार हाट (बजार) लाग्दछ, सिराहाबाट ईशान-तिर गोविन्दपुर, भगवानपुर भन्ने गाउँ छ । सिधुलीगढी, उदयपुर, सारसोर, भलवाही र सिराहातिरका मानिसहरू काशी जाँदा जयनगर स्टेशनबाट बनारस सिटीको टिकट ली मधुबनी, सकरी जङ्कशन, दरभङ्गा जङ्कशन, समस्तीपुर जङ्कशन, मुजफ्फरपुर जङ्कशन, सोनपुर जङ्कशन, छपरा जङ्कशनमा भै बलिया हुँदै काशी जान्छन् ।

महोत्तरी

मदेश–तराईका जिल्लाहरूमध्ये यो एक प्रमुख जिल्ला हो । यसको क्षेत्रफल ८१९ वर्गमील र जनसंख्या ४ लाख ३३ हजार छ ।

सिमाना—उत्तर–सिंधुली; पूर्व–उदयपुर गढी, कमला नदी र सप्तरी; दक्षिण–भारतको दरभङ्गा र मुजफ्फरपुर जिल्ला; पश्चिम–मघानदी, सर्लाही छ ।

प्राकृतिक स्वरूप—उत्तर सिमानामा कमलानदी; पूर्व दक्षिण

हानिई उदयपुर गढीवाट बगी आएको तावा खोलासँग त्रिवेणी घाटमा कमला खोंचनेर चिसापानी भन्ने ठाउँमा मिसिई दक्षिणतर्फ जिल्लाको पूर्व साँध भई बगेको छ। उत्तर चूरेको झोरतर्फबाट बेलाउनी, अमरी, कोह, हर्दीनाथ, जलाधर, घागर, बिगही, रातू, जङ्गी, जमुनी र मघा आदि नदीहरू दक्षिण हानिई बगेका छन्। उत्तर भेकमा चारकोशे झाडी नामको प्रसिद्ध निपाने घना जङ्गल थियो, अब आबाद हुँदै गएको छ। आबादी बढ्दै गएकोले निपानेपन पनि कमी हुँदै गएको छ।

यस जिल्लामा साउन, भदौमा ४०" देखि ६०" सम्म पानी पर्छ। यहाँ बलिलो माटो, खेतीलाई पुग्ने प्रशस्त पानी र तापक्रम ठिकको भएकोले यस जिल्लाका खेतमा प्रशस्त अन्न उब्जन्छ। गहुँ, जौ, उखु, मकै, सुर्ती, चना, केराउ, आलु, तेलहन यहाँका मुख्य उब्जनी हुन्। यस जिल्लामा प्रशस्त सुर्ती उब्जने भएकोले नै जनकपुर धाममा चुरोट कारखाना स्थापित भएको हो।

जनकपुर धाम—यो महोत्तरी जिल्लामा रहेको एक प्रमुख स्थान हो। यहीं श्रीरामचन्द्रजीले शिवजीको धनुष भाँची सीताजीसँग बिहे गरेका थिए। यहाँ श्रीराम र जानकीका दुइ अति राम्रा मन्दिर छन्। यहाँ धनुसागर र गङ्गासागर नाउँका दुइ तीर्थ तलाऊ छन्। अरू पनि घेरै कुण्डहरू छन्। यो धनुषा विकास जिल्लामा परेकोले यहाँ माल, अमिनी, बैङ्क, कालेज, अस्पताल, टेलीफोन, विमान-बिसौना र अरू पनि लघु उद्योगका कारखानाहरू छन्। धनुसागरको दक्षिणपट्टि विशाल बि. डी. धर्मशाला छ।

यहाँ सालाना २ अरब खिल्ली चुरोट बनाउने कारखाना पनि

छ। धान कुट्ने, तेल पेल्ने, पीठो पीध्ने कारखानाहरू पनि छन्। भारतको जयनगरदेखि जनकपुरसम्म 'जनकपुर जयनगर रेल्वे' पनि छ। रेल्वेको हेड आफिस खजुरी महुवामा छ।

यहाँको जानकीजीको मन्दिर टीकमगढ़की रानीले लाखौं रु० खर्च गरी बनाएकी हुन्। जनकपुरमा चैत्र शुक्ल रामनवमीमा र मार्ग शुक्ल पञ्चमीमा ठूला ठूला मेला लाग्छन्। यसै पञ्चमीमा रामले सीतालाई बिहे गरेकोले यो मेला विवाह-पञ्चमीको मेलाको नामले प्रसिद्ध छ। जनकपुरको बिहार-कुण्डमा र यहाँबाट चार कोश दक्षिणपट्टि मटिहानी भन्ने ठाउँमा अचार्यसम्म पढाइ हुने संस्कृत महाविद्यालयहरू छन्। यी दुवै विद्यालयहरू त्यस त्यस ठाउँका मठद्वारा संचालित छन्। जनकपुरमा ५४ विद्यार्थीलाई र मटिहानीमा १०८ विद्यार्थीलाई खवाउने छात्रवृत्ति र आवासको प्रबन्ध छ।

यसै जिल्लामा पर्ने धनुषामा रामचन्द्रले जनकपुरमा भाँचेर फ्याँकेको धनुषको मन्दिर छ। यहाँ माघ महीनाभरि मेला लाग्दछ। झपौलमा हात्तीसार र भमरपुरामा फरेष्ट (काठमहल) अफिस छ। हाईस्कूल र ससाना स्कूल धेरै ठाउँ छन्। सबेला, रघुनाथपुर, खजुरी, चिसापानी, गोशाला, ठेरा, महेन्द्रनगर यहाँका मुख्य बस्ती हुन्।

जलेश्वर—जनकपुरबाट चार कोश दक्षिण, मटीहानीबाट एक कोश पश्चिम छ। यहाँ जलेश्वर महादेवको मन्दिर छ। यहाँ गोश्वारा, माल, जिल्ला, अदालत, टेलीफोन, ब्यारेक, तेजारथ, अस्पताल, बजार अड्डा आदि अफिस छन्। यहाँ लुगा धुने सोडा पनि बनाइन्छ। यसको नजीकै परकौलीमा मेलेटरी ब्यारेक छ। यहाँ पाठशाला, स्कूल, वाचनालय आदि पनि छन्। यहाँको बजार र बस्ती राम्रो

छ । यहाँका अदालतका मातहतमा पर्ने मुख्य वस्ती—रतवाडा, मनराकट्टी, वलुवा, सरपलुवा आदि हुन् ।

जलेश्वरबाट उत्तर ३ कोश भमरपुरा छ, भ्रमरपुरदेखि पश्चिम विरजा नदी छन्, यिनलाई कृष्णजीकी रानी हुन् भनी भन्दछन् । जनकपुरको पंचकोशीको साँध हो । यहाँबाट पूर्व २ कोश जनकपुर पर्दछ । जनकपुररोड (पुपुरी) बाट ठेरा १० कोश ठेराबाट रतवाडा १ कोश रतवाडाबाट अन्दाजी २॥ कोश मनहरा, मनहराबाट सरपल्लो १ कोश, साँढा-जास्त भन्ने गाउँ पनि छ । मनहराबाट शुडशहर ४ कोश, शुडशहरबाट जनकपुर रोड ६ कोश पर्दछ । यस तरफका गाउँका मानिसहरू काशी जाँदा सुरसण्डबाट मुजफ्फरपुरसम्म मोटरमा आई अनि मुजफ्फरपुरबाट रेलमा चढी सोनपुर जङ्कशन, छपरा जङ्कशनबाट बलिया हुँदै बनारस सिटी जान्छन् । जलेश्वरको ठेकाना :—नेपाल तराई जलेश्वर पो० आ० सुरसन्ड, जिला मुजफ्फरपुर भनी लेख्नू ।

सरलाही

उत्तर—सिंधुली गढ़ी; पूर्व—महोत्तरी; दक्षिण भारतको मुजफ्फरपुर जिल्ला र पश्चिम वागमती नदी सिमाना भएको; क्षेत्रफल ५७५ वर्गमील र जनसंख्या १ लाख ६६ हजार रहेको यस सरलाही जिल्लाको उत्तरी भाग पहाडी र दक्षिणी भाग मैदान परेको छ । यसमा मघा, बाकी, ठकुरी, नीम, लखन्दा, मनुसमारा र वागमती नदी उत्तरबाट दक्षिणतर्फ बगेका छन् । यहाँको हावापानी ठीकैको छ । यहाँ पनि महोत्तरीमा जस्तै उज्जा बाली हुन्छ ।

यस जिल्लाको मुख्य बस्ती मलंगवा हो । यहाँ माल, अदालत, टेलीफोन, तेजारथ, अस्पताल, स्कूल, पाठशाला, बजार आदि छन् ।

यस जल्लाको बीच भागमा झीम नदीको किनारमा हरपुर गाउँ छ। यहाँ हात्तीसार छ।

संग्रामपुर र वसन्तपुरको बीचमा हरिपुर्वा बजार छ। यहाँ त्रिचन्द्र आयुर्वेदिक औषधालय छ। यहाँको वीर्तावजार नामी छ।

रौतहट

यो बारा जिल्लादेखि पूर्वपट्टि छ। भारतपट्टिको रेल र बाटो-घाटोको सुविस्तारले गर्दा हाल यो वीरगंज गोश्वाराको मातहतमा रहेको छ। यो आकारमा चतुष्कोण जस्तो छ। यसमा ८ प्रगन्ना र ३६० मौजाहरू छन्। यसको क्षेत्रफल ४१६ वर्गमील र जनसंख्या २ लाख १५ हजार छ। यसको सिमाना उत्तर—मकवानपुर गढ़ी; पूर्व—वागमती र सरलाही; दक्षिण—भारतका बिहार, मोतिहारी र मुजफ्फरपुर जिल्ला; पश्चिम—बारा जिल्ला हो।

यसको उत्तर भागमा चूरे पहाड र चारकोशे झाडी छ, बाँकी जग्गा सबै मैदान परेको छ। उत्तर झोरबाट धनसार खोला, दक्षिणतर्फ बगी सिम्री गाउँनेर बके खोलासँग मिसिई बारा र रौत-हटको बीचबाट बगेको छ। तल्लो भागमा टिकुलियाकटीदेखि लामखोला बगी आएको छ। वर्गदवादेखि दक्षिण यसलाई झै नदी भन्दछन्। यो वागमतीसँग मिलेको छ। चाँदी खोला पनि उत्तर-झोरबाट बगी बरियारपुरको दक्षिणतिर वागमतीसँग मिलेको छ। यस जिल्लाको माटो मलिलो र मुलायम छ। वर्षा असार, साउन भदौमा ५४" पर्छ। यस जिल्लाको जमीनमा जुद्ध नहरद्वारा पानी पटनी गरी धान, गहुँ, मकै, तोरी, सखरखण्ड, खेसारी, मसुर, बदाम, फापर, सस्यूं, आलस, रहर, धनियाँ, जौ आदि उब्जाइन्छ।

जंगलमा साल, सिसौ, सिमलका रूख र बाबियो निकै हुन्छ। यहाँको लिची प्रख्यात छ। केरा र परवर पनि निकै हुन्छ।

गौर—सरलाही जिल्लाको मुख्य बस्ती हो। यहाँ माल, अदालत, अपील, बजारअड्डा, टेलीफोन, अस्पताल, हाईस्कूल छन्।

हजमनिया—यहाँ श्री ३ चन्द्रसमसेरले बनाएको दर्शनीय हवेली छ।

कटरवन—अघि अड्डाहरू यहीं थिए। यहाँको हावापानी बहुतै बढिया छ। काबूलका अनार सेवहरूले कटहरवनका दारीम नासपातीलाई जित्न सक्तैनन्। आँपहरू बढियाँ हुन्छन्। कटहरको ता बनै छ। लिचीको १ दाना मात्र मुखमा परयो मने झिर हल्लाई हल्लाई तारीफ गर्नु पर्दछ। यहाँको पानी पहिला छ। यहाँ मुख्य वाग्मती गंगा हुँदा धर्म कर्म गर्न मर्न पनि बढिया छ। मुगलानपट्टि बरगनिया बजार ठूलो छ। यतापट्टि मालभन्दा १ कोश पर गौरबजार ठूलो छ। यस गौंडाको मालिक भै आउनु पनि अहोभाग्य छ। यहाँदेखि १ कोश उत्तरतिर काठमाहाल छ। यहाँका इनार (कूवा) को पानी अत्यन्त मिठो अमृत बराबर छ।

यहाँका अन्य बस्ती—बैरिया, कतौनी, पर्सा, समनपुर मोन्सेरी आदि हुन्। यताका मान्छे काशी, कलकत्ता जाँदा ढँग स्टेशनमा गै रेल चढ्छन्।

बारा र पर्सा

नेपाल सदरको दक्षिण पश्चिममा रहेको तराईको यो प्रमुख जिल्ला हो। यसको आकृति चारपाटे परी प० उ० र द० पू० पट्टि केही तानिएको जस्तो छ। सदर नेपाल (कान्तिपुर) बाट भारततर्फ

आवत-जावत गर्ने मुख्य चल्ती-फिर्तीको बाटो यही जिल्लामा पर्दछ। यसको जनसंख्या लगभग सात लाख, सन्ताउन्न हजार, सात सय र क्षेत्रफल ९०८ वर्गमील छ। यस जिल्लाको उत्तर—कान्द्राङ गढी, मकवानपुर जिल्ला; पूर्व—रौतहट; दक्षिण–चम्पारण (भारतको); पश्चिम चम्पारन र चितवन जिल्ला पर्दछ। बारा र पर्सालाई सिर्सिया नदीले छुट्ट्याएको छ।

पर्सापट्टि दोहराम, बखरिया, सिक्ता, तिलाउ; पर्सा र बाराको बीचमा सिर्सिया; बारापट्टि—बंगरी, परसा, शक्ति तियार, जमुनी, अनरुवा, बचेक आदि नदीहरू चूरेका झोरबाट निस्की उत्तर दक्षिण बगेका छन्। चूरे यो जिल्लाको उत्तरपट्टि चारकोशे झाडीको बाद पर्छ। यस जिल्लामा असार, साउन, भदौमा निकै पानी पर्छ।

झोरिलो जग्गामा गर्मी र पानी धेरै पर्ने हुनाले उत्तरको भागमा किसिम-किसिमका रूखका जंगल छन्। दक्षिणी भागमा मलिलो माटो र वर्षामा पानी पनि प्रशस्त पर्ने हुनाले धान, गहुँ, चना, तिल, उखु अधिक र अरू बाली समान्य उब्जाइन्छ।

वि० सं० १९८३ साल फागुन ५ गते चन्द्र संसेरले खोलेको अमलेख गंजदेखि रक्सौलसम्मको ३० मील लामो रेल्वे यसै जिल्लामा पर्दछ।

बीरगंज—बारा जिल्लामा पर्दछ। यो बारा पर्सा दुवै जिल्लाको सदर मुकाम हो। यहाँ बडाहाकिम रहन्छन्। यहाँ गोश्वारा, माल, बीरगंज जिल्ला अदालत, बजार अड्डा, काठमहाल, टेलीफोन, अस्पताल, हाईस्कूल, गर्ल-स्कूल, कलेज रहेका छन्। नेपाल गभर्नमेन्ट रेल्वेको हेड क्वाटर यहीं पर्छ। नेपालबाट बीरगंज, बीर-गंजबाट हजमनिया हुँदै टेलीफोन लाइन पूर्वतिर गएको छ।

वीरगंजबाट एक कोश दक्षिण भारतमा N. E. रेलवेको जङ्कशन छ। यहीबाट बीरगंज, अमलेखगंज, हेटौंडा, भैंसे, थानकोट हुँदै ८० मील लामो त्रिभुवन राजपथ कान्तिपुर (काठमाण्डू) पुगेको छ। वीरगंजमा बनेको फलामे ताप्के देशभर प्रसिद्ध छ। यहाँ हाल सलाई, चुरोट, धागो कात्ने कारखानाहरू खुलेका छन्। नेपालको भारत र समुद्र पारसँग हुने व्यापार यही बाटोद्वारा हुन्छ। नेपालको सबैभन्दा ठूलो चीनी कारखाना यहीं छ। वीरगंजलाई नेपालको ढोका भने हुन्छ।

अमलेखगंज—यो बारा जिल्लामा पर्दछ। श्री ३ चन्द्रसमशेर-बाट १९८२ वि. सं. मा करियाहरू अमलेख भएका उपलक्ष्यमा रहेको हो। अघि यसलाई भिछाखोरी भन्दथे। यसको नजीकै सिमरामा 'विमान-बिसौना' छ।

कलैया—पूर्वपट्टिको एक बस्ती हो। यहाँ एक बजार पनि छ। यहाँ अदालत, माल, हुलाक, गोपाल बाल ब्रह्मचारीले १९९६ वि. सं. मा स्थापना गरेको सिद्धेश्वर संस्कृत विद्यालय र सिद्धेश्वर महादेवको मन्दिर छ। यहाँको बजार र बस्ती बड़ो राम्रो छ। आधार स्कूल गाभिएको एक हाइस्कूल छ। धान कुट्ने र तेल पेल्ने मिलहरू छन्। वि. सं. १९९७ सालमा पं० नीलहरि ढकालले अत्यन्त लोकप्रिय 'छोरीलाई अर्ती' १५६ श्लोकमा यहीं बसेर लेखेका हुन्।

पर्सा जिल्लाको उत्तर बीच भागमा रामभेरी छ, यहाँ हात्ती-सार छ।

हनुमानगंज, परसौनी, बरेवा, अलौ, महादेवपटी यहाँका मुख्य बस्ती हुन्।

पाल्ही माझखण्ड

(बुटौल र पाल्ही)

उत्तर—पाल्पा जिल्ला; पूर्व—नारायणी नदी; दक्षिण—उत्तर प्रदेशको गौंडा र बस्ती जिल्ला; पश्चिम खजहनो ।

पाल्ही जिल्लाको उत्तर भाग पहाड़ी र झोर परेको छ । माझ-खण्डपट्टि चाहिं सबै समथर जग्गा छ । करीब सबै जग्गा मलिलो माटोवाला उब्जाउ छ । तिनाउ नदी र यसको भँगालो फाटी गएकोले धेरैजसो माझखण्डको जग्गा सिंचिएको छ । परासीपट्टि पनि उत्तर चुरे पहाड़तर्फबाट र पहाड़का स्रोतहरूबाट झरुवा, रोहिनी आदि निकै नदी नाला बगी जमीन सिंचेका छन् । यसैले यहाँ प्रशस्त धान, गहुँ, मकै, तोरी आदि सबै किसिमका अन्न, तेलहरू उब्जन्छन् ।

यस जिल्लाको मुख्य बस्ती भैरहवा हो । यसलाई पहिले बेथरी भन्दथे । यो यस जिल्लाको सदर मुकाम हो । यहाँ गोश्वारा, माल, अमिनी, ठाना, अस्पताल, हुलाक आदि छन् । पाल्पा यही बाटो भई जानुपर्छ । यसको स्थिति वीरगंजको जस्तै छ ।

बुटौल—यो यस जिल्लाको मुख्य बजार हो । यो पहाड़को फेदीमा तिनाउ खोलाको किनारामा बसेको छ । पाल्पातर्फबाट घीउ आदि लिएर आउने सबै पहाडियाहरू यहीं झर्छन् । यहाँबाट आफूलाई चाहिने जिनिस लिएर जान्छन् । बुटौलको घीउ भारतमा ख्यातिप्राप्त छ । यसको स्थिति पूर्वको धरानको जस्तै छ ।

परासी—यो पाल्ही जिल्लाको सदरमुकाम र बजार हो । यहाँ माल, अमिनी, बजारअड्डा, अस्पताल, ठाना, हुलाक छन् ।

शिखरनाथ आफ्नू समयको कुरो लेख्छन्—पाल्ही परासी जान-लाई रक्सौल ष्टेसनबाट बघाहाघाट स्टेसनको टिकट ली नरकटिया-गंजमा रेल बदली बगाहा घाटमा उतार्दछ, तहाँबाट नाउ चढी पारी छितौनी घाटमा उतार्दछ, तहाँबाट टिकट ली शिशुवा बजारमा उत्री असल ठाउँमा बसी दिशा स्नान भोजनादि गरी जाने बन्दो-बस्त गर्नुपर्दछ। यहाँ सवारीको दुःख छ, मौकाले मात्र टट्टू बयल गाडाको सवारी मिल्दछ। शिशुवा बजारबाट ६ कोशमा निचलौर ठाना आउँछ। तहाँबाट ३ कोशमा पोष्ट आफिस ठुटीवारी (ठाना) समेत आउँछ, तहाँबाट आधा पाउ खोला पारि अमानीगंज नेपाली चौकी आउँछ। तहाँबाट ३ कोशमा पाल्ही परासी माल आउँछ। मालमा सुब्बा १, मुखिया १, नायव मुखिया १, नौसिन्दा २, सुबेदार १, तहबिलदार १, हवलदार १, जमदार १, सिपाही ३७, बन्दूक २० नाल रहन्छ। तौल्ने सेर मन आदि ढकहरू र जग्गा नाप्ने जंजीर ९ हातेसमेत तयार रहन्छन्। धर्म-भकारीमा धान अन्दाजी २६ हजार मन रहन्छ। चरा, मुसाका निंति मिनाहा सय मनको ५ मन मिल्दछ अरू नोक्सानी परेको हाकीम (सुब्बा) साहेबले बुझाउनुपर्दछ। सुब्बालाई भय हुने भकारी नै छ, हाकीम-लाई भनी ल्याएका सरसलामी, दै-दस्तूर दियाकोमा लालचा गऱ्यो भन्या ५ मिनेट सिवाय सुब्बाङ्गी चलाउन पाउँदैनन्। अड्डामा आई बहाली गरेका ७ दिन भित्रमा ३ पुस्ते खानगी समेत खोली मदेश बन्दोबस्त मार्फत जाहेर गरी कीताबखानामा दर्ता भई आया पछि खानकी खान पाउँछन्। हाकीमदेखि सुबेदार कारिन्दासंमको हुलिया (चिह्न) र दरजा नाम पुस्ता समेतको किताब बनाई गोश्वारा

मार्फत जाहेर गरनू परदछ। बकौता रहे हाकीमले बुझाउनू परदछ, हाकीमले मानीस भर्ती गरदा तहरीरलाई नातेदार भरना गरनू र अरूमा आफना कमारा आदि समेत भरना गरन पाउँदैनन्। आमदानी खर्चको १५ दिनको १५ रोज १८ गतेका दिन हुलाकमा बुझाई भरपाई लिनू परदछ। २ हजार देखी बढी महजुदात राखे हजारका १ रू० का दरले १५ रोजा मियादमा दाखील नगरे कंरू १५ र महीना दिनको आमदानी खर्चको मास्केबाट गोश्वारा आमदानी खर्च आर्का महिनाका ३ गतेमा हुलाकमा नबुझाया कंरू ५ ले जरिबाना हुन्छ १० दिनको १० रोजा ११ गतेका दिन हुलाकमा दाखील गरनू परदछ, आयाका रकम-रकमका आमदानीको तहवीलदारले लम्बरैसित लम्बर उठाई चलानी र रकमका रुपिआको लम्बरैसित आम्दानी चढाई श्रेस्तामा दिनु परदछ। मालका सीपाही-हरूले कालै फेटा कालै दौरा सुरुवाल लाउनू परदछ नोट साटी नेपाल चलान गरनू परने कायदा ५ हजारको १ तोडा हुन्छ, १ तोडामा १ मन २३ सेर हुन्छ, पाल्हीबाट परासी २ कोश पर्दछ। माल हुलाक-अड्डा अमिनी वनजाँच आदि कचहरी छन्, परासीबाट ८ कोश पूर्व त्रिबेनीद्वार काठमहाल छ सो त्रिवेणीमा माघे औंसीका दिन भारी मेला लाग्दछ; त्यहाँदेखि पारि सुनानदी पचनानदी त्रिबेनीमा मिलेकी छन्। पचनानदी पूर्व मुगलानमा बाह्रमासे जुवा खेल्छन्। तहाँदेखि केही पश्चिम सुनानदी पारि वीरगंज अमिनीको चौकी छ त्यहाँबाट १ कोश पूर्व उत्तरका कुनामा जटाशङ्करको मंदिर छ पचनानदीदेखि पर २१ खंपाटको ठुलो नारायणीको नहर रामनगरतिर गएको छ त्रिवेनी वारि काठमहालद्वारदेखि केही माथि पहाडमा वालपुरीको अखण्ड

धुनी छ। तहाँ वरिपरिको जङ्गल निज बालपुरीलाई सोही धुनी बापत माफी छ। तेस जङ्गलको लकडी कसैले काट्यो भन्या सोही धुनीका महन्तले रुखैपिच्छे १० रु० का दरले सजाय गरी ५ रू० अमिनीमा बुझाई ५ रु० धुनीमा जान्छ, परासीबाट ८ कोश पश्चिम बेथरीमा बडा हाकिम रहन्छन् बेथरीलाई पाल्ही माझखण्ड गोश्वारा भदन्छन्। पाल्ही परासीका कचहरीहरू बेथरीमा जाने भयाको छ, परासीबाट १२ कोश परको भगवानपुर ठाना परासीमा आउने भयाको छ भदन्छन् पाल्ही मालका ११ दप्फा भित्रको मध्ये पहाड पारि नारायणी-वारि ७ कोशको नवलपुर भन्ने दप्फा छ तहाँ गैंडाहरूको घरै हुँदा गैंडाको मुख्य सिकार यहीं हुन्छ, नारयणी घोसराघाट पारि चितउँन ईलाका परदछ, घोसरघाट दाहिने तिर ढाडरीगाउँ आउँदछ, यहाँ ढाडरीहरू मात्र छन् यताबाट नारायणीका किनारै–किनारा १ कोशमा (देवघाट) आउँदछ यहाँ माघेसंक्रान्तिमा भारी मेला लाग्दछ, चारैखूटका रुद्रपुर गढीदेखिका मानिस जमा ५०।६० हजार हुन्छन् कालीको र त्रिशूलीको दोभानमा स्नान हुन्छ, स्नानको माहात्म्य ठुलो छ यहाँ सुन्तला कमला, काम्ला, कागज, फलामे भाँडा, माड्रा धोक्रा आदि बिक्री हुन्छन्। भट्टी धेरै हुन्छन्। नाच पनि हुन्छ माघका ४।५ दिन अघिदेखि माघभर दोकान रहन्छन्। कालीका र त्रिशूलीका संगमनेर सूर्यकुण्ड छ यहाँ स्नानको पुण्य छ, कालीका र त्रिशूलीका माझमा मकुवानी राजा (मुकुन्दसेन) को घोपटो परेको मूर्ति छ। यो पाल्ही परासीको ठेकाना नेपाल तराई पाल्ही परासी पो० आ० ठुटिबारी, जिला गोरखपुर भनी लेखनू। इति ॥

त्रिवेणी—यो पाल्ही जिल्लाको एक सानो बजार हो। यहाँ बजार अड्डा र फरेष्ट आफिस छ।

रूपन्देही—यो माझखण्डको एक प्रसिद्ध स्थान हो। यहीं भगवान गौतम बुद्धको जन्म भएको थियो। अशोकले यहाँ ढुंगाको ठूलो लाट गाडेको छ। त्यसमा पाली अक्षरको लेख खोदिएको छ। अर्को लाट निग्लीहवामा छ।

खजहनी स्यूराज

उत्तरपट्टि खाँची पाल्पा जिल्ला; पूर्व—माझखण्ड; दक्षिण–उत्तर प्रदेशको बस्ती जिल्ला; पश्चिम—भारतको बहराइच जिल्ला पर्दछ।

यी दुवै जिल्लालाई जरुवा नदीले छुट्ट्याएको छ। स्यूराज जिल्लाको उत्तरपट्टि पहाडी जग्गा जङ्गलमय छ। बाँकी सबै जग्गा मलिलो माटोवाला उब्जाउ छ। खजनीको पश्चिम उत्तर पहाड र कुंवरे खोलाको आसपासमा जंगल परेको छ। बाँकी भाग उब्जाउ छ। यहाँ सुरही, चिरोही, जरवा, वाणगङ्गा, बेतेखोला आदि नदी-हरू बग्दछन्। हावा पानी असलै छ। पानी काफी पर्ने हुनाले सबै थोक उब्जन्छ। यहाँको जनसंख्या माझखण्ड समेत २ लाख ५० हजार छ।

यहाँको मुख्यबस्ती तौलीहवा हो र जिल्लाको सदर मुकाम पनि हो। यहाँ बडाहाकिम बस्तछन्। यहाँ गोश्वारा, माल, अमिनी, फरेष्ट आफिस, स्कूल, आदि छन्।

तौलिहवा

रकसौलबाट नरकटियागञ्ज भै गोरखपुर जङ्कशनबाट ११ स्टेसन परसादेखि बल्लो शोहरतगञ्जको टिकट ली तौलिहवा जानुपर्दछ।

सोहरतगञ्ज स्टेसनमा उत्री ६ कोश हिंडेपछि तौलिहवा बजार आउँछ काहार टट्टू आदिको सवारी पाइन्छ धान छउञ्जेलसंम गाडी जाँदैन। कार्त्तिकदेखि ज्येष्ठ मसान्त संक्रान्तितक चल्दछ। तौलिहवा गोश्वारा १, माल १, अमिनी १, बनजाँचअड्डा १, काठमाहाल १, हुलाकघर अड्डा १, अडीटरआफिस १, जमा ७ अड्डा छन्। पटुवारी जिमीदारी आदि ६ अड्डालाई यस आफीसले जाँच गरदछ। तौलिहवा बजार-देखि बाहिर उत्तरतरफ झेलखाना छ यहीं १ पोखरी पनि छ। बडा हाकिम रहने अंग्रेजी बङ्गला पनि छ तेसका अगाडि जङ्गी पुलिसको गारत रहने ठुलो ढोका भै सानु २ पक्की मुण्डा घर पनि छ, तेस ढोकादेखि दक्षिण तरफ भैंतलामा गोश्वारा कचहरी रहने र पूर्वपट्टि अमिनी कचहरी रहने अंग्रेजी बङ्गला बनेको छ, तेसका दक्षिणतर्फ अस्पताल छ, बडाहाकीम बस्ने घरदेखि कचहरीतक दोहोरा शिसौका रूख छन् गोश्वाराका बडाहाकीमका घरदेखि १५।१६ गजका फास-लामा मालका हाकीम रहने २ नाले २ तले झिङटीको पक्की घर छ, अलिकति पर १ नाले घरमा खभहनी माल कचहरी रहन्छ। यहाँ देखि पश्चिम १॥ कोशमा बांणगङ्गा नदी छन् बजारैमा गजराजपुरिले स्थापना गरेको ठुलो १ शिवालय पनि छ, तेसै शिवालय वरिपरि झिङटीको छानू हालेको छ तेहीं हुलाक घर बजार अड्डा रहन्छ अड्डामा मुखिया रहन्छन्। यहाँको हावा पानी मध्यम छ।

तौलिहवाको तारीफ

गोश्वारा वनजाँच माल अमिनो, हुलाक अड्डा अनि।
काठ्माहाल र अस्पताल अडिटर् आफीस झेल्खान् पनि॥

अड्डाहेरु सबै भईकन बडाहाकीम बस्ता महाँ ।
शोभा भारि छ खूब यै बुझनुहोस् तौलीहवाको यहाँ ।।

तौलिहवातिरका मानिस काशी जाँदा सोहरतगञ्ज स्टेसनको टिकट काटी वाराणसी जान्छन् । यहाँको ठेकाना—नेपाल तराई तौलिहवा गोश्वारा कचहरी पो० ओ० सोहरतगञ्ज, जिला बस्ती भनी लेखनू । इति ।

महराज गञ्ज—तौलिहवा र बहादुरगञ्जको बीचमा पर्दछ । यहाँ एक ठाना छ । झगम, मोहरपुर, बैदउली, सिरसीहवा, कप्तान गञ्ज, शिवगढी आदि अरू नामूद बस्ती छन् ।

बहादुर गञ्ज—यो स्यूराज जिल्लाको सदर मुकाम हो । यहाँ माल, हुलाक र अमिनी अड्डा छन् । बजार आजकल निकै गुलजार छ । शिखरनाथ पनि उहाँ गएका थिए । उनी आफ़ जाँदाखेरिको बयान लेख्छन्—

सिवराज वा स्यूराज ।

रकसौलबाट गोरखपुर जङ्क्शन, उसकाबजार, शोहरतगञ्ज परसा उताका बढनी स्टेसनमा उत्री २ कोश हिंडेपछि शिवराज वा स्यूराज मालकचहरी आइपुगदछ । बन्दोबस्त पुगे हात्ती सवारी समेत पाइन्छ यो स्यूराजमा बहादुरगञ्ज मौजाका सीमाना भित्र मालका हाकीम (सुब्बा) बसने घर र मालकचहरी घर समेत पक्का ईंटको गाह्रो भिङटीको छानू भयाको अति मजबूत बनेको छ । यस हाकीम बस्न्या घरदेखि सामुन्ने पूर्व चोक एकै भयाको मालकचहरीघर पनि अपूर्वको छ यस मालकचहरीबाट दक्षिण अन्दाजी २०।२२ गजका

फासेलामा कप्तानगञ्ज मंडीबजार अड्डा भन्न्या बजारका बीचमा सानु चिट्ट परेको भिंडटीको छानूदार बंगाला छ यस बजार अड्डाले खालि बजारका निकासी पैठारी मालको महसूल असूल गर्छ। उत्तर दक्षिण बीचमा भयाको बजार पनि छ, २२ कोठी पक्की घर सरकारी छन्। यहाँ डिट्ठा रहन्छन् १।२ महाजनका पक्की घर पनि छन् बजार अड्डा देखि अन्दाजि २० गज दक्षिण बजारबाहिर छेउमा बहादुरगञ्ज अमिनी ठाना छ सो ठानामा सुबेदार हुँदा सिपाही पुलीस रहन्छन् बजारका बीचमा १ पक्की कूवा छ यसै कूवाका दक्षिण किनारामा भारी बरको रूख पनि भयाको हुँदा पानी चिसो र मिठो भै शोभा बहुतै देखियाको छ, बुटवलका ४ जिल्ला मध्यमा हावा पानी यही स्यूराज बहादुरगंजको बढीया छ। यस विषयमा सग्घरा छन्दको १ श्लोक बाँचिवक्सनुहोस्।

स्यूराज मालको बयान

यो स्यूराज् माल् अगाडी रमणिय रसिला,
हेरदा विघ्न मोटा।
छायादारी अमीली वर पिपल कदम्,
वृक्ष छन् चार गोटा॥
हावाको बास येहीं हरबखत हुँदा,
गर्मिको पार्छ तोभा।
इन्का बीचमा छ कूवा जल बहुत मिठो,
मालको यै छ शोभा॥१॥

बढनी स्टेसनबाट दुवै कोश हुँदा आवत जावत गर्नलाई बहुतई आराम छ पश्चिम नजामुल्क तरफबाट पनि आउने हिंडुवा मूलबाटो हुँदा बहुतै बढिया छ यताबाट पश्चिम पाउभरमा सुरही नदी छन्। स्यूराजबाट ४॥ कोशमा वाणगङ्गा आउँछिन् यसै स्यूराजबाट बडा-हाकिम बसने तौलिहवा ६ कोश परदछ। यहाँको ठेगाना—स्यूराज मालकचहरी, पो० आ० बढनी, जिला बस्ती वा गोंडा भनी लेख्नू।

बाँके बर्दिया

उत्तरपट्टि—दैलेख र सल्यान जिल्ला; पूर्वपट्टि-दाङ देउखुरी; दक्षिण—उत्तर प्रदेशको नानपारा, बहराइच; पश्चिमपट्टि—कर्णाली नदी यसको सिमाना हो। बाँके र बर्दियालाई मान भन्ने नदीले छुट्ट्याएको छ।

यसको उत्तरपट्टिको भाग ज्यादा झोर परेको छ। दक्षिणतिरको भाग उज्जाउ छ। खास गरी रापती नदीदेखि पश्चिम बबै नदी-देखि पूर्वपट्टिका जग्गाहरूमा बस्ती धेरै बसेको छ। यहाँको जग्गा मलिलो पाँगो माटोले बनेको छ। बर्दियापट्टि भने धेरै जंगलहरू छन्। रापती नदी पूर्व-पश्चिम बगी नेपालगंजको दुंवा नदीको पूर्वपट्टि दक्षिण हानिएर बगेको छ। किरिन नदी र मान नदी बाँकेको पश्चिमपट्टि बगेको छ। बर्दियामा पश्चिमपट्टि कर्नाली र त्यसैको भँगालो दक्षिणतर्फ बीचमा बबै नदी बगेको छ। यहाँ धान, मकै, गहुँ, तोरी, सर्स्यूं, आलु, जुनेलो आदि उब्जनी हुन्छ। राजापुरको आसपास मलवार तप्पामा, नेपालगञ्ज, मानपुर आदि ठाउँमा धान र तोरीको खेती बहुतै हुन्छ। यस जिल्लाको जन-संख्या एक लाख एकचालीस हजार र क्षेत्रफल ११६९ वर्गमील

छ। हावापानी विषम छ। जाडोमा निकै जाडो, गर्मीमा निकै गर्मी हुन्छ।

यहाँको मुख्य बस्ती—बाँके वा नेपालगञ्ज हो। यो जिल्लाको सदर मुकाम हो। यहाँ बडा हाकिम बस्तछन्। यहाँ बजार-अड्डा, गोश्वारा, माल, अमिनी, अस्पताल र फरेष्ट डिविजन छ। यो बजार आजकल निकै गुलजार छ। यहाँ रुवो, तेल र चामलका कारखाना छन्। यो दाङ देउखुरीको मदेश भर्ने मुहुटी हो।

नेपालगंजलाई बाँके बजार वा बाँके, कोही नआ मुलूक पनी भन्दछन्, जहाँ जानलाई रकसौलबाट टिकट ली सुगौली (जं०) मुजफ्फरपुर (जं०) सोनपुर (जं०) छपरा (जं०) मटनी (जं०) गोरखपुर (जं०) गोंडा (जं०) भई नेपालगंज गये ४१३ मील (२०६॥ कोश) परदछ, रकसौलबाट भेलवा नरकटियागंज भई गोरखपुरबाट नेपालगंज नेपालगंजबाट एक्का बग्गी, बयलगाडाको सवारी गरी ४ मैल (२ कोश) हिंडी बजार अड्डा वा नआमुलुक गोश्वारा कचहरीमा पुगीन्छ) गोश्वारामा बडा हाकीम कर्णेल साहेब १ असिटेन्ट नायब सुब्बा १ तहरीर खरिदार २ सुबेदार १ आदि रहन्छन्, निकासा दिने तोक लेखी तरताकिता गरी काम गराउने र सदरबाट भई आयाका फर्मायसी उर्दी पुर्जी तामेल गरी डांका चोरका समन गराईटाकी मियात जिलाको वन्दोबस्त इत्यादि काम गोश्वाराबाट हुन्छ। बांके माल गोश्वाराबाट ४०० गजमा बांके माल कचहारी छ, जहाँ नायब सुब्बा १ तहरीर मुखिया १ सुबेदार २ रहन्छन्, जग्गाको पोत लिने र गैह अड्डाखानालाई तलब दिने र अरू अरू अड्डाको रुपआ दाखील बुझी ली नोट साटीवरी नेपाल

मुलुको खानाका नाममा २ पटक गरी पठाउनू परदछ ।

(अमिनी) गोश्वाराघाट बाँकेबर्दिया अमिनी ४०० गजका फासलामा परदछ, अहाँ लेफटेन १ खरिदार १ सुबेदार २ रहन्छन् अहाँ देवानी फौजदारी मुद्दाको झैझगडाहरू फैसला हुन्छ, यस बाँकेबर्दिया अमिनीघाट डण्ड, जरीवाना गरेको कंरू अन्दाजी ६० । ७० हजार असुल हुन्छ ।

(अडीटर आफीस) गोश्वाराघाट उत्तर ३१५ गजका फासेला-मा अडीटर आफीस परदछ अहाँ अडीटर हाकीम आदि रहन्छन्, अड्डा अड्डाको तहवील जाँच र म्याद म्याद मा गरनू परने काम गरेको नगरेको र नदी लागी घटेको नदीले छाडी बढेको जग्गा जाँची मिन्हा दिनु परने लगत बढाउने काम समेत र अड्डा अड्डाको रीपोट ली नेपाल पठाउने काम अडीटर आफीसबाट हुन्छ ।

(बजार अड्डा) गोश्वारा बाट नेपालगंजबजार (चौतराअड्डा) उत्तर अन्दाजी २०० गज परदछ अहाँ हाकीम खरिदार १ तहरीर खरिदार १ सुबेदार ३ रहन्छन्, देशबाट आयाका र पहाडबाट आयाका माल देशमा निकासी हुँदाको महसुल लिन्छन् महाजन सट्टापट्टा गरी ल्याई बजार गुलजार गरी दोगान बसाउने इत्यादि काम हुन्छ, यो चौतरा बाँके बजारबाट महसुल अन्दाजी सवा लाख असुल हुन्छ ।

बाँकेतरफ बनजाँच कचहरी सरकारी न हुँदा हाकीम जाहाँ बस्यो उँहीं अड्डा लागदछ हालका हाकीम बस्याको गोश्वारा बाट ३ सय गज उत्तर परदछ अहाँ लेफटेन १ खरिदार १ सुबेदार ४ छन, जंगल जाँच गरी लकडी चोर पक्रने, महाजनलाई बिक्री भयाको लट्ठा जाँचने समेत बनजाँचले गरदछ बनजाँच बाट लकडी चोरी

गरनेहरू बाट अन्दाजी १२ । १५ हजार सम्म अशूल हुन्छ ।

रापतीद्वार काठमहाल १० नम्बर बमोजीम हुँनाले हाल बस्याका अड्डा बसने सरकारी अड्डा गोश्वारा बाट कोश पूर्व छ तर हाल गोश्वाग बाट ढाई सय गज फासला पूर्व तरफ छ, अहाँ नायब सुब्बा १ मुखिया १ सुबेदार २ छन् । महाजन, साहेब हरू ली जङ्गलका लकडी कटाई र कटानी भई रहेका लकडी हरू बिक्री गरदछन यस काठमहाल बाट लकडी बिक्री र खयर बिक्री गरी कं० रू० अन्दाजी लाख सवालाख आमदानी हुन्छ ।

(बाँके हुलाकघर) गोश्वारा बाट आधापाउ उत्तर छ, हुलाकले दुनिआदारीको टिकट लागेको चिठो रजष्टरी सरकारी कागज पत्र ठाउँ ठाउँ बाट आयाका र पठाउँने हरू बाँके हुलाकले चलान गरदछ ।

(हस्पताल) गोश्वारा बाट अन्दाजी ८ गजका फासलामा छ जहाँ डाक्टर बाबू हरू रहन्छन् । जनाना मर्दाना एकै छ जहाँ आया का बिरामी निका मै जान्छन् ।

ठेकेदार लक्कडीको सिलेवरको, छायाको भट्टीको, भजिसीका सिङको, बनकसको, महुवाको, मदको, मईनको, शतावरीको, पिप्लाको, पीलजरीको, कामरानको, रोहिनीको हड्डी (हाड) को समेत ठेका छ, नामलेखी निरवाहा छैन ।

ग्रहण आदि पर्व पर्वमा बजार बाट ३।। कोश पूर्व रापती नदी छन् सो नदीमा नुहाउँन जान्छन्, बाँकेमा कर्णेल लोकबहादुरले स्थापना गरेका शिवमन्दिर धर्मशाला (सतल) तलाउ समेत छन् मुगलानदेखी पनी पूजा गरन आउँछन् यहाँको पानी बहुतै असल छ ।

मन्नानघाट मुकदर छैन मदत पुगने ले ३॥ काश पर रापती नदीमा लान्छन् कोही सिधनित्रा भन्ने सानू गंगामा लगी दाह गरदछन्, बजारको मदत न पुगनेले बगियामा लगी कसैले जलाउने र कसैले गडाई दिन्छन् ।

पक्की तौल ८० कम्पनी रुपजा भरको सेर, ५ सेरको पसेरी, ८ पसेरी (४० सेर) को १ मन हुन्छ; दोस्रो बत्तिसी तौल १२२ तोलाको पसेरी हुन्छ, ८ पसेरिको मन; तेस्रा आट्ठाइसी तौल १६८ तोलाको १ पसेरीको मन ली ३ थरी का तौलको चलन छ । यस नेपालगंजको हावा पानी वेसै छ, बिच्छीको भय विश्न छ, साँपको भय पनी छ, यो आमदनी हुँने गौंडो हो, जहाँ पहाड़देखी हर्रा बर्रा अमला तेजपात दालचीनी पीपला बैतरासुठो टिमूर खुरसानी अलैची हलेदो, चिउलीको घीउ, काठको इयाउ, जटामसी निगालाका चुटे कलम, दियालो खोटो च्यासुरा मैना आदि पक्षीहरू ली धारो लागी बेपारी हरू आउँदछन्, खयर पैदा हुँने ठाउँ यही हो । अहाँ भन्सार तेज छ, अनेकानेक माल जहाँ खुली देश देशावरमा जान्छन्, जहाँ कुन टेका बाट कुन काम गरी रुपिआ कमाउँ भन्ने मानिसहरू जुँघा मुसारी मुसारी बनतर्फ घुमदछन् लप्पा लप्पि पनी बहुतै गर्दछन् उपद्रव गरनेहरू पनी यहीं छिपी बसेका हुन्छन्, यस नेपालगंजको ठेगाना– बाँके बजार पो० आ० रुपैडिहा, जिला बहराइँच नेपालगंज भनी लेखन् । इति ॥

बर्दिया—यसलाई गुलरिया पनि भन्दछन् । यहाँ माल, अमिनी, फरेष्ट डिभिजन, छोटी बजार, ठाना, अस्पताल, हुलाक आदि छन् ।

राजापुर—यो दैलेख, प्यूठान पहाडतर्फबाट मालताल ल्याई

मदेश भनें बाटोमा छ । यसैले यहाँ बजार-अड्डा बसेको छ । ठाना, औषधालय पनि रहेको छ । यहाँ हिउँदभरि चार-महीने हाट लाग्छ । त्यसतर्फका पहाडीहरू आफ्नू माल बेची आफूलाई चाहिने माल किनेर लान्छन् ।

राजापुर गोलामण्डी जानलाइ गोंडा जङ्क्शनबाट एकदम नान-पारा भै जान्छ, नानपारा बाट गये कतर्नियाघाटबाट राजापुर ४ कोश परदछ टट्टू घोडा बयलगाडीको सवारी पाइन्छ वर्षामा नदीमा नाउ बाट पार जानू परदछ, हिंउदमा नावैनाव जोरी धुलेपूल बनायाको हुन्छ १ आधीको २ पैसा ली पार जान दिन्छ राजापुरमा राजापुर वोर्त्तामाल १ मोहनद्वार काठमाहाल १ पथरैयाद्वार काठमाहाल १ पथरैयाद्वार जाँचअड्डा १ जिम्बावारीअडा १ कैलालीकंचनपुरमाल १ कैलाली-कंचनपुरअमिनी १ बर्दियामाल १ महा कालीद्वार काठमाहाल १ कंचनपुरहुलाक १ बर्दियाहुलाक १ कैलालीहुलाक १ कैलालीकंचनपुर-वनजाँच १ राजापुरबाजारअडा १ कोईलाबासबजारअड्डा १ करनाली-द्वारअड्डा आदिहरु यता उता परेका छन् पूरा हाल बहाँको थाहा छैन राजापुर गोलामण्डी तिर चोरी हुन्छ डाँका असाध्य परदछ भन्छन्, कि रातका बिचमा धनिका घरमा डाँकूहरू पसी लोग्ने मानीस हरूलाई पाता कसी स्वास्नीमानीसलाई पिटी कुटी ढुकुटीको साँचो लि गाडेको धन देखाई दिन्छेस् कि देखाई दिन्नस् देखाइ दिन्नस् भने तेरा तिग्रा नेर तातो कटकटायाको तेल हाली दिन्छौं भनी तातो तेल ली काबू पारी जो भयाको धन ली अघी जान्थे अरे, राजापुर भन्दा ठुलो देखिन्छ, औलाको राजा हो । इति ॥

कैलाली र कञ्चनपुर

पूर्व—कर्नाली नदी र बर्दिया जिल्ला; दक्षिण—उत्तर प्रदेशको पुरगापुर, लक्ष्मीपुर, सिघाई, पीलीभित; पश्चिम-महाकाली नदी; उत्तर—डडेलधुरा र डोटी सिमाना पर्दछ ।

यो दुवै जिल्लाको उत्तर भागपट्टि चूरे पहाड र झोर परेका जग्गा छन् । दक्षिणपट्टि सबै सम्म परेको जग्गा छ । समस्त जिल्लामा आबादी जग्गाभन्दा जंगल धेरै छ । जंगलको बीच-बीचमा जग्गा अबाद गरी बस्ती बसेका छन् । पहाडतर्फबाट पथरैया, धुराहा, शिवगंगा, करहा, काढा, खुटिवा, कटनी, मोहना आदि कैलालीतर्फ र दोंदा, बतहरा, सिहाली, ब्राह्मनी आदि कञ्चनपुरतर्फ प्रशस्त नदीहरू दक्षिणतर्फ बगेका छन् । पश्चिम भागमा महाकाली नदीको भँगालो फाटी बगेको छ ।

कञ्चनपुरतर्फ दक्षिण भागमा दोंदा नदीको बायाँपट्टि र मोहना नदीको दायाँपट्टि पिपरिया, बिछुवा आदि गाउँको आसपासमा बस्ती बाक्लो बसेको छ । अन्तचाहिं प्रायः जंगलप्राय नै छ ।

कैलालीतर्फ करहा नदीको पूर्वपट्टि धुर्जना पथरिया गाउँसम्म आबाद गर्न लायकको जग्गा धेरै भएकोले बस्ती बाक्लो छ । कटनी नदीको दुवै तीरतिर र धनगढीको उत्तर बञ्चा, हरिया गाउँ-सम्म पनि बस्ती निकै छ ।

यी दुवै जिल्लाको हावापानी खराब छ । औलो लाग्छ । पानी कम पर्दछ ।

यी दुवै जिल्लामा धान, मकै, गहुँ, तोरी आदि उब्जन्छ ।

प्राय यहाँ थारूहरूको बस्ती छ । यी दुवै जिल्लाको जनसंख्या ९४ हजार मात्र छ । क्षेत्रफल १४९७ वर्गमील छ ।

कञ्चनपुर—यसलाई बेलौरी पनि भन्दछन् । यो यस जिल्लाको सदरमुकाम हो । यहाँ गोश्वारा, माल, अमिनी, हुलाक, छोटी बजार र फरेष्ट आफिस छन् ।

ब्रह्मदेउ मण्डी—यो कञ्चनपुरको उत्तर कुनामा भारतको नजीकै छ । यहाँबाट विदेशी माल पैठारी हुन्छ ।

टनकपुर जिमुवा, देखतभूली र कलुवापुर आदि कञ्चनपुरका केही बस्ती हुन् ।

धनगढी वा त्रिनगर—यो कैलालीको सदर मुकाम हो । यहाँ दुवै जिल्लाका बडाहाकिम बस्तछन् । यहाँ गोश्वारा, माल, अमिनी, वन-अड्डा, बजार-अड्डा, हुलाक, अस्पताल आदि छन् । यहाँबाट गौरीफाँट स्टेशन नजीक पर्दछ ।

कैलाली—यो कटनी नदीको किनारमा रहेको मुख्य बस्ती हो । यहाँबाट चन्दन-चौकी रेल स्टेशन नजीक पर्दछ । यहाँ पुलिस थाना र हुलाक छ ।

भजनी—यो काढा नदीको बायाँ किनारमा रहेको जिल्लाभरको गुल्जार ठाउँ हो । सती, मालाखेरी र चौमहला आदि कैयौं अरू बस्ती छन् ।

ए मेरा प्यारा देशवासी र देश-बाहिरका प्रवासी दाजु भाइ, दिदी बहिनी हो ! तपाईंहरूले अहिलेसम्म पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जिल्लाहरूको मोटामोटी परिचय पाउनुभयो । अघि यी जिल्लाहरूमा आवत-जावत गर्दा आफ्ना नजीकको भारतको रेल

स्टेशनमा आई भारतको बाटो भएर आती-जाती गर्नुपर्थ्यो। तर अब श्री ५ महेन्द्र वीर विक्रम शाह देवको पालामा समस्त तराईको उत्तरपट्टि पर्ने चारकोशे झाडीको बीचोबीच पारेर 'पूर्व-पश्चिम राज-मार्ग' बनेकोले आवत-जावत गर्ने पहिलेको दिक्कत मेटिएको छ। अचेल यही राज-मार्ग र यसका शाखा मार्गहरूबाट आफ्नू इष्ट ठाउँमा आवत-जावत गरिन्छ। त्यसैले भारतपट्टिका बाटाहरू यहाँ लेखिएनन्।

भित्री मदेश (खोंच) का जिल्लाहरू

दाङ्ग, देउखुरी र सुनार

यो खाँची प्यूठानदेखि पश्चिममा रहेको भित्री मदेशको जिल्ला हो। दाङको करीब तीन खण्डको एक खण्ड फलाबाङ राज्यमा मिलेको छ। बाँकी दाङ र देउखुरी जिल्ला खजहनी गोश्वारा मात-हतमा छन्। सुनार जिल्ला भन्ने बाँके बर्दिया गोश्वाराको मातहतमा छ। यसको क्षेत्रफल ८६४ वर्गमील छ र जनसंख्या ९० हजार छ। यस जिल्लाको डुडुवा पहाड र महाभारतको बीचमा मैदान परेको ठूलो बेंसी छ। यो बेंसीको पूर्वदेखि पश्चिम बगेको बबै खोला र यसका सहायक ग्वार खोला, हापुर, सेत्रार, बालीम आदि १३ खोलाले सिंचिएकोले यहाँ धान, मकै, तोरी, फापर, सुर्ती, आलु प्रशस्त उब्जन्छ। यहाँ झिनुवा, स्यामजीरा, लटेरा आदि २५ जातका धान उब्जाइन्छ। पहाडको खोंचमा पर्‍केाले आवत-जावत गर्न निकै असुविधा छ। भारत जान कोइलावास मै जानुपर्छ।

यहाँको मुख्य बस्ती घोराही हो। यो सेत्रार खोलाको तीरमा रहेको सदर मुकाम हो। यहाँ माल, अदालत, कलेज, हाइ स्कूल,

डी. एफ. ओ. र सानू बजार छ। यसैको पूर्वपट्टि चौघरा मौजामा श्रीरत्ननाथको मन्दिर छ।

बिजौरी—जिल्लाको मुख्य बस्ती हो। यहाँ संस्कृत महाविद्यालय छ। छिल्ली बिजौरीदेखि पश्चिम काला खोलामा वर्षेनी पुस महीनामा जुम्लीहरूले घोडा बेच्न ल्याउँछन्।

कोइलावास—यो देउखुरी जिल्लाको भारत नजीकको सानू बजार हो। यहाँ पुलिस चौकी, बजारअड्डा छ। अचेल यहाँबाट दाङसम्म मोटर चल्दछ।

रेहार—यहाँ हरेक माघे संक्रान्तिमा ठूलो मेला लाग्छ।

सल्यान

यसको उत्तर—जुम्ला; पूर्व—प्यूठान, बागलुङ; दक्षिण—दाङ देउखुरी, बाँके बर्दिया र पश्चिम— दैलेख, सुर्खेत सिमाना पर्दछ। यसको क्षेत्रफल ३२३१ वर्गमील र जनसंख्या ३ लाख ८२ हजार ३९९ छ।

यहाँको मुख्य बस्ती सल्यान हो। यो शारदा नदीको दाहिनेपट्टि रहेको छ र जिल्लाको सदर मुकाम हो। यहाँ गौंडा, माल, जिल्ला अदालत, हुलाक, अस्पताल, त्रिभुवन स्कूल आदि छन्। यहाँको बजार एकोहोरो लाइन मात्र छ। यहाँ बनेका खुकुरी, चक्कू नामी छन्। यो ठाउँमा पिउने पानीको अभाव छ। यहाँका स्वास्नीमानिस घेरै अँध्यारोमा (बिहानै) मादल बजाउँदै पानी लिन पनेरामा जान्छन्।

मालनेटा—यहाँ अति उम्दा अदुवा हुन्छ। त्यसैबाट असल सुठो बन्दछ। देशभरमा यस्तो सुठो कहीं हुँदैन।

लुक्कुम खोलाको बायाँपट्टि 'रुक्कुमकोट' बस्ती छ । यहाँ रुक्कुम दह नामको ताल छ । यसको अलावा मुसीकोट, जाजरकोट, फलावाड, रोल्पा, गुर्वाकोट, तुलसीपुर, बालापुर आदि प्रसिद्ध बस्ती-हरू यस जिल्लामा पर्दछन् । यस जिल्लाका सुन्तला, आँप, भुइँकटहर, केरा पनि नामी छन् । दाङ सल्यानको साबरको जुत्ता अति असल हुन्छ । अचेल दाङबाट कोइलावाससम्म मोटर चल्दछ ।

दाङशल्यान

रकसौलबाट कावापुरको टिकट काटी सुगौली जङ्कशन मुजफ्फरपुर जङ्कशन सोनपुर जङ्कशनबाट १५ स्टेशन पर गोंडाभन्दा ३ स्टेसन वर कावापुरमा उत्रनू परदछ, आहाँबाट वर्षे बाटो १८ कोश हिंडे पछी दाङशल्यान पुगदछन् । दाङशल्यान तिरका आदमी हिऊँदमा जमपट्टी स्टेसनबाट रकसौल उत्रन्छन्, दाङ-शल्यानमा जनना–पशुहरूमा सुङुरनीतक काटदैनन्, काटे जस्तिवाना हुन्छ, यो अघीदेखिको थिती हो । दैलेखी जुत्ता ४ × ४ जमा १६ फुलि लागेका लालचनका जुत्ता लाइ जुत्ता दिने बढिया ३ मोहरमा जहाँ पनी पाइन्छन् । इति ॥

नवलपुर

पूर्व र दक्षिण चितवन, पाल्ही, नारायणी; उत्तर पश्चिममा पाल्पा यसको सिमाना हो । यसको क्षेत्रफल २०५ वर्गमील र जनसंख्या १७ हजार छ । नवलपुर चितवन आवत-जावत गर्न घेरै ठाउँ डुङ्गा लाग्दछ ।

यसको पूर्वपट्टि नारायणी नदी र पश्चिमतर्फ अरुङ बिनाई नदी छन् । महाभारतको झोल्चाट अनेकन नदी दक्षिणतिर बगेका

छन्। नदीको डोलतर्फ मलिलो माटो छ। यसैले यहाँ धान, तोरी, मकै, तिल, सर्स्यूं, खेमरी, सुतीं प्रशस्त उब्जाइन्छ। यहाँका जंगलमा साल, सिसौ, असना, टून, सिमल आदिको घना जंगल छ। यस जंगलमा बाघ, हात्ती, गैंडा, चितुवा, मृग, बनेल, आदि प्रशस्त पाइन्छन्।

यहाँको मुख्य बस्ती कोलुवा (शेरगज) जो नन्दपुरको उत्तर हर्दियाका पूर्वमा छ, यहाँ ठाना, हात्तीसार, गोदाम, शेरगंज हुलाक, अस्पताल, स्कूल र पसलहरू छन्।

तमसपुर, बेलानी, महुवा डाँडा, नाग्जीकोट, पोखरी, धाउरी आदि यहाँका मुख्य बस्ती हुन्।

चितवन (चितौन)

अघि चितौनमा असाद्धे औलो लाग्दथ्यो। औलोको दृष्टिबाट उहिले मोरङलाई दिदी र चितौनलाई बहिनी भन्दथे। तर अब मोरङमा आबादीले मिचेको र चितौनमा औलो उन्मूलन संस्थाले डि० डि० टी० छरी औलो घटाएको छ। राणाशासनभरि पनि चितौन औलोको घर थियो। त्यहाँ त्यहींका आदिवासीबाहेक अरू कोई टिक्न सक्तैनथ्यो। भनिन्छ कि अघि-अघि जसलाई फाँसी दिनुपर्‍यो उसलाई चितौनमा लगी भरपेट दही चिउरा खुवाई सालका रूखमनि सालैका पात पालुवा ओछ्याई त्यसैमा सुताई सालैका पालुवाले ढाकिदियो भने उज्यालो हुँदा नहुँदैमा मरिसकथ्यो अरे! "मोरङमा एक रुपियाँको चामल किन्यो भने जिन्दगीभर खाएर मरेपछि क्रिया गर्न समेत पुग्छ" भन्ने उखानै छ। तर अब त्यस्तो छैन।

जो होस्, परिवर्तनशील संसारमा चितौनले त्यस्तो उपाधि प्राप्त गर्नुपरे तापनि कुनै समयमा चितौन अत्यन्तै समृद्धिशाली थियो भन्ने त्यहाँ पाइएका प्राचीन वस्तुहरू वा भग्नावशेषहरूबाट पत्ता पाइन्छ ।

यहाँका आदिवासी थारू, दनुवार, चेपाङ, मगर, तामाङ-हरू हुन् । हाल यहाँ श्री ५ महेन्द्रले जग्गा–वितरण र औलो उन्मूलन कार्य चालू गरेपछि प्रवासी र उनाउ नेपाली बाहुन, क्षत्री आदि पनि धेरै आएर बस्तै छन् । यहाँको पानी लाग्ने जमीनमा धान र पाखा-बालीमा तिल, तोरी, मकै, कोदो, घैया, फापर, जौ, गहुँ, बदाम आदि हुन्छ । हाल हेटौंडादेखि नारायण गढसम्म ५० मील लामो पक्की कान्तिमार्ग जोडिएकोले रोजै मोटर चली बन्द-व्यापार, आवत-जावत गर्न धेरै सुविधा भएको छ ।

यहाँको मुख्य बस्ती झुबानी हो । यहाँ पुलिस चौकी छ ।

ठोरी—यहाँ वीरगंज-मातहतको बजार-अड्डा र फरेष्ट डिविजन छ । ठोरीको जङ्गल शिकारको लागि प्रख्यात छ । अघि भारतमा शासन गर्ने अंग्रेजहरू नेपालमा शिकार खेल्न जाँदा यसै जंगलमा शिकार खेलाइन्थ्यो । नजीकै भारतको भिक्नाठोरी रेल्वे स्टेशन छ । यहाँका माल यहींबाट निकासी हुन्छ ।

भरतपुर—यहाँ टूलो शहर बन्ने भएको छ । यहाँ अहिले कृषि प्रदर्शन फर्म, ग्राम विकास, स्कूल इन्सपेक्टर अड्डा, अस्पताल, विमान-बिसौना, माल, उपत्यका-विकास अड्डा आदि छन् ।

नारायण गढ—यो नारायणी नदीको किनारामा रहेको, दिनहुँ उन्नति हुँदै गैरहेको बजार हो । कान्तिमार्गले यसलाई धेरै विकसित

यौटा ठूलो, अग्लो, चेप्टो डुङ्गो ठड्याएर गाडेको छ, त्यसैमा तिलस्ममा जाने बाटो, जाने काइदा, जाँदा तिलस्मी खतराबाट बच्ने साधन आदि लेखिएको थियो रे, तर धेरै वर्ष लडेपछि आक्रमणकारीहरू एक दिन सेन-सेनाहाई थकाएर किलामा पुगेछन्. त्यसै बखत किल्लाभित्र बसेको सेनानीले यौटा छिनोले त्यस डुङ्गोमा लेखेका अक्षर खुर्किदिएछ र आफू पनि त्यहीं मरिएछ। बाँको किल्लाका सेना जय गइे! भन्दै भीरबाट फालहालेर मरेछन्। त्यहीं-देखि त्यस गढीका छेउको भीरको नाम गङ्गा-भीर रहेको हो। परम्परामा कहावत चलिआएको छ कि त्यस छिनाले खुर्किएको डुङ्गामा—बोके डुङ्गो एक्ले साल, किल्लादेखि हजार हात—लेखेको थियो रे! हुन सक्छ त्यहीं ढुकुटी होला।

ठूलो गढीबाट अलि वर उसै डाँडामा सानू गढी छ। ठूलो गढी ठूलो र गोल छ। सानू गढी अलि सानू र शंखे कीराका आकारको छ।

यहाँबाट एक कोश जति पर यौटा अग्लो डाँडाको टाकुरोमा बूढी गढी भन्ने अर्को किल्ला छ। ठूलो गढी र सानू गढी नामको किल्ला आक्रमणकारीले कब्जा गरेपछि बूढी गढीमा बसेको सेनाले लडन शुरू गऱ्यो र तुरुन्तै शत्रुहरूलाई हराएर डाँडाबाट फेरि बेंसीमै खँदाऱ्यो र आफ्नू गढी फौरन कायम गऱ्यो। त्यसका बाद शत्रुहरूले फेरि माथि चढ्ने साहस गरेनन्। बेंसीमै किल्ला जमाएर बसेका थिए रे, केही दिनपछि मदतका लागि आएका बाह्र जना गोर्खे वीरका जालका फेला परेर सेनापतिसहित शत्रुहरूको फौज त्यहीं साफ भए रे! अनि ती आक्रमणकारीले त्यता जाने नामै

लिएनन् रे । यसै बढी गढीको मनि मकवानीको दरवाजको अवशेष भझै छ, जहाँ पृथ्वीनारायणशाहको पहिलो विवाह भएको थियो ।

हेटौंडा—यो पनि मकवानपुरमै पर्छ । हाल यो ठाउँ अति महत्त्वको हुँदै आएको छ । रक्सौलबाट काठमाण्डू जाने त्रिभुवन राजपथ यहींबाट हुँदै जान्छ । भरतपुर विमान-विमौनामा जाने कान्ति राजपथ त्रिभुवन राजपथसँग यहीं मिसिन्छ । हेटौंडामा पानीको प्रबन्ध गरी निकै उन्जनी गराउने योजना तयार हुँदै छ । यहाँ ऐले काठ चिर्ने मिल, तेल चामल मिल, डि० एफ० ओ० आफिस आदि छन् । यहींबाट रोप्वे काठमाण्डूसम्म जान्छ । यहाँ बजार पनि बढ्दै गएको छ । यहाँ ३००० कि० वा० बिजुली निकालिँदै छ । यसले यहाँ अरू उद्योग धन्धा बढ्नेछ ।

मेरो (शिखरनाथको) ससुराली मकवानपुर हो । म ससुराली जाँदा मेरो सालो नीरनाथ खतिवडाले मलाई त्यहाँ जति ऐतिहासिक चीज देखायो, आफूले केटाकेटीदेखि अनुभव गरेका, देखेका र सुनेका जति कुरा बताएको त्यो सबै लेख्ने हो भने अर्को यौटा ठूलो पुस्तक बन्दछ, त्यसकारण अरू नै विषयको यस भाष्यमा ती सब कुरा नलेखे पनि म यति अवश्य लेख्छु कि खोजी गर्ने हो भने मकवानपुरमा पुराना ऐतिहासिक चीज धेरै नै पाइन्छन् । गडल सम्पत्ति पनि ज्यादै छ ।

चिसापानी, भीमफेदी, कान्द्राङ, उपरदाङ यहाँका अरू प्रमुख बस्ती हुन् ।

सिंधुली

उत्तर—धूलीखेल इलाका, सुनकोशी नदी; पूर्व—उदयपुर गढी; दक्षिण—कमला नदी र सरलाही; पश्चिम—बागमती नदी,

मकवानपुर भएको; यसका उत्तरपट्टिका मौजाहरू दोलखा मालले, पश्चिमका मौजा मकवानपुर मालले, दक्षिणका मौजा मलङ्गवा मालले चर्चेको; ४०७ वर्गमील क्षेत्रफल र जनसंख्या १ लाख २ हजार २६१ रहेको; पूर्व १, २, ३ नं० इलाकाको दक्षिणपट्टि महाभारत लेक र चूरेको बीचमा रहन गएको; पूर्व-पश्चिम लम्बिएको, पश्चिम भाग हरिहरपुर गढी र पूर्व भाग सिंधुली गढीको नामले बोलाइने, पहाडी भाग ठण्डा र बेंसी खोंचतर्फ गर्मी हुने; ७० इञ्चभन्दा बढी पानी पर्ने; धान, मकै, भटमास, मस्याङ प्रशस्त उब्जने; ठूला ठूला दमार र जंगलवाला यो एक जिल्ला हो।

यस जिल्लाको मुख्य बस्ती सिंधुली हो। यहाँ अदालत, भन्सार र गढी छ। यहाँ मरिन खोलापट्टिको भाग अति रमणीय र उब्जाउ छ। मरिन खोलो बागमतीमा मिसिन्छ। ग्वाँड खोलो कमलामा मिसिन्छ। माघे संक्रान्तिमा माइकाथानमा ठूलो मेला लाग्छ।

उदयपुर गढी

यो—उत्तरमा—सुनकोशी; पूर्वमा सप्तकोशी; दक्षिणमा—चूरे पहाड, सप्तरी; पश्चिममा—कमला नदी, सिंधुली गढी सिमाना भएको; ९२७ वर्गमील क्षेत्रफल र ८९ हजार ३०९ जनसंख्या रहेको, भित्री मधेसमा रहन गएको, पूर्व-पश्चिम फैलिएको जिल्ला हो। यसमा प्रायः पहाडै-पहाडै छन्। उदयपुर गढीको पूर्वपट्टि त्रिजुगा नदी र पश्चिमतर्फ बैजनाथ खोला बगेका छन्। उत्तरपट्टि तावा खोला, यार खोला आदि छन्। यहाँ मकै, तोरी, कोदो आदि प्रशस्त उब्जन्छ। पहाडको माथिल्लो भागमा केही ठण्डा र बेंसीतर्फ गर्मी हुन्छ।

उदयपुर यहाँको मुख्य बस्ती हो। यहाँ गौंडा, अदालत, गढी, माल, छोटी जंगी परेठ, स्कूल आदि छन्।

चिसापानी, नेपालटार, चौदण्डी आदि उदयपुर इलाका-भित्रका अरू बस्ती हुन्।

काठमाण्डू (कान्तिपुर)

प्रकृतिले चारैतिर हुला पर्वाल जस्तो ५ हजारदेखि ९ हजार फीट अग्ला पहाडले घेरी बीचमा झन्डै चारपाटे आकार परी बनाएको खाल्टो वा दून छ। यसमा भित्र पस्ने मुख्य चारओटा भञ्ज्याङ छन्। यसैले यसको अर्को नाम 'चारभञ्ज्याङ-भित्र' भन्ने छ। यहाँ बागमती, विष्णुमती, धोबीखोला, मनोहरा, हनुमन्ते, नक्खु, गोदावरी र अरू पनि ससाना नदीहरू एक अर्कोमा मिसिंदै आखिरमा सबै बाग्मतीमा मिसिई दक्षिणपट्टिको चोभारको गल्छेडोबाट बाग्मती नामले बगेर भारतमा गंगानदीमा आई मिलेको छ। यहाँको मलिलो माटोमा सबै किसिमका अन्न, तर्कारी, फलफूल उब्जन्छन्। पालतू जानवर पनि सबै प्रकारका पालिन्छन्।

अधिराज्य नेपालको मुख्य राजधानी भएकोले यहाँ धेरै मानिसहरू सर्कारी नोकरी, बन्दबेपार, खेती, उद्योग-धन्धा गर्ने गर्छन्। यहाँ हरेक किसिमका हतकरघाका कपडा, काठ, हस्तीहाड, बिल्लोर, तामा, पित्तलका मूर्तिहरू, भाँडा बर्तन, कपडाको जुत्ता, फर्निचर, कार्चोपी टोपी आदि बनाउँछन्। हाल पाटन, बालाज्यूमा चलाइएका औद्योगिक क्षेत्रहरूमा अनेक किसिमका वस्तुहरू तयार गरिन्छन्।

यो उपत्यका तीन इलाकामा बाँडिएको छ। काठमाण्डू,

ललितपुर र भक्तपुर । काठमाण्डू ६५ मौजा या गाउँमा; पाटन या ललितपुर ९० गाउँ; भक्तपुर २७ मौजा वा गाउँमा बाँडिएको छ ।

काठमाण्डू—यहाँको जनसंख्या १,१९,५०० शहरमा मात्र र ९८९३३ गाउँमा छ । सारा नेपाल राज्यको राजधानी शहर यही हो । यो शहर वाग्मती नदीको उत्तर–पश्चिममा छ । यहाँ श्री ५ महाराजाधिराजको नारायणहिटी दरबार, सिंह दरबार (सचिवालय), शहरको बीचमा प्राचीन हनुमान ढोका र अरू पनि घेरै रमणीय महलहरू छन् । यहीं सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला-अदालत र अरू घेरै अड्डाहरू, संस्कृत-महाविद्यालय, अमृत साइन्स कॉलेज, कमर्स-लॅ-गर्ल कॉलेज, त्रिभुवन विश्वविद्यालय, दरबार स्कूल, त्रिचन्द्र कॉलेज, राजकीय संस्कृत पाठशाला, विश्वभाषा विद्यालय, सभा-गृह, ब्याङ्क, घरहरा, घण्टाघर, सुनधारा, अनेक उद्यानहरू, पार्कहरू, मोटर सर्विसका पक्की बाटाहरू, विमान-बिसौना, धर्मशालाहरू, गोशालाहरू, रानीपोखरी, बडे-बडे होटलहरू, चित्र-विचित्र सिनेमा टकीजहरू, प्राचीन हस्तलिखित पुस्तकहरू भएको वीर पुस्तकालय (लाइब्रेरी), घण्टाघर, घरहरा, रत्नपार्क, अनेकानेक राजदूतावासहरू, चिडियाखाना इत्यादि छन् । स्वयम्भू, काठेसिम्भू बौद्ध धर्मीहरूको धार्मिक स्थान भएकोले भोटेहरू प्रतिसाल दर्शनार्थ यहाँ आउँछन् ।

द्यौपाटन—यो धोबीखोला र वागमतीको बीचमा पर्छ । यहीं श्रीपशुपतिनाथको मन्दिर छ । यो नेपालको प्राचीन मन्दिर हो । नेपालका ठूलठूला तीर्थहरूमध्ये यो ठूलो मानिएको छ । यहाँ शिवरात्रिमा ठूलो मेला लाग्छ । बालाचतुर्दशीमा भारत, पहाड र

चारभञ्ज्याङभित्रका मानिस जम्मा हुन्छन् । यो दिन शतबीज छर्छन् । पशुपतिको मन्दिरको पूर्वपटि ठूलो गौचर विमान-बिसौना पनि छ । पशुपतिनाथका तर्फबाट गाई चर्न छोडिएको चउर हुनाले त्यसलाई गौचर भनिएको हो ।

टोखा—यो उत्तरपट्टिको यौटा सानू शहर हो । यहींनेर चण्डेश्वरीको मन्दिर छ । यसैको उत्तरपट्टिको पहाडको काखमा रमणीय स्वास्थ्य निवास बनेको छ, जहाँ क्षय-रोगीहरूको उपचार हुन्छ । यहाँ असल चाकु तयार हुन्छ ।

बालाज्यू—काठमाण्डूको नजीकै रहेको यो यौटा रमणीय स्थान हो । यहाँ ठूल्ठूला तलाउको पानी बाईसओटा ठूल्ठूला धाराबाट निकासी हुन्छ । वैशाख-पूर्णिमाको दिन त्यहाँ मेला लाग्दछ । हाल यहाँ औद्योगिक केन्द्र बनेको छ । यहाँको बाईस-धारा उद्यान हेर्नलायकको छ । यसैको माथि नागार्जुन पहाड पर्दछ । यहाँ गर्मीको समयमा श्री ५ को सवारी हुन्छ । यहाँ बूढा नीलकण्ठको जस्तो मूर्ति बनाई एक पोखरीमा राखेको छ । यहीं नेपालको ठूलो ट्यानरी (छालाको कारखाना), काठ-गोदाम, रक्सीको कारखाना, ऊन कारखाना इत्यादिका उद्योग छन् । कृषि-नर्सरी पनि यहीं छ ।

साँखु—यो पूर्वपट्टिको सानू शहर हो । यसको नजीकै वज्रयोगिनीको मन्दिर र शाली नदी छ । यहाँ गहुँको खेती खूब हुन्छ । काठमाडौंबाट यहाँ जाँदा पहिले बाटोमा बौद्ध पर्दछ । यहाँ धेरै भोटेहरूको बस्ती छ । त्यसपछि गोकर्णको जङ्गल आउँछ, जहाँ श्री ५ को संझना-सदन छ । यो जङ्गल काठमाण्डू निवासीका निम्ति जल्सा-स्थान बनेको छ ।

पाटन—यहाँ ४७,६७० मानिस छन् । यहाँ श्रीकृष्णको साह्रै राम्रो मन्दिर छ । देवलमा काटिएका मूर्तिहरूको अध्ययनबाट सारा चरित्र बुझ्न सकिन्छ । यस शहरको चार दिशामा ठूल्ठूला ढिस्का छन् । यहाँ महाबौद्ध, क्वाबहाल आदि धेरै बौद्ध मन्दिर र बाहालहरू छन् । यहाँ श्री मत्स्येन्द्र [मच्छेन्द्र] नाथको प्रसिद्ध मन्दिर र अरू पनि धेरै प्रसिद्ध मन्दिरहरू छन् । अंग्रेजी डिग्री कालेज, मजिस्ट्रेट आफिस, हाईस्कूल, पाठशाला, अस्पताल, पाटन जिल्ला अदालत, नगरपालिका आदि यहीं छन् । चिडिया-खाना यही शहरको पश्चिम-पट्टि जाउलाखेल दर्बार-अगाडि छ । यो वाणिज्य र शिल्पकलाको मुख्य केन्द्र हो । यहाँ घरबुना, मलेदाहरू बुन्ने घरेलु इलम छ । यहाँका तामा, पित्तल, धातुहरूका माल र काठ, हस्तीहाड, बेलौरका मालहरू तथा ढुङ्गा, पित्तलका मूर्तिहरू प्रख्यात छन् ।

कीर्तिपुर—यो शहर सदाशिवदेवले स्थापना गरेको हो । यहाँको बागभैरव मन्दिरको ढोकामा राम्रो कालीगढी देखाएको छ । धेरै वर्ष-अघि यहाँकी एक गाईले श्रीपशुपतिनाथमा आफै गई दूध चढा-उँथिन् भन्ने लेखिएको छ । तिनै गाईको कीर्ति रहोस् भनी कीर्तिपुर नाम रहेको रे ! नेपालको इतिहासमा यो एक प्रख्यात ठाउँ मानिएको छ । अहिले यहीं त्रिभुवन विश्वविद्यालय बनाइएको छ । यहाँका मानिसहरू सालको दश महीना सिकर्मी डकर्मी वज्रकर्मी बोसी ज्यामी भै देशभर काम गरी हिड्छन् । यो ५ हजार फीटमाथि रहेकोले यहाँबाट चारभञ्ज्याङभित्रको र हिमालको अति राम्रो दृश्य देखिन्छ ।

चोभार—काठमाडौं र ललितपुर शहर-नजीकै करीब ५२ सय

फीट अग्लोमा रहेको यो एक रमणीय ठाउँ हो। चारभञ्ज्याङ-भित्रका सबै नदीहरूको पानी यहींको गल्छीबाट बाहिर जान्छ। दक्षिणपूर्व फेदीमा वागमती निस्केको गल्छीकै मुखमा जल-विनायकको मन्दिर छ। टुप्पामा श्रीआदिनाथ वा आनन्दलोकेश्वरको मन्दिर छ। चारैतिरको दृश्य हेर्न यहाँ धेरै मानिस धुम्न जान्छन्।

फर्पिङ—कान्तिपुरबाट यहाँसम्म मोटर जान्छ। यहाँ दक्षिण-कालीको मन्दिर छ। बिजुलीको पावर हावस, बोर्डिङ्ग स्कूल, शिखर नारायण स्थान छ। आरु, नास्पाती र चूनका लागि यो स्थान प्रख्यात छ।

खोकना—यो पाटनदेखि दक्षिणपट्टिको एक सानो शहर हो। यहाँ तेल पेल्ने काम खूब हुन्छ। यहींनेर कोढको औखती गर्ने अस्पताल र कोढीहरू बस्ने घर छ। नजीकै बुगमती शहर छ। यहाँ मत्स्येन्द्रनाथ ६ महीना राखिन्छन्।

हरिसिद्धि—यो गोदावरीको बाटोमा पर्दछ। यहाँ हरिसिद्धि देवीको मन्दिर छ। यहाँका पुजारीलाई गठे भन्छन्। तिनीहरू सेतो जामा लाएका र कपाल पालेका हुन्छन्। यहाँ धान र गहुँको खूब उब्जनी हुन्छ।

ठेचो—यो एक सानो शहर हो। यहाँ दही र खुवा असल बन्दछ।

गोदावरी—यो पाटनबाट दक्षिण-पूर्व पर्दछ। यो इलाकाको स्वास्थ्यकर ठाउँ हो। यहाँ सिंह बृहस्पतिमा जाँदा प्रति बाह्र वर्षमा भारी मेला लाग्छ। अनेकौं जात्रूहरू यहाँका कुण्डमा स्नान गर्न

आउँछन् । यहाँ सन् १९५१ देखि अमेरिकाका पादरीहरूले एक अंग्रेजी बोर्डिङ्ग स्कूल खोलेका छन् । सिङ्गमरमर कुँद्ने काम पनि यहाँ हुन्छ । उत्तम फलाम र जस्ता-खानि यसैमाथि फूलचोकीमा पाइएको छ । चून पोल्ने काम पनि यहाँ हुन्छ ।

चापागाउँ—यो इलाकाको पाटनभन्दा सानो शहर हो । यो शहर-नेर श्रीवज्रवाराहीको मन्दिर छ । यहाँको जंगलमा जडी-बूटीहरू निकै पाइन्छन् । यहाँ हाल अमेरिकन मिसनको अस्पताल छ ।

यस इलाकाका अरू साना साना शहर बस्तीहरू ठैबं, लुँखुँ, साना गाउँ, सुनागुठी, पाँगा, नगाउँ, सतङ गोल, बलम्बू, किसीपिडी, थानकोट आदि हुन् ।

भक्तपुर (भादगाउँ)—शहरमा ३३,६२१ र गाउँमा ५६, २२३ जनसंख्या छ । भक्तपुर यस इलाकाको मुख्य शहर हो । यहाँ भक्तपुर जिल्ला अदालत, स्कूल, कालेजहरू छन् । यो शहर शंखको आकरमा राजा आनन्द मल्लले बसाएको हो । यहाँ उहिलेका राजाहरू-को महल आजसम्म छँदै छ । यहाँ दत्तात्रेयको मन्दिर छ । ५५ झ्याल भएको दरबारको काष्ठकला प्रसिद्ध र दर्शनीय छ । यहाँका धेरै घर-हरू पोलेया इँटले बनेका छन् । घरैपिच्छे कपडा बुन्ने काम हुन्छ । यहाँका खेतीवाल अतिमिहिनेती छन् । यहाँ माटाका भाँडा पनि किसिम-किसिमका बन्दछन् । नेपालको कालीगडीको चमत्कार हेर्नु छ भने भक्तपुर अवश्य जानुपर्छ । काठ, तामा, पित्तल र ढुंगा आदिमा कुँदिएका बुट्टा र मूर्तिहरू हेर्नलायकका छन् । यस्तो शिल्पकला यहाँका पुराना हरेक घर र मन्दिरमा तथा विशेष गरेर ५५ झ्याले दरबारमा देखिन्छ । भक्तपुरको न्यातपोल, सुनढोका, दत्तात्रेय, नवदुर्गा र भैरव-मन्दिर दर्शनीय छन् ।

ठिमी—यो गाउँ नेपालभरमा प्रसिद्ध छ। यहाँ बनेका माटाका भाँडा, गमलाहरू नेपालखाल्टोभर बिक्री हुन्छन्। खास गरी यसलाई नेपालको तरकारी बगैंचा भने हुन्छ। किनभने भक्तपुर, कान्तिपुरभर यहींको तर्कारी बिक्छ।

बोडे—यो ठिमीदेखि केही उत्तर-पश्चिममा छ। यहाँको टिक्का बजी (चिउरा) अति प्रसिद्ध छ।

भक्तपुरको उत्तर भागमा गुप्ताक्षरमा कुँदिएको मानदेवको स्तम्भ र अत्यन्त राम्रो कालीगडीले भरिपूर्ण भएको श्रीचाँगुनारायणको पवित्र मन्दिर छ। दक्षिणतर्फ सूर्यविनायक (गणेश) को प्रसिद्ध मन्दिर छ। यहीं अमेरिकन मिसनको अस्पताल छ। यहीं इलाकामा गर्मीमा हावा खाने नगरकोटको महल छ।

प्राकृतिक हिसाबले नेपाललाई तीन भाग लाएको छ—

नेपाल भारतको सीमादेखि चूरे पहाडसम्म मदेश; चूरेपहाडदेखि महाभारतसम्म भित्री मदेश र महाभारतदेखि चीनको सीमासम्म पहाडी प्रदेश भनिन्छ। जस्तो मदेशमा र भित्री मदेशमा जिल्लाको परिचय दिइयो त्यस्तै पहाडमा ती जिल्ला इलाकाको नाउँले विख्यात छन्। त्यस्ता इलाका कान्तिपुरभन्दा पूर्व—पूर्व १ नं०, २ नं०, ३ नं०, ४ नं० र पल्लो किरात, इलामको नाउँले प्रसिद्ध छन् र कान्तिपुरभन्दा पश्चिम—पश्चिम १ नं०; २ नं०; ३ नं०; ४ नं० ले विख्यात छन्।

इलाम जिल्ला र त्यस मेक्काले—धूम स्टेशनमा;
झापा जिल्ला र त्यस मेक्काले—गलगलिमा स्टेशनमा;
विराटनगर, मोरङ्ग र त्यस मेक्काले—जोगबनी स्टेशनमा

सप्तरी जिल्ला र त्यस मेककाले—भपटियाही, जयनगर स्टेशनमा;
महोत्तरी जिल्ला र त्यस मेककाले–जयनगर, पुपुरी, सीतामढी स्टेशनमा;
सरलाही जिल्ला वा त्यस मेककाले—सीतामढी स्टेशनमा;
रौतहट जिल्ला वा त्यस मेककाले—ढेंग स्टेशनमा;
बारा पर्सा वा त्यस मेककाले—आदापुर, रक्सौल स्टेशनमा;
पाल्ही माझ खण्ड र त्यस मेककाले—नौतनवा, सुरतगढ स्टेशनमा;
बाँके बर्दिया र त्यस मेककाले—नेपाल गंज रोड स्टेशनमा;
कैलाली, कञ्चनपुर र त्यस मेककाले—कतर्नीया घाट स्टेशनमा;

रेलचढी भारतमा आफ्नू इष्ट स्थानमा जाने र भारतबाट यिनै स्टेशनमा उत्री ती जिल्लाहरूमा जाने काम हुन्छ ।

नेपालमित्रका बाटाघाटा

(१) काठमाण्डू–कोदारी राजमार्गः—यो बाटो काठमाण्डू–भक्तपुर–धूलिखेल, पाँचखाल हुँदै हिमालयको भञ्ज्याङसम्म पुग्दछ, जहाँ रहेको मितेरी पुलले तिब्बतको भूमिलाई जोड्दछ । यो बाटो चीन-सरकारको सहयोगबाट बनेर तैयार भएको हो । यसको लमाइ ११० कि०मी० (८० माइल करीब) छ ।

(२) पोखरा-काठमाण्डू-राजमार्ग—चीन सर्कारको सौजन्यताबाट बन्न लागेको यो पोखरा-काठमाण्डू राजमार्ग हाल सबै भन्दा लामो र महत्त्वपूर्ण मान्नुपर्दछ ।

(३) उपत्यका चक्रमार्ग—चीन सरकारको मदतले काठमाण्डू उपत्यकाको वरिपरि पहाडको कटिप्रदेशबाट एक बाटुलो बाटो बन्ने भएको छ ।

(४) पोखरा-सुनौली-राजमार्ग—करीब १२० मील लामो यो

बाटो भारतीय सहायतावाट बन्दै छ। यस बाटामा १०० पुल बन्ने भएको छ।

(५) धरानदेखि जोगबनीसम्म बृटिश सरकारले अति राम्रो पिच बाटो बनाएको छ।

(६) दार्जीलिंग पहाडबाट इलामसम्म मोटर चल्ने सडक छ।

(७) काठमाडौंबाट रक्सौलसम्म त्रिभुवन राजपथ चालू छ।

(८) पूर्वपश्चिम राज-मार्गसहित अरू पनि अनेक बाटा बन्दै छन्।

(९) नेपालमा रक्सौलदेखि अमलेखगंजसम्म ३० मील लामो र जयनगरदेखि जनकपुरधामसम्म १८ मील लामो दुइ रेल छन्।

(१०) हेटौंडादेखि टेकुदोभानसम्म रोपवे (तार-मार्ग) चलेको छ।

(११) हवाई-मार्ग—

(१) काठमांडौंबाट—गोर्खा-पोखरा-भैरहवा।
(२) काठमाडौं —सिमरा।
(३) काठमाडौं —दिल्ली बाराणसी।
(४) काठमाडौं —पटना-कलकत्ता-बागडोगरा।
(५) काठमाण्डू —विराटनगर-कलकत्ता।
(६) काठमाण्डू —भरतपुर-दाङ-नेपालगञ्ज-धनगढी।
(७) काठमाण्डू —जनकपुर-राजविराज।
(८) काठमाण्डू —भद्रपुर (झापा)
(९) काठमाण्डू —ढाका।

(१२) कोइलाबासबाट दाङसम्म मोटर चल्ने बाटो छ।

बाबू हो ! मेरो जन्म वि० १९२१ सालमा काठमाण्डूमा भएको हो। म सत्र वर्षको हुँदा ३८ सालमा नेपालमा राज-काज पर्व

चल्यो । त्यसमा कति बाहुनहरू मुडिएर देश-निकाला गरिए । अरू जातिहरू कति मारिए काटिए । राज-काज पर्व भनेको वीर र साहसिला व्यक्तिहरूबाट हुने कुरा हो । देश-निकाला भएर काशी आई बस्नेहरूको साहस निर्वासनले कम भएको थिएन । उनीहरूले यहाँ आएर आफ्नू रहन-सहनको व्यवस्था मिलाएर काशीमा पढ्न आउने विद्यार्थीहरूको, तीर्थवास गर्न आएका बूढा–बूढीहरूको पनि हरतरहले बस्ने पढ्ने खाने पिने प्रबन्ध मिलाइदिन्थे । उनीहरूको यो उदार कृति तीर्थ गर्न आउनेहरूका मुखबाट हामीहरूले पनि सुन्यौं र १९४० वि० सालमा पाँच जना बाहुन ठिटाहरू जम्मा भयौं र काशी पढ्न जाने भनेर कसिएर हिड्यौं । त्यस बेला नेपालमा कहीं पनि स्कूल पाठशाला थिएनन् । परम्परागत घरघरमै कहीं बाहुन केटाहरूले पढ्न पायो भने सक्दो पढ्थ्यो नत्र मूर्ख जिन्दगी बिताएरै मर्थ्यो । कसैलाई घेरै पढ्ने मन लागे काशीमै आउनुपर्थ्यो ।

नानी हो ! म काशी आउनुभन्दा पहिले मैले शिखरनाथ भाष्य लेख्ता १९७१ वि० सालमा काठमाण्डूबाट रक्सौलसम्म आउने बाटामा घेरै विकास भैसकेको थियो, जसको उल्लेख यसै पुस्तकमा भैसकेको छ । अचेल २०२४ सालमा त झन् सुधार भएको छ ।

म काशी आउँदा त विकट समस्या थियो । हामी राहदानी लिएर काठमाण्डूबाट हिंडेपछि चार दिनमा बगाहा (वीरगञ्ज) आइपुग्यौं । हिउँदको दिन औलो लाग्दैनथ्यो, बाटामा साथी पनि फाट्टफुट्ट भेटिन्थे नै । भीमफेदीसम्म त हामी एकै दिनमा आरामैसँग आयौं, त्यहाँबाट गोरेटे पाखे बाटो हिड्दै हेटौंडामा बास बस्यौं ।

त्यहाँ राती जंगली जनावरको ज्यादै डर थियो, पालो पालो गरी रात बितायौं। अब यहाँबाट मदेश छिचल्नु मामूली कुरा थिएन, हामी पाँच जना साथीको आँट पनि पुगेन। संयोग रक्सौल आउने सात जना ढाक्रे त्यै बाटो आए; तिनैका साथ लागी घनघोर जङ्गल-को बाटोमा हामी हिड्यौं, चूरेको डाँडो पार गरेपछि मुटुले ढ्याङ्रो ठोक्न थाल्यो, हाहा र होहो कराउँदै भिळाखोरीमा बास बस्ने इन्तिजाम गऱ्यौं, दिन धेरै बाँकी भए पनि त्यहाँबाट अगाडि बढ्ने साहस भएन, त्यो ठाउँ त्यस वेला बनजन्तुहरूले भरिएको थियो। रातभरि सुतेनौं, धुनी जगाएर काँचा बाँस धुनीमा पड्काएर कोकोहोलो मच्चाएर रात बितायौं। सबै यात्री यसै गर्थे। चौथो दिन कुदमकूद गरेर भयङ्कर चारकोशे झाडी छिचलेर छातापिपरा (मदेशमा) निकलेपछि बल्ल हामी सास फेऱ्ने आरामै-साथ बगाहा आएर बस्यौं र भोलिपल्ट ट्रेनको टाइम मिल्ने गरी रक्सौलमा आई जनही दुइ रुपियाँ र एकाना (अचेलको २'०६पैसा) को टिकट लिएर रेलमा चढ्यौं, अठार घण्टामा काशी आइपुग्यौं। रेलमा आउँदा सबै स्टेशन, जंकसन, बदल्ने ठाउँका नाम यौटा कागजमा लेख्दै आएको थिएँ। बनारस सिटीमा उत्रेपछि पैदलै सोध्दै खोज्दै रामघाटमा आएर यौटी आफ्नै तीर्थ बसेकी बज्यैकहाँ गएर आ-आफ्ना पोकापन्तरा राखेर गंगामा न्वाहुन गयौं, उतैबाट विश्व-नाथ बाबा अन्नपूर्णा माताको दर्शन गर्दै डेरामा आएर पकायौं खायौं, अरू साथी त अनिंदा हुनाले सुते र निदाइ पनि हाले। मैले चाहिं बसेर आउँदा बाटामा गनेका सबै स्टेशनको र आउँदाको बयान हाली अरूलाई पनि काम लाग्ने गरी केही टुटे-फुटेका सिलोक

बनाएँ। जो पाठकहरूको मनोरञ्जनका लागि तल लेखिदिएको छु। ती इ हुन्—

रक्सौलदेखि छपरा भै बनारस—

बेलूका रक्सौल पाँच बजदा, रेल्मा त सामेल् भए।
डाँक्गाडी छपरा सबेर मिलला, सीटी बनारस् गए॥
एकाना दुइ रूपियाँ दि पुगछन् अट्ठार घण्टामहाँ।
चार्ठाऊँ बदलो ति एक सय चौंतीस् कोश जान्छन् तहाँ॥
रक्सौल् राम्गढवा सुगौलि बदली झट् सेमरामा गयो।
मोतीहारि जिऊधरा र पिपरा फेरी चकीया भयो॥
मैसी भो महमल्र मोतिपुर भो काँटी छ राम्रो अवोल्।
मूजफ्फर्पुरमा* बदल्छ तुरकी भो कूरहा नीगरौल्॥

भग्वान्पूर र सराय हाजिपुर भो सोन्पूर* उत्री चढी।
वन्वारीचक भै गएर डिघवा-रा सानता गो बढी॥
गोल्डेन्गञ्ज र कचहरी र छपरा* गाडी बदल्छन् हजूर्।
रेविल्गञ्ज र घाट माझि बकुला फेरी सुरेमानपुर्॥
रेवती साहतवार बाँसडिहरोड् अर्को बलीया* भयो।
सागर्पालि र फेफना चितवरागाऊँ यही भै गयो॥

---

(१) बनारसबाट रक्सौल, रक्सौलबाट बनारस सुगौलीमा १, मुजफ्फरपुरमा २, सोनपुरमा ३, छपरा ४ यति ठाउँमा बदल्दछ।

फेरी ताज्पुरडेहमा करिमुदिन् पुर् जान्नु ढोढाडिह ।
यूसुफ्पुर् साहवाज्कुलि गाजीपुर घाटै इहा ॥
फेर् गाजीपुरसीटि आँकुशपुरै त्यो नन्दगञ्जै अनि ।
सुन्नूभो अब यो तराव र सयद् पुर् भीतरी यो पनि ॥
औरोहार्*रजवारि कादिपुर भो सार्नाथ् बनारस्*मिटी ।
याहाँ वर्लनु पर्छ क्याण्ट अथवा नीकाल झोट्टोमिटो ॥
एका बग्गि चढी हिंडीकन पनी जानू र रामघाटमा ।
साहीनू लिइ सोधि खोजि बसनू कूटुम्बका घर्महाँ ॥
रूप्याँको थइली दिसा गय पनी घाट्मा गए तापनि ।
भैंमा राख्नु हुन्न राख कटिमा भीजे भिजीयोस् भनी ॥
काशीमा बदमास डाँट ठग छन् चोट्टाहरू छन् कई ।
होसीयार भएर हाजिर जवाफ् दीनू चतूरो भई ॥
स्नानादी मणिकर्णिका गइ गरी काशीपुरी ढूँडनू ।
काशी नायर चारधाम गयझैं फल् छैन है बूझनू ॥

हुलाक एक्सचेन्ज आफिस

भारतबाट नेपाल अधिराज्यभर चिठी पठाउँदा नाउँ, गाउँ आदिका बाद आफ्नू स्थानीय हुलाक, त्यस हुलाकको एक्सचेञ्ज

(१) जून स्टेशनमा*यस्तो चिन्ह छ ताहाँ डाँक गाड़ी अड्दिन्छ ।

आफिस र त्यस एक्सचेञ्ज आफिसको मारतपद्धिको पोष्ट आफिस, जिल्ला लेख्नुपर्छ; जस्तै :—

नेपालका हुलाक—

"काठमाण्डू, भक्तपुर, त्रिशूली, धादिङ, गोर्खा, बन्दीपुर, रसुवा, चौतारा, तातापानी, धूलिखेल, परेवाडाँडा" यति हुलाकमा भारतबाट चिठी पठाउँदा एक्सचेञ्ज काठमाण्डू (नेपाल) लेखेदेखि पुग्दछ।

हुलाक—

"वीरगञ्ज, अमलेखगञ्ज, हेटौंडा, चितौन, भीमफेदी, कलैया, कटरवन"मा भारतबाट चिठी पठाउँदा एक्सचेञ्ज वीरगञ्ज, पो०आ० रक्सौल; जि० चम्पारन (बिहार) भनी लेख्नुपर्छ।

हुलाक—"जलेश्वर, मलंगवा, गोशाला, सिंधुली, दोलखा, ल्याङल्याङ"मा एक्सचेञ्ज जलेश्वर, पो० आ०—सुरसण्ड, जिल्ला—मुजफ्फरपुर (बिहार) भनी लेख्नू।

हुलाक—"जनकपुर र रघुनाथपुर"का लागि एक्स०—जनकपुर धाम, पो० आ०—जयनगर, जि०—दरभङ्गा (बिहार) भनी लेख्नू।

हुलाक—"सिरहा, राजविराज, हनुमाननगर, उदयपुर"का लागि एक्स०—सिरहा, पो० आ०—जयनगर, जि० दरभङ्गा (बिहार) भनी लेख्नू।

हुलाक—"बिराटनगर, रंगेली, झाँपा, भद्रपुर, विजयपुर, घनकुटा, तेन्हथुम, ताप्लेजुङ, भोजपुर, चैनपुर"मा पठाउँदा एक्स० बिराटनगर, पो० आ०—जोगबनी, जि०—पूर्णिया (बिहार) लेख्नू।

हुलाक—"पशुपतिनगर र इलाम"का लागि एक्स०—पशुपति-

नगर, पो० आ०–सुकिया पोखरी, जिल्ला–दार्जीलिंग (प. बं.) भनी लेख्नू।

हुलाक—नेपालगञ्ज, बर्दिया, कैलाली, कञ्चनपुर, दहवन, प्यूठान, ढुङ्गा पहाड, सल्यान, दैलेख"का लागि एक्सचेञ्ज–नेपालगञ्ज, पो०आ०–रुपैडिहा, जिल्ला–बहराइच (उ. प्र.)भनी लेख्नू।

हुलाक—"भैरहवा, बेथरी, तौलीहवा, स्यूराज, परासी, शेरगंज, बुटौल, पाल्पा, रिडी, स्याङ्जा, पोखरा, बागलुङ, थाक"मा चिठी भारतबाट पठाउंदा एक्स०–भैरहवा, पो० आ०–नौतनवा, जि०–गोरखपुर (उ. प्र.) भनी लेख्नू।

हुलाक—"बैतडी, दार्चुला, डडेलधुरा, डोटी, रिडीकोट, कर्नाली, अजुम्ला" हुलाक-मार्फत चिठी पठाउनु छ भने एक्स०–बैतडी. पो०आ०–झुलाघाट, जि०–पिथोरागढ भनी लेख्नू।

नानी हो ! याद राख :—

को धर्मः ? कति देवताः ? कति कलाः ? शिल्पं कथं शासनं ? का नीतिः ? कतिधा लिपिः ? कति शिलाः ? का राष्ट्रभाषा कथम् ? राजानः कति ? दूतकाः कति ? पुरा राज्य-व्यवस्था कथं ? का मुद्रा कतिधा ? किमन्यदखिलं ? जानन्तु सर्वे जनाः ॥

गङ्गासागर ।

गङ्गासागर कलकत्ताबाट जलमार्गका रीतिले ९० माइल पर्दछ। गङ्गासागरमा १ खाडी उत्तरबाट बहेर समुद्रमा मिलेको छ, मकर संक्राति अर्थात् माघे संक्रांतिका समयमा उस संगमदेखि उत्तर, खाडीदेखि पश्चिम किनारामा अन्दाजी १ माइल जङ्गल काटेर बाटो

बनाई मेला जमाउँदछन् , कलकत्ताबाट घैरै दुकानदारहरू माल ली बेपार गर्न जान्छन्, बंगालतिरबाट पनि शीतलपाटी (गुनरी), चटाई आदि बिक्न आउँदछन्। भारी मेला परेमा हजारन नाउ ५।७ अग्निबोट वरिपरि हुन्छन्। बाघ-बँदेल घुमिरहन्छन्, कैयौं यात्रीहरूलाई बाघले भोग लगाएका छन्। यहाँका मानिसहरू यसो भन्दछन् अघि गङ्गा सागरमा कपिलजीको स्थान गुप्त भएको थियो। उनका वैष्णव प्रधान रामानन्दजीले प्रगट गरेको हुनाले गङ्गासमुद्रको मिलाप दोभानमा पुरानू कपिलजीको मूर्ति छ। दाहिने राजा भगीरथजीको मूर्ति छ। बायाँ रामानन्दजीको मूर्ति पनि छ। यात्रीहरू संगममा स्नान गरेर समुद्रलाई जटादार नारियल फल फूल पंचरत्न हीरा मोती मुंगा पुष्पराज आदि पनि सक्नेले चढाउँदछन्। कपिलजीको पूजा दर्शन गर्दछन्। त्यहाँको मेटी अयोध्याका मठवाला साधु लिन्छन्। कपिलजीको स्थानबाट अलिकति उत्तरमा मीठो पानीको १ कच्चा पोखरी छ। त्यहींको पानी खान्छन्। मकर संक्रांतिका ३ दिनसम्म स्नान गर्दछन्, किन्तु मेला ५ दिन रहन्छ यहाँ पण्डा छैनन्। कार्त्तिकशुक्ल १५ का दिन पनि कोही कोही यात्री जान्छन् ,समुद्रको जल खाने पिने काममा आउँदैन, यसको माहात्म्य महाभारत (वनपर्व ८४ अध्याय) मा गङ्गा समुद्रका संगममा स्नान गर्नाले १० अश्वमेध गरेको फल मिल्दछ भनी लेखेको छ, वाल्मीकि रामायणमा बालकाण्डका ३८ सर्गदेखि ४३ सर्गतक, पद्मपुराणमा स्वर्ग खण्डका ७८ अध्यायमा, बृहन्नारदपुराणका ८ अध्यायमा, शिवपुराणमा ११ खण्डका २१ अध्यायमा, श्रीमद्भागवतका २ स्कन्धका ८९ अध्यायमा, बाराहपुराणका १७० अध्यायमा गङ्गासागर-संगममा स्नान गर्नाले मनुष्यको

ब्रह्महत्या पनि नाश हुन्छ भनी लेखेको छ । कूर्म्मपुराणमा ब्राह्मीसंहिता उत्तरार्द्ध ३६ अध्यायमा, श्रीमद्भागवतका तृतीयस्कन्धका ३३ अ० मा भगवान् कपिलदेवजी आफ्ना पिताका आश्रम (सिद्धपुर) देखि माताको आज्ञा लिएर ईशान कुनाका गङ्गासागरमा जाँदा समुद्रले उनै कपिलदेवको पूजा गरी यहाँ रहनुहोस् भनी ठाउँ दिएको हुँदा अझतक कपिलदेव त्रिलोकका शान्तिका निमित्त योगधारण गरी उसै स्थानमा बसेका छन् भन्ने कुरा लेखिएको छ ।

भुवनेश्वर

कटकदेखि १९ माइल दक्षिण उडीसामा प्रसिद्ध भुवनेश्वरको मन्दिर छ । जन्नाथजीका मन्दिरभन्दा पनि पहिले बनाएको प्राचीन मन्दिर छ । यसमा जगन्नाथजीको मन्दिरमा भन्दा पनि कारीगरी ज्यादा छ । प्रधान मन्दिर १९० फीट ऊँचा (अग्लो) छ । मन्दिरमा तलदेखि माथिसम्म नकाशीको काम पूर्ण छ । मन्दिरका गजूरमा त्रिशूल छ । यसका भित्र ८ फीट व्यासको अर्धमा ३ हात ऊँचो भुवनेश्वर शिवलिंग छ । उहाँका पंडाहरू हरिहरात्मक पनि भन्दछन् मन्दिरमा अँध्यारो हुनाले दिनमा बत्ती बालेको हुन्छ । भुवनेश्वरका मन्दिरको पूर्वमुख छ । मन्दिरका अगाडि भोग-मन्दिर छ । मन्दिरका चारैतरफ बडा बडा पत्थरहरूले बनेका ७ फीट मोटो (चाकलो) भारी अग्लो परखाल छ । जुन परखालभित्र देवताहरूका बहुत छोटा छोटा मन्दिर छन् । भोगमन्दिरका पूर्व सिंहका २ मूर्ति छन् । परखालका भित्र हिन्दूहरूदेखि अरू पस्न पाउँदैनन् । भुवनेश्वर शिवको रोज रोज पूजाको बन्दोबस्त यस्तो छ । १ सबेरै घंटी बजाएर जगा-

उँदछन् , २ आरती गरदछन् , ३ मुख धोई स्नान गराउँदछन्, ४ कपडा पहिराइदिन्छन्, ५ दाना मिठाई दही नरिवलको जलपान गराइदिन्छन्, ६ पूरी आदिको प्रधान भोग लाउँछन् , ७ सानू जलपान गराउँछन्, ८ मामूली जलपान गराउँदछन्, ९ कच्ची र पक्की भोग लगाउँदछन् , १० दोपहर भएपछि बाजा बजाएर शिवजीलाई जगाउँछन्, ११ अनि निठाईको भोग लाउँदछन् , १२ प्रहर ढल्केपछि स्नान गराउँदछन् , १३ वस्त्र पहिराइदिन्छन् , १४ दोस्रो भोग लाउँदछन् , १५ दोस्रो स्नान गराउँदछन्, १६ बहुमूल्य वस्त्र पहिराई फूल, माला, सुगन्धी पदार्थ लगाइदिन्छन् , १७ भोग लगाउँछन् , १ घंटीबाद रातको भोग लाउँदछन् , १८ डमरु (डिवडिवे) बजाएर नाची-नाची पंचमुखी महादेवको मूर्त्ति राख्दछन् , १९ सुकला गर्ने बखतमा आरती गर्दछन् , २० सुकलाका निंति शय्या बिछ्याउँदछन् ,रोज रोज यस्ता थितीसितकाम गर्दछन्, बहुत यात्री नृत्यमंडपभित्र जगन्नाथपुरीका झैं सर्ववर्ण एकै पंक्ति बसेर भोग लागेको काँचो भात खान्छन्, मंडपदेखि बाहिर कोही खाँदैनन् । बहुत यात्रीहरू पक्का प्रसाद लिन्छन् , पंडाहरू जमीनका आमदनीले भोग रातमा नित्य २५ रुपियाँ खर्च हुन्छ भनी भन्दछन्, जगन्नाथ जाने यात्रीहरू कि अगाडि कि पछाडि भुवनेश्वरजीको दर्शन गर्न अवश्य जान्छन् , ५ मिल परबाट भुवनेश्वरको मन्दिर देखिन्छ । बडामन्दिरका उत्तर विन्दुसरोवर नामक १ तलाउ बडो भारी छ । तलाउका जलका माझमा १ मन्दिर र स्थान बनेको छ, यहाँ उत्सवका समयमा देवताहरूको चलमूर्त्तिहरू राख्दछन् ,तलाउका किनारामा वासुदेव अर्थात् कृष्णजी र अनन्त अर्थात् बलदेवजीको मन्दिर छ ।

यहाँबाट १ मील २ मील वरिपरि कोटितीर्थेश्वर ब्रह्मेश्वर छन् । ब्रह्मेश्वर मन्दिरका भित्र बाहिर बहुत नकाशीको काम छ । मन्दिरका पश्चिम ब्रह्मकुंड तलाउ छ । तास्करेश्वर, मुक्तेश्वर, केदारेश्वर, सिद्धेश्वर, परशुरामेश्वर प्रसिद्ध छन् । मुक्तेश्वरको मन्दिर ३५ फीट ऊँचो बहुत खूबसूरत छ। यसमा बहुत कारीगरी भएका मूर्त्तिहरू पनि बनेका छन्, यसका पछाडि १ तलाउ भारी छ । माछैमाछा भएको १ गौरीकुंड तलाउ छ । यहाँ ४१ फीट ऊँचो केदारेश्वरको मन्दिरका १ कोठरीमा ८ फीट ऊँचा हनुमानको र सिंहासनमा खडा भएकी दुर्गाजीको मूर्त्ति पनि छ । यो मन्दिर बहुत पुरानू हो । अरू पनि घेरै छन् लेखी साध्ये छैन ।

जगन्नाथपुरी

जगन्नाथजी जाँदा मुजफ्फरपुरसम्मका स्टेसनहरू हेरी पुरीतकका स्टेसन बिचार गर्दै उत्रने ठाउँमा उत्रँदै गरी गए पुरीमा पुगिन्छ, सो पुरी नेपाल हनुमानढोकाबाट ३८३ कोश, रक्सौलबाट ३५१, वैतरणीरोडबाट ५३ कोश, कटकबाट २६ कोश, भुवनेश्वरबाट ९ कोश, साक्षीगोपालबाट ६ कोश पर जगन्नाथपुरी पर्दछ । रक्सौलबाट कलकत्ता-कलकत्ताबाट जगन्नाथ पुरी अर्थात् काशीको टिकट ली आसनसोलमा दोस्रा रेलगाडीमा चढो एकदम पूर्व समुद्रका किनाराका उडिसा देशका ४ धाममाका मुख्य १ धाम जगन्नाथपुरीमा पुग्दछन् । यात्री वा यात्रू वा जात्रूहरू बस्नलाई पुरीको सीमा समुद्रदेखि मधुपुर नदीतक १॥ मील चाक्को फेरि बलिखंडादेखि लोकनाथका मन्दिरतक ३॥ मील लामू शहर बनेको छ । पंडाहरू

जात्रूहरूको नाम कागजमा वा ताड़पत्रमा लेख्दछन् कहिले कहिले बड़ा मेलामा १ लाख जात्रू बढ्दछन्। १ सालमा ५० हजारदेखि ३ लाखसम्म जात्रू जम्मा हुन्छन्। आफ्ना यजमानहरूलाई पंडाहरू आफ्-आफ्ना घर लगी राख्दछन्। उडीसाको जलवायु रोगवर्द्धक हुनाले धेरै जात्रू पहिला धामबाट परमधाम पुग्छन्। जगन्नाथजीको मन्दिर पुरीका माझमा प्रधान सटक टुंगिएको ठाउँनेर पश्चिम समुद्रदेखि आधा कोश उत्तर आसपासका जमीनभन्दा २० फीट अग्ला भूमिमा जसलाई नीलगिरि भन्दछन् उसै ठाउँमा जगन्नाथजीको मन्दिर छ। यहाँ अन्यधर्मी छोटा जातिहरूलाई र चर्मपात्रादि अर्थात् छालाका चीजबीजलाई भित्र हुल्दैनन्। जगन्नाथको मन्दिरका बाहिरको परखाल ६६५ फीट लामू छ। ६४५ फीट चाक्लो छ। यस परखालको गाह्रो २२ फीट अग्लो छ। प्रत्येक फाटकहरूभन्दा माझको फाटक बडो भारी छ। यसभन्दा पनि पूर्वको फाटक बहुतै उत्तम छ। काला पत्थरको नकाशीको काम बहुतै छ। अग्राखका दरबाजा (द्वार) छन्। फाटकका माथि ४ पाटे मन्दिरमा नकाशीको काम बिछट्टै राम्रो छ। कैयौं मूर्तिहरू मानिसका बराबरैका छन्। यस दरबाजामा दुइतिर भारी-भारी सिंह भएको हुनाले सिंहदरबाजा भन्दछन्। उत्तरका फाटकमा २ तरफ हात्ती र काठका ३ सारथि छन्। दक्षिण फाटक १५ फीट अग्लो छ। जसका माथि अनेकन् मूर्त्ति बनेका छन्। मन्दिरका परखालबाहिर वरिपरि चारै तरफ ५४ फीट चाक्लो बाटो छ। सिंहदरबाजाका अगाडि काला रङ्गको यौटै ढुङ्गा (पत्थर) को ३५ फीट अग्लो बडो भारी मोटो सुन्दर अरुणस्तंभ खडा छ जसका

शिरमा सूर्यका सारथि अरुणजीको मूर्त्ति छ। सिंहदरबाजाका पूर्व मैदानमा सुकेको भात महाप्रसाद, जगन्नाथजीका पटहरू बेच्न राखेको बजार छ। कोई-कोई जात्रुहरू बेत, तालपत्रका छाता, चन्दन आदि पनि प्रसादि भनी लान्छन्। बाहिरको परखाल (किल्ला) भित्र ४५० फीट लामू ३०० फीट चाक्लो दोस्रो परखाल छ। यसमा पनि ४ फाटक छन्। बाहिरका परखालभन्दा घेरैन होचो छ। यसभित्र जगन्नाथजीको अरू देवताहरूका मन्दिर घेरै छन्। सन् ११९८ ई० मा राजा अनंगभीमदेवले १४ वर्षका बीचमा यो मन्दिर बनाएको हो। जगन्नाथजीका मन्दिर-अगाडि पूर्व जगमोहनका भगोडी नृत्यमन्दिर छ। यसका अगाडि भोगमन्दिर छ। जगन्नाथजीको मन्दिर १९२ फीट अग्लो, ८० फीट लामू यत्तिकै चाक्लो छ। चारैतरफ जगमोहनमा स्त्रीहरूको र पुरुषहरूका धेरै तस्वीर छन्। मन्दिरका माथि अर्थात् यसका कटिस्थानका कोठामा बलिराजा, पश्चिम कोठामा नृसिंहजी, उत्तरका कोठामा कलियुग छन्, गजूरनेर शिखरमाथि नीलचक्र र पताका छन्। मन्दिरका भित्र पश्चिमपट्टि ४ फीट अग्लो, १६ फीट लामू पत्थरको वेदी छ। यसै वेदीलाई रत्नवेदी भन्दछन्। रत्नवेदीका दाहिने बायें ४ फीट त्यसका पछि अर्थात् पश्चिम ३ फीट चाक्लो गल्ली जस्तो बाटो छ—सब जात्रूहरू यतैबाट जगन्नाथजीका मन्दिर आदिको परिक्रमा गर्दछन्। रत्नवेदीका माथि उत्तरतर्फ ६ फीट लामू सुदर्शन चक्र छ, यसका दक्षिण जगन्नाथजी, सुभद्रा, बलभद्रजी क्रमसित खड़ा रहेका छन्। जगन्नाथजीका १ तर्फ लक्ष्मीजी र सत्य-भामा अगाडि राजा इन्द्रद्युम्नको धातुको मूर्ति छ, बलभद्रजी गौर (सेतो) वर्ण भएका ६ फीट अग्ला छन्। बलभद्रभन्दा १ अंगुल

छोटा श्याम वर्ण भएका जगन्नाथजीको मूर्ति छ। सुभद्राजी ४ फीट अग्ली पीत (पहेंली) वर्ण भएकी छन्। यी तीनै मूर्ति काठका हुन्। यी तीनैवटाका हात पाउ ठुटा छन्। नाक ठूला छन्। देख्दा-खेरि सुभद्राका हात छैनन् कि भनेजस्तो हुन्छ, तर कपडाभित्र दबिएका छन्। जगन्नाथजीका र बलभद्रजीका निधारमा हीरा लगाएको छ, यी तीन मूर्तिहरूको नित्य समय-समयमा र उत्सव-हरूका दिनमा रङ्गविरङ्गका पोशाक पगरीहरू र सुनौला हात बहु-मूल्यका अरू दोस्रा पोशाकहरू पहिराइदिन्छन्। अनेक प्रकारका शृङ्गारहरू बहुत हुन्छन्। सुकला जाग्रनका समयमा मंगल आरतीका बखतमा सादा शृङ्गार हुन्छ, अनि अवकाशवेश, पछि ग्रहरवेश, यसका पछि चन्दन लगाउने भेष बनाउँछन्। सबभन्दा ठूलो प्रसिद्ध शृङ्गार यही हुन्छ। जो गोधूलीका पछि संख्या धूपका पछि बनाउँछन्। यिनका अतिरिक्त समय-समयमा जगन्नाथजीको दामोदरभेष, वामन-भेष, बुद्धभेष, गणेशभेष आदि बनाउँछन्। जगन्नाथजी आदिको पोशाक पहिराई शृंगार गरिसकेपछि मन्दिरको फाटक खुल्दछ, यात्री-हरू दर्शन गर्न जान्छन्। मन्दिरमा अँध्यारो हुँदा दिनमा पनि दीया बालेका हुन्छन्। मंगला आरतीका समय प्रहर दिन चढ़ेपछि प्रधान भोग लाएपछि गोधूलीका बाद बडा शृंगारका समयमा नित्य ३ बार यात्रीहरू खास मन्दिरमा गएर रत्नवेदीको परिक्रमा गर्छन् अनि मूर्तिहरूका चरणमा दण्डवत् गरी जगमोहनबाट दर्शन हुन्छ। मन्दिरका अगाडिको जगमोहन १२० फीट अग्लो ९० फीट लामो यत्तिकै चाक्लो छ। यसका माझमा ४ खड्गा बगलमा २ बाजु छन्। जगमोहनमा ३ तरफ ठूला ढोका छन्। उत्तरका बाजुमा जगन्नाथ-

जीका असबाबहरू रहन्छन् । यात्रीहरू जगमोहनमा इकट्ठा भएर जगन्नाथ आदि देवताहरूको दर्शन गर्दछन् । बखतमा सब यात्री मन्दिरका भित्र जान्छन् । जगमोहनका पूर्व नृत्यमन्दिरका भित्र ६९ फीट लामू, ६७ फीट चाक्लो छ । यस नृत्य-मन्दिरमा समय-समयमा स्त्रीहरू गाना बजाना नाचना गर्दछन् । यसका पश्चिमका द्वारमा जो जगमोहनका नगीचै जय र विजयका मूर्ति छन् । पूर्वको हिस्सामा १ स्तंभमा गरुडजीको मूर्त्ति छ । नृत्यमन्दिरका पूर्व १२० फीट अग्लो ६० फीट लामू यत्तिकै फराक भोगमन्दिर छ । यसमा तल-देखि माथिसम्म पत्थर कुनेर असंख्य मूर्तिहरू बनाएका छन् भनी मानिसहरू भन्दछन् कि पछिल्ला शतकमा महाराष्ट्रहरूले कोणार्कका काला मन्दिरका हिस्साका पत्थर ल्याएर ४० लाख रुपियाँ खर्च गरी यसलाई बनाएको हो । पाकशालादेखि भोगमन्दिरतक एक राम्रो बाटो छ । भोगको सामग्री पाकशालाबाट तयार गरेर यहाँ ल्याउँद-छन् । भित्रपट्टिका हातामा जगन्नाथजीका मन्दिरदेखि दक्षिणमा १ पीपलको रूख छ । यहीं ३८ फीट लामू यत्तिकै चाक्लो मुक्तिमण्डप छ । यहाँ पण्डितहरूको शास्त्रार्थ हुन्छ । उहींनेर अक्षयवट छ । यहाँ अक्षयवटलाई यात्रीहरू अङ्कमाल गर्दछन् । उहींनेर प्रलयकालका विष्णुको बालमूर्ति छ, जसलाई बालमुकुन्द भन्दछन् । यहीं रोहिणी-कुण्ड छ, यहाँ पत्थरको चतुर्भुजी काग (कौवा) का मूर्ति छन् । विमलादेवी, नृसिंहजी, लक्ष्मीजी, एकादशी आदि देवता देवीहरूका मूर्ति छन् । बडामन्दिरदेखि पश्चिम सरस्वती कर्मावाई विधाता काली आदि देवमूर्तिहरू छन् । उत्तरका दरवाजामा शीतलाजीको मूर्ति छ, यिनदेखि भित्र परखालभित्र शिव, सूर्य, हनुमान, गणेश,

मङ्गलो आदि देवता देवीहरूका मन्दिरहरू यस परखालभित्र करीब पचास स्थान मन्दिरहरू बनेका छन् । बाहिरका हातामा सिंह-दरवाजानेर परखालभित्र २१ सींढीहरूका माथि मन्दिरको फर्स छ, दरवाजाबाट पस्ने यात्रीका दाहिने महाप्रसाद बेच्नेहरूका दोकानहरू छन् । फाटकनेर जगन्नाथजीको सानू मूर्ति छ । यिनलाई पतित पावन भन्दछन् । चमार आदि साना जाति जो मन्दिरका हाताभित्र पस्न पाउँदैनन् , तिनीहरू यिनैको दर्शन गर्दछन् । २२ भुजावाला ठाकुर पनि छन् । सिंहदरवाजादेखि उत्तर स्नानवेदी छ । जेठमा स्नानका निम्ति जगन्नाथजीलाई ल्याई यहीं स्नान गराउँछन् । दरवाजानेर १ इमारत छ, यहाँ स्नान हेर्नाका निम्ति लक्ष्मीजी बस्तछिन् । दरवाजाका दक्षिणतरफ १ दोस्रो इमारत छ । भगवान् फिर्दाखेरि लक्ष्मीजी स्वागतका निम्ति जान्छिन् , बाहिरका हाता-देखि पूर्व दक्षिणका कुनाका पासमा जगन्नाथजीको पाकशाला छ । यहाँ सयकडौं चूल्हाहरू छन् । एक-एक चूल्हामा कैयौं-कैयौं भाँडा चढ्दछन् । उत्तरका हात्ती—फाटकदेखि पश्चिम-दक्षिण वैकुण्ठ नाम भएको सानू घर छ। यहाँ आफ्-आफ्ना यात्री यजमानहरूलाई संकल्प गराउँदै के के दिन्छौ भनी अड्याई पंडाहरू कबूल गराउनाका निंति जूंघा मुसारी मुसारी बस्दछन् । पुरीमा बानर बहुतै छन् । जगन्नाथ पुरीमा ५ महादेव प्रख्यात छन् । लोकनाथ १, मार्कण्डे-श्वर २, कपालमोचन ३, यमेश्वर ४, नीलकण्ठ ५ । १ चन्दन-तलाउ, २ श्वेतगङ्गातलाउ, ३ पार्वती सागर, ४ इन्द्रद्युम्नतलाउ, ५ मार्कण्डेय तलाउ । यिनलाई पंचतीर्थ भन्दछन् । जनकपुर :— जगन्नाथजीका मन्दिरदेखि १॥ (डेढ) मील दक्षिण-पूर्व जनकपुरमा

जगन्नाथजीको जन्मस्थान भन्दछन् । यहाँ पनि जगमोहन नृत्य-मन्दिर, भोगमन्दिर खास मन्दिरमा ४ फीट अग्लो १९ फीट लामो पत्थरको रत्नवेदी (सिंहासन) छ, रथयात्राका समयमा पुरीका जगन्नाथ बलभद्र सुभद्राहरूलाई यस रत्नवेदीमा विराजमान गराउँद-छन् । यस मन्दिरका फाटकमा पनि २ सिंह छन् । जगन्नाथ पुरीको केही नकल छ । यो मन्दिर बहुत पुरानू छ । मार्कण्डेय तलाउ जगन्नाथजीको मन्दिरभन्दा आधा मील उत्तर पर्दछ । तलाउका चारैतरफ पक्का सिंढीहरू छापेका छन् । परखाल पनि छ । यहाँ कैयौं मन्दिर छन् । यसै तलाउमा नुहाई मार्कण्डेयेश्वरको दर्शन गरी तमाम यात्रीहरू जगन्नाथजीको दर्शन गर्न जान्छन् । चन्दनतलाउ मार्कण्डेय तलाउभन्दा पूर्व २२५ गज चाक्लो केही लामो (पोखरी) छ । वरिपरि पक्का सिंढीहरू छन् । पानीका माझमा चौतरा-माथि एक मन्दिर छ । डुङ्गा तरी जानुपर्दछ । वैशाख सुदी अक्षयतृतीयाका दिनदेखि २१ दिनतक स्नानयात्रा हुन्छ, यस स्नानयात्रामा भगवानको उही प्रतिनिधि चलमूर्त्ति रोज चन्दनतलाउमा लगेर नाउमा लोक-नाथ महादेवको चलमूर्त्तिलाई समेत राखी घुमी चन्दनतलाउका माझमा जो मन्दिर छ त्यसमा राखी चन्दन आदि लगाएर जलक्रीडा गराई नाचगान गर्दछन् । सब जना चन्दन तलाउमा स्नान गरी चन्दन लेपन गरी सुगन्धि वस्तुको व्यवहार गर्दछन्, यसै दिनदेखि जगन्नाथजीको रथ बनाउनलाई साईत गरी प्रारम्भ गर्दछन् । स्नान-यात्राको महिमा भारी छ ।

जगन्नाथजीको स्नानयात्रा

यो स्नानयात्रा ज्येष्ठ सुदि पूर्णिमाका दिन हुन्छ । यस दिन

भगवान्का चारै मूर्ति (बलभद्र, सुभद्रा, जगन्नाथ, सुदर्शन) हरूलाई रत्नवेदीदेखि ल्याएर स्नानवेदीमा राखी १०८ सुवर्णघट–जलले स्नान गराई गणेशरूप धारणा पारी रत्नसिंहासनमा विराजमान गराउँदछन् , यस दिनदेखि १५ दिनतक जगन्नाथजी बिरामी हुनुभयो भनी पट बन्द गरिदिन्छन् ।

जगन्नाथजीको दोलयात्रा ।

यो दोलयात्रा फागुन सुदि १५ का दिन हुन्छ अर्थात् उस दिन जगन्नाथजीको प्रतिनिधि मदनमोह मूर्ति मन्दिरका बाहिर दोलवेदीमा बैठाएर झुलाउँदछन् । सब यात्री मनुष्महरू माथि लाल गुलाल अबीर अभ्रख (बुक्का) आदि चढाउँदछन् । भोगहरू पनि लाउँदछन् । इन्द्रद्युम्न तलाउ जनकपुरदेखि पूर्व मार्कण्डेय तलाउभन्दा केही छोटो इन्द्रद्युम्न तलाउ छ । ओरिपरि सिंढी छन् । तलाउमा कछुवा (ठोटरी) हरू बिघ्न छन् । तलाउका पास १ मन्दिरमा नीलकण्ठ महादेव र इन्द्रद्युम्न; दोस्रा मन्दिरमा पद्मनाभ छन् । जगन्नाथजीका मन्दिरको प्रबंध मन्दिरको वार्षिक आमदानी ५ लाख, यात्रीहरूले पूजालाई भनी दिएको १ लाख जम्मा सालको ६ लाख पैदा भै जगन्नाथजीको पूजा भोग चल्दछ । मन्दिरका पुजारी, पंडा, मठधारी, नोकर, यात्रीहरूलाई लैजानेहरूका गुमास्ताहरू सब मिलाएर ६ हजार भन्दा अधिक छन् । २० हजारभन्दा बढ्ता स्त्री पुरुष लडकाहरूको परवस्तो हुन्छ । मन्दिरमा काम गर्ने नोकरहरू ६५० छन् । जगन्नाथजीका महाप्रसादी पकाउने भान्से ४०० छन् । १२० नित्य भात प्रसादहरू पकाउने केटी (लडकी) हरू छन् । कैयौं हजार मानिस पुजारी पंडाहरू छन् । यिनमा कोही-कोही बडा धनी छन् । मन्दिरका

प्रधान प्रबन्धकर्त्ता पुरीका राजा छन् । जगन्नाथजीको नित्य सेवा बिहान घंटी बजाएर जगन्नाथ, बलभद्र आदि देवताहरूलाई जगाउँदछन् अनि कपडा खोलिदिन्छन् फेरि धाम देखाइदिन्छन् । ११ बजे आरामका निंति प्रार्थना गर्दछन् अनि भोजनको सम्पूर्ण सामग्री सिंहासनका अगाडि राखिदिन्छन् । समय-समयका भोगहरूमा सकालभोग, द्विप्रहरभोग, सन्ध्याभोग अनि उसका पछिबाट शृङ्गार-भोग प्रधान छ । बहुत सामग्रीहरू तयार गरेर भोग-मन्दिरमा राख्दछन् अनि फाटक खोलेर भोग लगाउँदछन् । साधुका सामग्री भोगमन्दिरमा राख्दछन् । राजाको सामग्री खास मन्दिरमा भोग लगाउँछन् । राजाका गोपाल, बलभद्र नामक एक खास सामग्री-महलमा बनाएका मिठाईहरू नित्य भोग लाग्दछ अनि पछिबाट बेचिदिन्छन् । त्यसको दाम राजाका खानकी हिसाबमा राख्दछन् । ४ भोगका समयमा एक-एक घंटातक पट बन्द रहन्छ ।

कर्माबाईका खिचडीको भोग पहिले लगाएको अर्थ कर्माबाई उठ्नेवित्तिकै खिचडी पकाई जगन्नाथजीलाई भोग लगाई स्नानादि कर्म गर्दिरहिछन् । एक दिन १ साधुले स्नान गरीवरी खिचडी भोग लाउन् तब पो धर्म हुन्छ भनी साधु गएछन् , होतानि भनी भोलिपल्ट नुहाई आई खिचडी पकाई भोग लाउँदा जगन्नाथजी-लाई भोग लागेनछ । सधैं सबेरै खान दिन्थिन् हिजोआज नुहाई पकाउन लागिन् भनी जगन्नाथजीले पंडाहरूलाई स्वप्नामा कर्माबाई भक्तलाई अधिबाटैका झैं नुहाई खिचडी पकाई भोग लाउने गर अरे भनिदेऊ भन्ने स्वप्ना देख्नासाथ पंडाहरूले त्यही साधुलाई डाकी भन्दा साधु तुरुन्त गै कर्माबाइलाई अघि जसोरी पकाउँथ्यौ

उसै गरी पकाऊ, नुहाउनुपर्दैन । त्यहींदेखि अझतक सबैरैको कर्माबाईका नामको भोग नलगाईकन अरूको भोग लाग्दैन । महाप्रसाद भोजनका सामग्रीमा भोग लगाउँदा पहिले स्पशभेद मान्दछन् अर्थात् जगन्नाथजीलाई भोग लाउन लाँदा पात्रका भोगलाई छुँदाखेरि विचार छ, सम्पूर्ण सामान पाकशालादेखि भोग लगाउने स्थानमा बडा नियमले ल्याउँदछन् । भोग लागिसके-पछि कुल्लीहरू मन्दिरदेखि महाप्रसाद निकाल्दछन् । भोग लाइ-सकेपछि महाप्रसाद बडो पवित्र हुन्छ । हिन्दूस्थानका सब मानिसहरू सुकेको भात (महाप्रसाद) आफ्ना-आफ्ना घर लैजान्छन् । सब जाति सबैको भात उच्छिष्ट (जूठो) प्रसाद भोजन गर्नलाई दोष मान्दैनन् । जूठो खान्छन् । जूठा पत्तलमा भात पस्कन्छन् , आफूले खाँदै उसै हातले अर्कालाई दिँदै वा अर्कालाई खुवाइदिँदै उसै हातले आफू खान्छन् । कमारा संगै गएका छन् भने पनि एकै ठाउँमा बस्तछन् । कमाराका भागमा भात उब्न्यो भने उही भात झिकी मालिकलाई पण्डाले हालिदिन्छ, तर यवन (मुसलमान) आदि नीच जातिहरूले छोएको दोष मान्दछन् अर्थात् खाँदैनन् । बाहिरबाट पकाई ल्याएको भातको पनि भोग लाग्दैन । १८ नालाभित्र मात्रै छूआछूत जूठोको विचार राख्तैनन् , १८ नाला बाहिर कोही पनि खाँदैनन् , यसअर्थले पुरीमा मात्र खानू अन्त नखानू भन्नाले सुकेको भात पोको पारी रेलमा अँग्रेज, मुसलमान, चमारहरूलाई छुआउँदै ल्याएको दोष हुन्छ भनी अर्थात् प्रसाद ल्याउने हिसाब हुँदैन । पुरीमै पनि भट्ट नागरहरू १।२ सिता मात्र मुखमा हाली अर्थात् खाएर आउने पनि धेरै छन् । प्रसाद एक गाँस एक सिता खाए

पनि पटभार खाए पनि उत्तिकै हो खानुपदेछ सही ।

रथयात्रा आषाढ सुदि २ का दिन हुन्छ । यस दिन जगन्नाथ रोगमुक्त स्नान गरी रथमा चढेर आफ्नो जन्मपुर (जनकपुर) मा ७ दिन बसी फेरि आफ्नू रत्नसिंहासनमा विराजमान भइबक्सनुहुन्छ । यो रथयात्रा सब यात्राभन्दा श्रेष्ठ छ, रथ चढ्दा ४५ फीट अग्लो ३५ फीट लामो यत्तिकै चाक्लो १६ पाङ्रा लागेका रथमा जगन्नाथजी, फेरि ४४ फीट अग्लो १४ पाङ्रा लागेको रथमा बलभद्रजी, फेरि ४३ फीट अग्लो १२ पाङ्रा लागेको रथमा सुभद्राजी सुनौला हात-पाउ गराएका छँदा विधिपूर्वकसित सिंहदरवाजाबाट निस्की तीनै मूर्ति चढ्दछन् अनि पुरीका राजा हात्ती, घोडा, पालकीका साथ सवारी भै अलिक परै उत्री पैदल आई रथका अगाडिमा रत्न लागेका अमूल्य कुचोले कसिङ्गर बढारी मूर्तिहरूको पूजा गरी सबभन्दा पहिले रथको डोरी समाती छोडिदिन्छन् , उहाँपछि रथ घिच्याउनका निम्ति बिना लगानका खेत कमाएका ४२०० कुल्लीहरू घिस्याउँदछन् । बहुत यात्रीहरू पनि प्रेमले घिस्याउँदछन् । बालुवामा पाङ्ग्राहरू गाडिंदा कहिले त जनकपुर पुग्न धेरै दिन लाग्दछ । जनकपुर पुगेपछि ३ दिन कच्चा भोग तयारी रहन्छ, चौथो रातमा लक्ष्मीजी आफ्ना स्वामीको दर्शनका निम्ति आउँदछिन् । उस तिथिलाई लोकहरू हरिपंचमी भन्दछन् । जगन्नाथ आदि देवता ४।५ दिनतक जनकपुरमा बसेर दशमी तिथिमा फर्कन्छन् । विजयद्वार भएर बाटिन्छन् । फिर्तीखेरि यात्रीहरू कम हुँदा मार्गमा ढीलो हुन्छ । सिंहदरवाजामा रथहरू पुग्नेबित्तिकै फर्केको उत्सव गरी सिंहासनमा आउनेसाथ स्पर्शदोष निवारण गर्नका निंति मूर्तिहरूको संस्कार गर्दछन् । पहिला उत्सव

रथयात्रा दास्रा उत्सव स्नानयात्रा अरू जन्माष्टमी रामनवमी हरि-शयनी एकादशी आदि १५।१६ अरू छन् , मूल कुरा यत्तिकै हुन् । पद्मपुराणका पातालखंडका १७ अध्यायदेखि मास्तिर पुरीको विस्तार छ, अग्निपुराणका ८० अध्यायमा, ब्रह्मपुराणका ४१ अध्यायमा, भविष्यपुराणका उत्तरार्द्ध १२१ अ० मा, १२२ अ० मा रथयात्राको विधान पनि छ, लेखी साध्य छैन, यो पहिला धाम समाप्त भयो ।

तीर्थभोजमा होम गरिने जगन्नाथका मुख्य देवता

गङ्गासागरसङ्गमेश्वराय नमः । भुवनेश्वराय नमः । साक्षीगोपालाय नमः । सुदर्शनचक्राय नमः । जगन्नाथाय नमः । सुभद्रायै नमः । बलभद्राय नमः । लक्ष्म्यै नमः । सत्यभामायै नमः । बालमुकुन्दाय नमः । पतितपावनाय नमः । लोकनाथाय नमः । मार्कण्डेश्वराय नमः । कपालमोचनाय नमः । यमेश्वराय नमः । नीलकण्ठाय नमः । जगन्नाथ-समीपस्थ-सर्वतीर्थदेवेभ्यो नमः ।

दक्षिण रामेश्वर–यात्रा

हाता मद्रास मदूरा जिला रामेश्वर बस्तीका पूर्व समुद्रका किनारा रामदास जिमीदारीमा टापू र नगर छ । यो ११ मील लामो ६ मील चाक्लो पवित्र भूमिमा ९०० फीट लामो ६०० फीट चाक्लो अर्थात् २० बीघा भूमिमा १२० फीट अग्लो रामेश्वरजीको पत्थरको मंदिर छ, मन्दिरका वरिपरिको पर्खाल २२ फीट अग्लो छ । यस किल्लारूपी पर्खालमा मन्दिरभित्र जाने ५ गोपुर माने फाटक (ढोका) छन् । ५ ढोकामध्यमा पश्चिमचाहिं बाजा बजाउने नौमतखाना भएको गोपुर असंख्य ठूलो छ । यो सात मंजिला गोपुर जो करीब १०० फीट

अग्लो छ, बडो तयारी छ । उत्तर–दक्षिणवाला दुइ गोपुर साधारणै परखालभन्दा केही अग्ला छन् । पूर्वपट्टि २ गोपुर छन् गोपुर-भित्रका परखाल तरफमा नकाशीको विचित्र काम छ । मूर्त्तिहरू बहुतै बनेका छन् । पश्चिम या रामेश्वरको मन्दिर चारपाटे छ तापनि पूर्व र पश्चिम लामू पाटे पर्न गएको छ । पहिला मूलवाला गोपुर (ढोका) भित्र रामेश्वरजीको चित्र (पट) रुद्राक्षका मालाहरू बिक्छन् । मन्दिरका भित्रको राम्रो बाटो ४०० फीट लामू २० फीटदेखि ३० फीटसम्म चाक्लो छ, रात्रीमा सड़कमाथि छतमा सयकड़ौं लालटेन बन्दछन् । बाटामा र छतमा ४ फीटतक लामा पत्थर छापेका छन् ।

नम्बर १ रामेश्वर आदि मन्दिरहरूलाई र आर्को भित्री सडक-लाई ओरिपरिबाट घेरिएको यो मूल भारी सड़कलाई पश्चिम उत्तर दक्षिणका गोपुर (फाटकहरूका ३ बाटा (सड़क) हरूले काटी भित्र गएका छन् । यो ओरिपरि घुमेका मूल सड़कका २ तरफ ४ फीटका ऊचाइमा बडा-बडा खँभाहरू लागेका दोहरा दलाँन छन् । खंभा आदिमा मानिसहरू र सिंह आदि जानवरहरूका बडा-बडा मूर्त्तिहरू सुन्दर-सुन्दर बनेका छन् । द्वारदेखि भित्र १ जगाका दाहिने खंभामा परिवार-सहित सेतुपतिका मूर्तिहरू खोपेर बनाएका छन् । उत्सवका समयमा रामेश्वरजीको प्रतिनिधि मूर्त्ति मन्दिरको परिक्रमा गर्दा यहाँ ठहर्दछन् । उस समयमा राजाका तरफबाट आरती हुन्छ, उत्तरका सड़कमा पश्चिम ब्रह्महत्या, बिमोचन नाम कूप (इनार) छ, माझमा गंगातीर्थ २ कूप छन् अनि यहाँदेखि पूर्व गया तीर्थ १ कूप छ । सड़कका पूर्व-दक्षिणमुखवाला मन्दिरमा स्कन्द् आदिका धातु-मय मूर्ति छन् , यसै सड़कमा ओरतिर अनेक देवताका द्वार छन् । यस

सडकबाट रामेश्वर र पार्वतीको मन्दिरको तेस्रो परिक्रमा हुन्छ ।

नम्बर २ भित्र दोस्रो सड़क रामेश्वर र पार्वतीका मन्दिरलाई दोस्रो परिक्रमा गर्ने यो पनि औरिपरिको छ । यस बाटाका २ तरफ खंभादार छतवाला कतार छन् । पश्चिम गोपुरका सड़कबाट प्रवेश गर्ने स्थानका सामुन्नेका छोटा मन्दिरमा गणेशजीको विशाल मूर्त्ति-को दर्शन हुन्छ, ईशान कुनापट्टि साना मन्दिरमा शिव पार्वतीका धातुमय मूर्ति छन् । यसका पूर्वतिर शंख तीर्थ १ कूप छ, पूर्व फाटकका सड़कनेर १ चक्रतीर्थ छ ।

नम्बर-३—यो रामेश्वरका र पार्वतीका मन्दिरको पहिला परिक्र-मा हो । पूर्वतरफ रामेश्वरजीका निज मन्दिरका सामुन्ने सुनको पानी लगाएको बड़ो भारी स्तंभ छ, यसै स्तंभनेर १३ फीट अग्लो, १८ फीट लामो ९ फीट चाक्लो नन्दी माने बसा (साँढे) छ, सब भारतवर्षका नन्दी (साँढे) भन्दा ठूलो मूर्त्ति छ, नन्दीका सामुन्ने रत्नाकर र महोदधि दुवै समुद्रका र हरबोलाका खाडीको प्रतिमा छ । नन्दीका वामपार्श्वका मण्डपमा बालहनुमानको मूर्ति छ । नन्दीदेखि उत्तर कोटितीर्थ नाम कूप र दक्षिण शिवतीर्थ नामक छोटो तलाउ छ, यसैका दक्षिण अमृत तीर्थ नामक कूप छ ।

नम्बर ४—तीन डेवढी भित्र १२० फीट अग्ला मन्दिरमा १२ ज्योतिर्लिंग-मध्यमा उत्तम, शेषनागराजका फणारूपी छत्रधारी भए-का सेतु आरम्भका समयमा श्रीरामचन्द्रजीले मनुष्यहरूका ब्रह्महत्यादि पाप छुटाउनाका निंतिमा स्थापना गरेका रामेश्वर नाम शिवलिंग विराजमान छन् , साधारण यात्रीहरू सबै भित्र जान पाउँ-दैनन् किन्तु जगमोहनबाट जलहरी (अर्घ) समेत टट्कारै दर्शन

गर्दछन् । रात्रीमा पचासन दीया बालेका हुन्छन् । रुपियाँका तङ्की असर्फीका लक्कू पुजारीलाई थमाउन सके छुन पनि पाइन्छ, पशुपतिनाथको जस्तो नियम छैन । यात्रीहरूको फूल-माला, विल्वपत्रादि पुजारी तरफबाट चढ्दछ । १।६२ पैसा दिनाले गंगाजल चढाउने टिकट मिल्दछ । ४० पैसा उपर लाग्दछ । गंगाजल पनि पुजारीद्वारा चढ्दछ, जोसित गंगाजल छैन आफ्ना पंडासित खरीद्छन् ।

नम्बर ५— रामेश्वरका समीपमा बडो भारी अनेक देवमूर्तिहरू भएको जगमोहन छ । यहीं यात्रूहरू उभिएर रामेश्वरजीको दर्शन गर्दछन् । जगमोहनदेखि हनुमानले कैलासदेखि ल्याई स्थापना गरेको काशी विश्वेश्वरको मन्दिरसहित शिवलिङ्ग छ । अन्नपूर्णाजीको पनि मूर्ति छ । भोग-रागको पनि असल प्रबंध छ । स्कन्दपुराणका सेतुबन्धन खण्डका ४४।४५।४६ अध्यायहरूमा हेर्नुहोस्—हनुमानले कैलासबाट शिवलिंग ल्याई रामेश्वरदेखि उत्तर स्थापना गरिदिए । रामचन्द्रजीले भन्नुभो कि यो लिंग हनुमानका नामले प्रसिद्ध हुनेछ, यो हनुमानजीले ल्याएको लिंग काशी विश्वेश्वरको दर्शन गरें भनी रामेश्वरको दर्शन गर्नू भनी लेखेको छ, उसै गर्दछन् ।

नम्बर ६—जगमोहनदेखि पूर्व तल जमीनमा आनुपन छ, यसका नैर्ऋत्य कुनाका पास सर्वतीर्थ नामक कूप छ ।

नम्बर ७—तीन डेवढीका भित्र बहुमूल्य वस्त्र र भूषणहरूले सुशोभित पार्वतीजीको सुन्दर मूर्ति भएको मन्दिर छ । रात्रीमा पचासन, दिनमा पनि धेरै दीप बल्छन्, मन्दिरका भित्र सर्वसाधारण जान्तु जान पाउँदैनन्, दक्षिणा दिए दोस्रो डेवढीबाट दर्शन गराउँछन् ।

नम्बर ८—पार्वतीका मंदिरको ठूलो जगमोहन छ । यसैमा खडा

भएर पार्वतीजीको दर्शन गर्दछन्, जगमोहनका उत्तर भागमा १ घेराका भित्र सुनौला झुलनामा पार्वतीजीको सानू मूर्त्ति छ। जगमोहनका दोस्रा हिस्सामा घेरै देवताका मूर्त्ति छन्।

नम्बर ९ मा जगमोहनदेखि पूर्वका आडनमा १ मण्डप र १ ऊँचो सुनौलादार स्तंभ छ।

नम्बर १० मा माधवतीर्थ सरोवर र सेतुमाधवजीको मूर्त्ति छ।

नम्बर ११ मा गवयतीर्थ, गवाक्षतीर्थ, नलतीर्थ, नीलतीर्थ, गंधमादनतीर्थ नामक कूप क्रमैले मिल्दछन्, ५।६ देवमन्दिर छन्।

नम्बर १२ मा उत्तरका भागमा सानू दरवाजाका पास सूर्य-तीर्थ र चन्द्रतीर्थ २ कूप छन्।

नम्बर १३ मा कोही प्रसिद्ध वस्तु छैनन्।

नम्बर १४ मा नरिवल आदिका बहुत वृक्ष छन्, यसका पश्चिम भागमा १ शिखरदार मन्दिर छ।

नम्बर १५ मा नरिवल आदिका बहुत रूख छन्। यसका पश्चिम हिस्सामा सडकका पास शिखरदार शिवमन्दिर छ।

नम्बर १६ मा घरहरू र अनेक वृक्षहरू छन्।

नम्बर १७ मा उत्तर हिस्सामा सरस्वतीतीर्थ, सावित्री तीर्थ, गायत्री तीर्थ नामका ३ कूप र दोस्रा जग्गामा कैयौं मण्डप छन्। दुइ गोपुरका माझमा लक्ष्मीतीर्थ बावली छ।

नम्बर १८ मा अर्थात् पूर्व २ गोपुरका सामुन्ने २ दरवाजा छन्, उसको दक्षिणभाग उजाड छ।

रामेश्वरजीको मन्दिरमा माथि नलेखेको देवताको स्थानमा श्रीरामचन्द्र, लक्ष्मण, भरत, शत्रुघ्न, सीता, साक्षीगोपाल, जनार्दन,

वेंकटेश, कोटिदेवता, कोटेश्वर, गणेश, कार्तवीर्य, महावीर, नवग्रह आदि देवताहरूका मूर्तिहरू र यहाँका कारिन्दा-मालिक बस्ने घर-हरू पनि धेरै छन् । अग्नितीर्थ रामेश्वरजीको मन्दिरदेखि पूर्व समुद्र-का १ घाटलाई भन्दछन् । त्यहाँ यात्रीहरू स्नान गर्दछन् ।

अगस्त्यतीर्थ—मन्दिरका ईशान दिशामा ५ सय गज पर अगस्त्यतीर्थ नामक १ बावली छ ।

२४ तीर्थ स्कन्दपुराणका सेतुबन्ध खंडमा रामेश्वरदेखि देवीपत्तन तक २४ तीर्थको माहात्म्य लेखेको छ । माथि मन्दिरका २४ तीर्थमा कति तीर्थ बदला गरिदिएका छन् । तल लेखेका २४ तीर्थ प्रसिद्ध छन् ।

नम्बर १० मा १ माधवतीर्थ, नम्बर ११ मा २ गवयतीर्थ, ३ गवाक्षतीर्थ; ४ नलतीर्थ, ५ नीलतीर्थ; ६ गन्धमादनतीर्थ; नम्बर १२ मा ७ ब्रह्महत्यादिमोचन तीर्थ, ८ गंगातीर्थ, ९ यमुनातीर्थ; नम्बर १३ मा ११ सूर्यतीर्थ, १२ चन्द्रतीर्थ; नम्बर १४ मा १३ शंखतीर्थ, १४ चक्रतीर्थ; नम्बर १५ मा १५ अमृततीर्थ, १६ शिवतीर्थ; नम्बर १६ मा सर्वतीर्थ; नम्बर १७ मा १८ सरस्वतीतीर्थ, १९ सावित्रीतीर्थ, २० गायत्रीतीर्थ, २१ लक्ष्मीतीर्थ, समुद्रमा २२ अग्नितीर्थ, मन्दिरदेखि ईशानमा २३ अगस्त्यतीर्थ; नम्बर १८ मा २४ कोटितीर्थ । यिनमा माधवतीर्थ तलाउ छन् , लक्ष्मीतीर्थ, अगस्त्यतीर्थ, बावली अग्नितीर्थ, समुद्र बाकी १९ तीर्थ १९ कूप छन् । २२ तीर्थ मन्दिरको भित्र छन् , २ तीर्थ बाहिर छन् । जाने वेलामा यात्रीहरू कोटितीर्थमा नुहाउनाले सबै तीर्थमा नुहाएजस्तो हुन्छ भनी नुहाई जान्छन् । मन्दिरको उत्सव मूर्तिहरू शिवरात्रीका दिन ६ विमानहरूमा सिंहा-

सनारूढ गाना-बजाना गरी निकाली प्रत्येक बिमानमा ४।४ काहार लागी शिव, पार्वती, गणेश, कार्तवीर्य हनुमान्, छैटौंमा अन्य देवहरू रहन्छन् । श्रावण महीनामा शिवपार्वतीका विवाहको उत्सव हुन्छ, उस बखतमा आस-पासका मानिसहरू धेरै अरू बखत-बखतमा पनि उत्सवहरू हुन्छन् । सैकडौं यात्रीहरू रोज-रोज पुग्दछन्, त्रेतायुगमा सीताका खोजीमा लङ्का जाँदा यहींबाट समुद्रमा पुल बाँधी राम जानु-भएको हो, रामेश्वरमा यात्रीहरू बस्नाका निंति ६ (चत्तरम्) रहने स्थान छन्, बीच मद्रास जङ्कशनबाट ४४८ मील छ । रामेश्वरमा रामनाथका राजाले ५७ गाउँ गूठी राखेका छन् ४५००० रुपियाँ मालगुजारी आउँछ यी दक्षिणतरफका ४ धाममध्यमाका टूला १ धाम रामेश्वरजी हुन्, रामेश्वरजीका मन्दिरको बाहिरी परिक्रमा २॥ कोश पर्दछ ।

रामझरोखा :–रामेश्वरका मन्दिरदेखि आधाकोश उत्तर स्थान छ, रस्ता बालुवाको छ, यात्रीहरू पैदल जान्छन्, यहाँ २ मंजिला चलान मध्यमा १ बडा अग्ला ठाउँमा छ, यहीं रामचन्द्रजीका चरण पाइला छन् । यिनै चरणको पूजा हुन्छ, यहाँबाट धनुषतीर्थ र ३ तरफ समुद्र देखिन्छ ।

लक्ष्मणतीर्थ :–रामेश्वरका मन्दिरदेखि कच्ची आधा कोश पश्चिम लक्ष्मणकुण्ड नामक १ उत्तम सरोवर र लक्ष्मणेश्वर महादेव छन्, रामेश्वरका यात्री लक्ष्मणतीर्थमा स्नान गरी लक्ष्मणेश्वरको दर्शन गर्दछन्, पिता नहुनेहरू मुंडन गरी स्नान गर्दछन् ।

रामतीर्थ :–लक्ष्मणकुंडबाट पूर्व उही सटकदेखि दक्षिण राम-कुण्ड नामक पक्का सरोवर तीर्थ छ, यहाँ स्नान वा मार्जन गर्दछन् ।

सुग्रीवतीर्थ :–रामेश्वरका मन्दिरका र रामझरोखाका माझमा सुग्रीवकुण्ड नामक सरोवर छ। यसैका किनारामा १ छोटो मन्दिर छ, सुग्रीवको सानू मूर्त्ति छ, सरोवरमा थोरै पानी छ, मन्दिरमा कोही रहँदैनन् ।

ब्रह्मकुण्ड :—रामेश्वरको परिक्रमा २॥ (अढाइ) कोशको छ, त्यसै परिक्रमामा हनुमानकुण्ड र यसका पछाडि समुद्रका रेतीमा ब्रह्मकुण्ड मेटिन्छ, यहाँ स्वाभाविक (आफै भएको) विभूति (भस्म) रहन्छ। यात्रीहरू आफ्ना घर लान्छन्, यहाँ महिषमर्दिनी देवीको मन्दिर छ। विजया दशमीका दिन गणेश रामेश्वर स्कन्दहरूको धातुमयी उत्सव मूर्त्तिहरू रामेश्वरका मन्दिरबाट विमानमा चढ़ाएर ब्रह्मकुण्डमा लान्छन्। त्यहाँ समी वृक्षको पूजा गर्दछन्।

सीताकोटी :—रामेश्वरपुरीबाट ४।५ मील पर समुद्रका किनारामा सीताकोटी नामक तीर्थ छ, यहाँका कूपको जल बहुतै मीठो छ।

धनुष्कोटीतीर्थ :—रामेश्वरका पुरीभन्दा ६ कोश दक्षिण धनुष तीर्थ नामक प्रसिद्ध तीर्थ छ, ३।४ रुपियाँमा आतीजाती किराया बयल गाडीको मिल्दछ, अनेक यात्री रामेश्वरपुरीदेखि समुद्रद्वारा नाववाट धनुषतीर्थ जान्छन्, पैदल बाटो ७ मील दक्षिण गएपछि बनियाँहरूका दुकानसहित सदाव्रतवाला १ सानू धर्मशाला मिल्दछ, यहाँबाट १॥ कोश अगाडि धनुषतीर्थ छ, यहाँ जमीनको नाका समुद्रभित्र केही पसेको छ, यसका एक तरफलाई महोदधि भन्दछन्। एक तरफलाई रत्नाकर भनी लोकहरू भन्दछन्, माझमा बालुवाको मैदान छ, यहाँ समुद्रमा स्नान गरी आफ्ना पंडाले लगेको सुनौला धनुषको पूजा गरी सेतु (पूल) को प्रार्थना गर्दछन्, ग्रहणका बखत-

मा मेला हुन्छ ।

वाल्मीकिरामायण लंकाकाण्ड १२४ देखि १२५ सर्गतकमा रावण मारी फर्कंदा पुष्पक नाम विमानैबाट रामले सीताजीलाई हाम्रा सेना बसी नल आदिले पुल हालेको यो सेतुबंध घाट भनी तीनै लोकमा प्रसिद्ध भै पूजनीय भएको पापको नाश गर्ने पवित्र जग्गा यै हो भनी देखाएको छ ।

पराशरस्मृतिका १२ अ० मा रामका आज्ञाले नल नाम वानर ले १०० योजन अर्थात् ४०० कोश लामू ; १० योजन अर्थात् ४० कोश फराक यो पुल बनाएको हो, जो यो पुलको दर्शन गर्दछ ब्रह्म हत्या पापदेखि उत्तिखेरै छुट्तछ भनी लेखेको छ ।

ब्रह्माण्डपुराणमा र अध्यात्मरामायण लंका-काण्ड ४ सर्गमा सेतुवन्धको दर्शन गरी रामेश्वर शिवको दर्शन गरे ब्रह्महत्यादि पापहरूबाट छुट्तछ, सेतुबंध घाटमा स्नान गरी काशीबाट लगेको गंगाजल रामेश्वरमा चढायो भने ब्रह्मलोक मिल्दछ भनी लेखेको छ । ब्रह्मवैवर्त पुराण कृष्णजन्म खंडका ७६ अ० मा असारका पूर्णिमाका दिन सेतुबंध रामेश्वरको दर्शन पूजा गर्नाले फेरि जन्म हुँदैन, मुक्त हुन्छ भनी लेखेको छ ।

शिवपुराण ज्ञानसंहिता ३८ अ० मा गरुडपुराण पूर्वार्द्ध ८१ अ० मत्स्यपुराणका २२ अ० मा र स्कन्दपुराणमा ता चौपट्टै छ, अध्याय-अध्यायमा एक-एक तीर्थको बयान छ, यो रामेश्वर ४ धाममाको १ उत्तम धाम हो भनी लेखेको छ ।

मद्रासतिर तमिल भाषा तुम्चामा कौडीहरू हाली बजाएको शब्द जस्तो गरी बोल्दा तमिल भाषा बुझ्न गाहारो हुन्छ । झाडा

फेर्ने चरपी (पाइखाना) कहाँ छ भनी चिन्याई चिन्याई हिंडी सोधनी गर्दा पनि नबुझी पत्ता नलागी धोतीमा वा सुरुवालमा झाडा वा आची गर्दछन् भन्नाका निंति नेपाली हिन्दी तैलंगी तमिल ४ भाषामा आफूलाई काम लाग्दो द्रव्यादिका नाम लेखेको छ, मद्रास रामेश्वरतिर यही तमिल बोली प्रसिद्ध छ। ... ...।

तीर्थभोजमा होम गरिने रामेश्वरका मुख्य देवता

काशीविश्वेश्वराय नमः। रामेश्वराय नमः। अन्नपूर्णायै नमः। सेतुमाधवाय नमः। माधवतीर्थादिचतुर्विंशतितीर्थेभ्यो नमः। रामचरणाभ्यां नमः। सुग्रीवतीर्थाय नमः। ब्रह्मकुण्डाय नमः। सीताकोटीतीर्थाय नमः। धनुष्कोटीतीर्थाय नमः। रामेश्वरसमीपस्थसर्वतीर्थदेवेभ्यो नमः।

मूलद्वारिका

काठियावाड़मा मूलद्वारिका, गोमतीद्वारिका, बेटद्वारिका जम्मा ३ द्वारिका छन्। द्वारिकापुरीलाई बेटद्वारिका भन्दछन्। मूलद्वारिका पोरबंदरदेखि १२ मील पश्चिमोत्तर द्वारिका जाने सटकका पासैमा मूलद्वारिका नामक १ गाउँ छ, उहाँ बहुत मन्दिर पुराना छन्। लोकहरू भन्दछन् कि श्रीकृष्णजी मथुराबाट पहिले यहीं आउनुभएथ्यो, मूलद्वारिकाबाट ३ कोश, पोरबंदरबाट ९ कोश पश्चिमोत्तर उखमण्डल सबडीबीजनमा मियानी पुरानू बंदर छ, यसै मियानीबाट अन्दाजी ११ कोश पोरबंदरबाट २० कोश पश्चिमोत्तर गोलगढ नामक गाउँका पासमा पिण्डारक तीर्थ र दुर्वासा ऋषिको आश्रम छ।

द्वारिकाधाम

बम्बईशहरबाट १७० कोश पोरबंदर (सुदामापुरी), सुदामापुरीबाट २८ कोश बिरावलबन्दर, बिरावलबंदरदेखि ७५ कोश पश्चिमोत्तर गाइ-

कच्छाड़ (बडौदा) राज्यका अमरेली विभागका उखमंडल सबडिवीजनमा द्वारिकापुरी प्रसिद्ध तीर्थ स्थान छ। जसलाई गोमतीद्वारिका पनि भन्दछन्। बम्बईबाट द्वारिका जान जहाजको टिकट सेकेण्डक्लासको लागि ४) थर्डक्लासको लागि २) रुपियाँ लिन्छ। बंबई प्रिन्सडौकबाट अग्निबोट वा (जहाज) मा चढ़ी भोलिपल्ट बिरावलबंदर (प्रभास-क्षेत्र) मा पुग्याई त्यताबाट मैंगलोर मै पोरबन्दर (सुदामापुरी) बाट ७ घंटामा द्वारिका पुगिन्छ। जहाजमा चढ्दा वा जहाजबाट ओर्ह्रदा नाउभाडा अलग ।) चार आना दिनुपर्दछ। जहाजमा हावा चल्दा समुद्रका जलादिका रोगले कोही मानिस बैरा जस्ता, कोही अन्धा जस्ता हुन्छन् , कोही वाक वाक गरी छाद्छन् ,कोही लंपसार परी सुत्तछन् , कोही रुन थाल्दछन तमासै हुन्छ कोही द्वारिकानाथका यात्रीहरू बम्बई बिरावलबंदर पोरवन्दर (सुदामापुरी) मा रेलबाट उत्री अग्निबोट (स्टीमर) मा सेकेण्डक्लासको २), थर्डक्लासको १) रुपियाँ दी ४ धामहरूमाको १ धाम सप्तपुरीमाको १ पुरी द्वारिकामा पुग्दछन्। कोही समुद्रको खार लाग्दछ भनी सुदामापुरीबाट बयल-गाडाको सवारी गरी तेस्रा दिन द्वारिका पुग्दछन्। बयलगाडाको बाटो खराब छ, जहाज वा अग्निबोटबाट ओर्ह्रेर पूरा आधा कोश पैदल गएपछि धर्मशाला मिल्दछ, पूरी आदि मिल्दैन, पकाएर खाने चीज-हरू मिल्दछन्। द्वारिकामा ८।१० धर्मशाला छन्। त्यहाँका धर्म-शालामा पायखाना (चरपी) छैनन्। सब जात्रू समुद्र-किनाराका मैदानमा जान्छन्।

द्वारिकाका मंदिरको जमीन २५० गज लामो, २०० गज चाक्लो अर्थात् करीब १७ बिघाको वरिपरि चारै बगलमा एक एक फाटक

भएको पक्की परखाल (गाहारो) छ । दक्षिणपट्टि परखालमा रण-छोडजीका घेराको खास फाटक (ढोका) छ । घेराभित्र बस्ती, धर्म-शाला र बहुत मंदिर छन् । घेराबाहिर पनि बस्ती मंदिरहरू छन् ।

गोमती-द्वारिकाका पश्चिम समुद्र दक्षिण गोमती नदी छन् । समुद्रका ज्वारका पानीले भरिभराउ रहन्छिन् । गोमती हुनाले उस नगरलाई गोमती द्वारिका भन्दछन् । गोमतीका उत्तर किनारामा द्वारिकादेखि पश्चिम पूर्वतक पक्का ९ घाट छन् । १ सङ्गमघाट, २ नारायणघाट, ३ वासुदेवघाट, ४गौघाट, ५पार्वतीघाट, ६पाण्डवघाट, ७ ब्रह्मघाट, ८ सुरधनघाट, ९ सरकारीघाट । पहिले मुण्डन गरी पञ्चगव्य लिई २ रुपियाँ कर दिई गोमती समुद्रका सङ्गम आदि९घाटमा जहाँ नुहाए पनि नुहाई पिण्ड-दानादि गरी यात्रा गर्दछन् । सङ्गम घाटमा सङ्गम नारायणको मंदिर छ । वासुदेव घाटनेर हनुमानजीको मंदिर, उसको पश्चिम नृसिंहजीको स्थान छ । सरकारी घाटदेखि पूर्व निष्पाप कुण्ड छ । यहाँ भेटी दिई स्नान र श्राद्ध पनि गर्छन् । यसै कुण्डका समीपमा अर्को एक सानो कुण्ड सबलियाजीका मंदिर र गोवर्धननाथका मन्दिरमा प्रभुको बैठक छ ।

बडोदाका महाराजका ठेकेदारलाई गोमतीका जुन घाटमा नुहाए पनि २ रुपियाँ दिनुपर्छ । एकफेर दिएपछि नित्य दिनुपर्दैन । अत्यन्त गरीब देख्यो भने माफी पनि दिन्छन् ।

गोमतीका दक्षिण किनारामा पंचकुआ नामैले प्रसिद्ध ५ कूपमा मार्जन गर्छन् ।

मन्दिरका जात्रूहरू निष्पापकुण्डमा स्नान गरेर रणछोड आदि देवता मन्दिरहरूमा गै दर्शन गर्दछन् २४० फीट लामु २०० फीट

चाकलो घेरा (परखाल) भित्र रणछोड आदि देवताहरूका मन्दिर छन् । यहाँका नक्शामा हेर्नुहोस् घेराका दक्षिण बगलमा स्वर्गद्वार नामक फाटक छ, उत्तर बगलमा मोक्षद्वार नामक फाटक छ, स्नान गरी मन्दिरमा जाँदा फाटकमा कृष्णजी, गोमती, महालक्ष्मी, सिढीमा हनुमान, नृसिंह र साक्षीगोपालको दर्शन हुन्छ, मन्दिर-भित्रका देवताहरूको पूजा गर्न कर लाग्दछ, रणछोड़जीको सरकारी कर रु० २), पंडाहरूको कर रु० १) वा ८ आना त्रिविक्रमजीको ४ आना, प्रद्युम्नजीको ४ आना अरू देवमन्दिरहरूको २ आना काहीं कम्ती छ, पुजारीलाई यति दिनाले देवताको मन्दिर-भित्र गै पाउ पूजन गर्न पाउँदछन् , कर दिन नसक्नेहरू बाहिरैबाट दर्शन गर्दछन् ।

कृष्णजी कालयवनका डरले रण (संग्राम) छोडेर द्वारिकामा भागेका हुनाले रणछोडजी नाम रह्यांको हो, सब द्वारिकाको मन्दिर-भन्दा यो रणछोडजीको मन्दिर ठूलो छ, बडो रांरो सुन्दर छ, यो मन्दिर ७ मंजिला शिखरदार भएको छ, ४० फीट लामू यत्तिकै चाक्लो, १४० फीट अग्लो छ, माथिका मंजिलामा जाने भित्रैबाट सिंढी बनेको छ, दोहोरा परखालका बीचबाट परिक्रमा गर्नुपर्दछ, मन्दिरको भित्र अनेक बुटा भएको चाँदिका सिंहासनमा रणछोडजी अर्थात् (द्वारिकाधाम) को मूर्ति छ, रणछोडजीलाई द्वारकाधीश पनि भन्दछन् , ३ फीट अग्लो श्यामल वर्ण चतुर्भुज मूर्तिमा बहुमूल्य कपडा पनि पहिराएको छ, सुनका अनेक भाँतिका ११ मालाहरू र शिरमा सुन्दर सुनको मुकुट छ, मन्दिरका फर्समा श्वेत, नाम, मार्बुलको टुकडा जडेका छन् , द्वारमा चाँदीका पाता लागेको छ, यात्रीहरू द्वारिकाधीशको पाउमा पूजा गरी सिंहासनको परिक्रमा

गर्दछन् , मन्दिरका माथि १ मंजिलामा अम्बादेवीको मूर्ति छ ।

यसै मंदिर-अगाडि पूर्व मंदिरभन्दा पनि लामू चाक्लो १०० फीट अग्लो पंचमंजिला जगमोहन छ, उसका भित्र पत्थरका ६० चारपाटे स्तंभहरू लागेका छन् , फर्समा श्वेत, नील, मार्बुलका टुकडा जडेका छन् , माथि सुंदर गुम्बज छ, यसै जगमोहनदेखि पश्चिम कोठरीमा शेषरूप बलदेवजी छन् , दुर्वासाजीको सानू मंदिर छ ।

रणछोडजीको मंदिरदेखि दक्षिण त्रिविक्रमजीको शिखरदार मंदिर छ, ढोका र सिंहासममा चाँदीका पाता जडेको छ, फर्समा नील मार्बुलका टुकडा जडेको छ । सिंहासनमा मनोहर त्रिविक्रमजीको मूर्ति छ, रणछोडजीका वस्त्र गहना जत्तिका यहाँ पनि छन् , यहीं राजा बलि र ब्रह्माजीका ४ पुत्र सनक, सनंदन, सनातन, सनत्कुमारका साना साना मूर्तिहरू र मंदिरका नैर्ऋत्य गरुडजीको मूर्ति छ, त्रिविक्रमजीलाई घेरै मानिस टीकंजी भन्दछन् ।

रणछोडजीका मन्दिरदेखि उत्तर प्रद्युम्नजीको शिखरदार मूर्ति छ, मंदिरमा मार्बुलका टुकडाको फर्स बनेको छ, चाँदीका सिंहासनमा श्यामरूप प्रद्युम्नजीको मूर्ति छ, यिनको शृङ्गार पनि प्रायः रणछोड-जीको बराबर छ । यहाँ अनिरुद्धजीको सानू प्रतिमा छ ।

घेराको उत्तरवाला फाटकका पश्चिममा कुशेश्वरको मन्दिर छ, मन्दिरका तल कुशेश्वर शिवलिङ्ग र पार्वतीजीको मूर्ति छ, यहाँ घेरै यात्रीहरू लड्डू घ्यू चढाउँछन् । पंडाहरू भन्दछन् कि कुश दैत्यलाई त्रिविक्रमजीले गाड़ी शिवलिङ्ग स्थापना गर्दा कुश दैत्यले द्वारिकाका यात्रीहरूले मेरो पूजा नगरी गए भने तिनीहरूको आधा धर्म मलाई मिलोस् भन्दा भगवानले हुन्छ भनेको हुँदा आधा धर्म जाला भनी

कुशेश्वरको पूजा गर्छन् ।

घेराको भित्र परखालनेर उत्तरदेखि दक्षिण-तरफमा कुशेश्वर, अम्बाजी, पुरुषोत्तमजी, गुरु दत्तात्रेयजी, देवकी माता, लक्ष्मीनारायण, माधवजीका मन्दिर उत्तरका परखालनेर मोक्षद्वार फाटकदेखि पूर्व कोलाभक्तको मन्दिर, पूर्वका परखालनेर एक घेराका पूर्व क्रमसित दक्षिणबाट उत्तर खाली मन्दिर, सत्यभामाको र रुक्मिणीको मंदिर, शङ्कराचार्यको गद्दी पश्चिम छेउमा क्रमसित दक्षिणबाट उत्तर एक खाली मन्दिर जाम्बवती, राधा, लक्ष्मीनारायण यी तीनै मन्दिर-सहित छन् ।

भित्रको घेराबाट दक्षिण शारदा मठका समीप रणछोडजीको भण्डार-घर छ । भण्डारदेखि दक्षिण प्रसिद्ध शारदामठ छ । भारत-वर्षको चारै दिशाका सीमानेर प्रसिद्ध शंकराचार्यजीका ४ मठ प्रधान छन् । दक्षिणको सीमानेर मैसूर राज्यका शृंगेरी गाउँमा शृंगेरीमठ, पश्चिमका सीमानेर द्वारिकामा शारदा मठ, उत्तरका सीमानेर गढ-वाल जिलामा जोसीमठ, पूर्वका सीमानेर उडीसाका जगन्नाथपुरीमा गोवर्द्धन मठहरू छन् ।

मन्दिरका ठूला घेराबाट बाहिर उसका पश्चिम लक्ष्मीनारायणको एक मन्दिर छ । चतुर्भुज, श्यामवर्णवाला दुइ हात अग्लो मूर्ति छ । यिनका वाम अङ्गपट्टि लक्ष्मीजीको सानू मूर्ति छ । नारायणका अङ्गमा बहुमूल्य वस्त्र, शिरमा सुनको मुकुट, गलामा सुनका १० हार छन् । लक्ष्मीनारायणको मन्दिरदेखि नैऋत्य वासुदेवको मन्दिर छ । चाँदीका सिंहासनमा चतुर्भुज श्यामवर्णवाला मूर्तिमा सुन्दर वस्त्र, शिरमा सुनको मुकुट, हातमा सुनका शङ्ख, चक्र, गदा पद्म र गलामा सुनका ८।१० सिक्री छन् ।

शहरको प्रदक्षिणा—रणछोडजीको मंदिरबाट नगर परिक्रमाको यात्रा आरम्भ हुन्छ। मन्दिरदेखि पश्चिम गोमतीका घाटहरूबाट देवताहरूको दर्शन गर्दै समुद्रका निकट सङ्गम घाटमा जानुपर्छ। सङ्गमबाट उत्तरका समुद्रको घाटलाई लोकहरू चक्रतीर्थ भन्दछन्। यसका उत्तर रत्नेश्वरको मन्दिर छ। यसका उत्तर द्वारिका नगरको बाहिर सिद्धनाथको मन्दिर मिल्दछ, जसको फर्स श्वेत, नील मार्बल-हरूले बनेको छ। अगाडि ज्ञानकुण्ड बावली अगि जुनिरामबाडी नामक मन्दिरमा राम लक्ष्मण जानकी छन्। अगाडि नयाँ रामबाडी नामक मन्दिर र सौमित्री नामक कूप छ। अगाडि अक्षयवट वृक्ष, अघोरकुण्ड, भद्रकाली, आशापुरी माताको मूर्ति छ। अगाडि कैलास-कुण्ड नामक सानू सिंढीदार पोखरी मिल्दछ, उसमा गुलाबी रङ्गको पानी छ। त्यहाँका पण्डाहरू भन्छन् कि राजा नृग छेपारो भई यसै कुण्डमा रहेका थिए र यसै स्थानमा उनको उद्धार पनि भएथ्यो। कैलासकुण्डको अगाडि सूर्यनारायण अगि शहर पनाहका पूर्व दरवाजाका पास जय–विजयको दर्शन हुन्छ, अनि निष्पापकुण्ड र रणछोड़जीको मन्दिरका माझबाट देवताहरूको दर्शन गर्दै दक्षिण दरवाजाबाट रणछोडजीका मन्दिरमा गएर परिक्रमा समाप्त गर्नु-पर्छ। संक्षिप्त प्राचीन कथा महाभारत सभापर्व १४ अध्यायमा, अनुशासनपर्व ७० अ० मा, वनपर्व ८२ अ० मा, श्रीमद्भागवतको दशमस्कन्धका ५० अ० मा, ५१ अ० मा, ५२ अ० मा, ६४ अ० मा, १५९ अ० मा, १६० अ० मा, मौसलपर्व ७ अ० मा, ८ अ० मा, आदि ब्रह्मपुराण ७ अ० मा, ८ अ० मा द्वारिकाको विस्तार गरेको छ।

विष्णुपुराण पाँचौं अंशमा २३ अ०मा, ५४ अ०मा, ५८अ०मा कृष्णजीका आठ पटरानी थिए। विदर्भ देशमा कुण्डनपुरका राजा भीष्मकी पुत्री रुक्मिणी १, जाम्बवान्‌की पुत्री जाम्बवती २, द्वारकाका सत्राजित राजाकी पुत्री सत्यभामा ३, सूर्यकी पुत्री कालिन्दी ४, व्रजमा रहने वसुदेवकी बहिनी राजा धीरदेवकी पुत्री मित्रविन्दा ५, अयोध्याका राजा नग्नजितकी कन्या सत्या जसलाई नाग्नजिती भन्दछन् ६, कैकय देशमा रहने वसुदेवकी बहिनी श्रुतिकीर्तिकाकी पुत्री भद्रा ७, मद्रदेशका राजाकी पुत्री लक्ष्मणा ८ पटरानीहरू यिनै हुन् भनी लेखेको छ।

देवीभागवतको चतुर्थस्कन्धका २४ अ० मा पनि यिनै ८ पटरानीको विस्तार छ। मौसलपर्व ७ अ० र ८ अ० मा द्वारिकापुरीलाई समुद्रले डुबाएको कुरा छ। देवीभागवत सप्तमस्कन्ध ७–८ अ० मा शर्यातीका छोरा आनर्त, आनर्तका छोरा रेवत यिनै रेवतकी छोरी रेवती कन्या बलदेवजीलाई दिएको कुरा छ।

विष्णुपुराण ५ अंश ३८ अ० मा कृष्णजी परमधाम गएपछि समुद्रले रुक्मिणीको महल मात्र छोडेर सारा द्वारिका डुबाइदिए। त्यस महललाई आजसम्म समुद्रले छुन सकेको छैन। नित्य विहार गर्न कृष्णजी त्यहाँ आउनुहुन्छ भनी श्रीमद्भागवत एकादशस्कन्धका ३१ अ० मा, ब्रह्मवैवर्त पुराण कृष्णजन्म खण्डका १२९, आदि ब्रह्मपुराणका ९९ अ० मा लेखेको छ, पद्मपुराण (पाताल खण्ड)का सत्रौं अ० मा द्वारावतीका गोमतीको जल साक्षात् ब्रह्मरूप हो। यहाँका पत्थर (पाषाण) हुङ्गाहरू र सब मनुष्यहरू पनि चक्राङ्कित हुन्। यहाँ त्रिविक्रम भगवान् नित्य वास गर्नुहुन्छ। ७९ अ० मा जो मनुष्य द्वारावतीका गोमतीचक्रले संयुक्त १२ शालिग्राम शिलाको

पूजा गर्छ, त्यो वैकुण्ठमा गएर पूजित हुन्छ। जुन स्थानमा द्वारावतीको शिला रहन्छ त्यो स्थान वैकुण्ठ भवन बराबर हुन्छ, त्यस ठाउँमा मर्ने मानिसहरू विष्णुलोकमा जान्छन्। ९५ अ० मा जुन मनुष्य ३ रात द्वारिकामा बसी गोमतीमा स्नान गर्छ त्यो मानिस धन्य–धन्य हो भनी लेखेको छ।

वि० उत्तरखण्डका २९ अ० मा जो मनुष्य गोपीचन्दन आफ्ना अङ्गमा लाउँदछ सो ब्रह्महत्यादि पापबाट पनि छुटिजान्छ। गोपीचंदन गङ्गाजलको बराबर पवित्र छ, गोपीचंदनको तिलक लाउनाले चाण्डाल छ तापनि शुद्ध हुन्छ। ६ अ० मा जसका घरमा गोपीचंदन रहन्छ त्यो घर विष्णुको मंदिर हो। ब्राह्मणलाई र गाई मार्नेवाला पनि गोपीचंदन शरीरमा लगाउनाले उम्रिखेरै सब पापबाट छुटिजान्छ भनी लेखेको छ।

गरुडपुराण—पूर्वार्द्ध ६६ अ० मा जुन स्थानमा द्वारिका चक्र र शालग्राम शिला दुवै रहन्छ, त्यो स्थान मुक्तिदायक हुन्छ। द्वारिका तीर्थ-सम्पूर्ण पापको नाश गर्ने भुक्ति-मुक्ति दिने हो भनी लेखेको छ।

प्रेतकल्पका २ अध्यायमा जुन स्थानमा शलिग्राम शिला र द्वारिकाका शिला अर्थात् गोमतीचक्र रहन्छन्। त्यस ठाउँमा निःसंदेह मुक्ति दिनेवाला हुन्छ। अयोध्या, मथुरा, माया, काशी, कांची, अवंतिका, द्वारिका यी पुरी मोक्ष दिनेवाला हुन् भनी लेखेको छ।

स्कन्दपुराण—काशीखंड १०४ अ० मा द्वारिकामा चारै वर्णलाई प्रवेश गराउनाका निंति द्वार बनेका छन्, यसैकारण तत्त्ववेत्ताहरूले द्वारावती कहेको भनी लेखेको छ।

वाराहपुराणका—१४३ अ० मा द्वारिकामा समुद्रनेर पंचसर नामक तीर्थ छ, त्यहाँ स्नान गर्नाले सब पापदेखि छुट्तछ भनी लेखेको छ।

द्वारिकापुरी वा बेटद्वारिका

गोमती द्वारिकादेखि १० कोश पूर्वोत्तर अर्थात् ईशानपट्टि कच्छका खाडीमा बडोदाका महाराजका आधीन बेटद्वारिका वा द्वारिकापुरी छन्। गोमती द्वारिकाबाट १ सड़क बडवाला गाउँ र रामड़ा भएर दोस्रो १ बाटो नागेश्वर गाउँ र गोपीतलाउ भएर बेट-द्वारिकाका खाडीका पास गएको छ। धेरै यात्रीहरू रामडा भएर बेटद्वारिका जान्छन्, गोपी तलाउ भएर गोमती द्वारिकामा फर्केर आउँछन्, धेरै जात्रूहरू गोपीतलाउको बाटो भएर रामड़ाको सडक-बाट गोमतीद्वारिका फिरेर आउँदछन्।

गोमतीद्वारिकाबाट १ मील पर रुक्मिणीजीको १ सानू मांदर छ। त्यहाँबाट साढे तीन मील पर डुटेका शहर पनाहाका बडवाला नाम १ ठुलो गाउँ छ, जसमा १ धर्मशाला, १ सदावर्त र धनी-धनी मानिसहरू छन्। यताबाट केही गएपछि नागेश्वर गाउँ आउँदछ, गोमतीद्वारि-काबाट यो नागेश्वर गाउँ १ कोश पर्छ। १३ मील पर गोमतीतलाउ र करीब १५ मील पर बेटद्वारिकाको खाडी छ।

रामडामा शहर पनाहका बाहिर सड़कका पास १ धर्मशाला, १ सदावर्त छ। अनेक यात्री विशेष गरेर फकँदा साधुहरू रामडामा भएर शंख-चक्र आदिको छापले तप्तमुद्रांकित हुन्छन् अर्थात् (डामल) हुन्छन्। यही द्वारिकाको छाप भनी भन्दछन्। यात्रीहरूको छाप लाउने विधि नियम छैन। यस्तो काम गरी आउनेको नेपालमा जात-

बाहिर होला कि जस्तो हुन्छ, डामलमा गनिन्छ। रामडादेखि ६ मील पूर्वोत्तर समुद्रका १ सानू टापूका भित्र बेटद्वारिका नामक गाउँ छ। खाडीमा ६ मील नाउबाट जानुपर्छ। नाउको महसूल प्रति आदमी ब्राह्मण साधुहरूलाई २ (३ नयाँ) पैसा, अन्य जातिलाई २ आना (१२ नयाँ) दिनुपर्छ।

बेटद्वारिकाको टापू दक्षिण–पश्चिमदेखि पूर्व-उत्तरतक लगभग ७ मील लामो सोझो गरी नापे पाँचै मील छ। यसका पूर्वोत्तर नाकामा हनुमान्जीको मूर्ति हुँदा हनुमान अन्तरीप भन्दछन्। यहाँ मन्दिरका संबन्धी ब्राह्मणहरू मात्र बस्तछन्। यस टापूमा कोही चीज पैदा हुँदैन, ठाउँ-ठाउँमा नागफेनी बहुतै छन्। यो बेटद्वारिका (द्वारिकापुरी) श्रीकृष्णजीको विहार-स्थल हो। यसै टापूका उत्तर किनारामा बेटद्वारिका नामक १ गाउँ छ। यहाँ यात्रीहरूको नभै नहुने चीजबीज मिल्दछ। यहाँ धेरै धर्मशाला र सदावर्त छन्।

यहाँ रणछोड सागर, रत्नतलाउ, कचौरीतलाउ, शंखतलाउ, इत्यादि जलाशयहरू र धेरै देव-मन्दिर बनेका छन्। कृष्ण भगवान्-का महलका मन्दिरबाहेक नक्शामा हेरे थाहा हुन्छ। यस टापूमा मुरलीमनोहर, हनुमान टेकरी, देवी, नवग्रह, नीलकंठ, धिंगणेश्वर, पद्मेश्वर आदि देवताहरूका मन्दिर छन्। कचौरीतलाउनेर रामचन्द्रजी-को मन्दिर छ। शङ्खतलाउका किनारामा शंखनारायणको मन्दिर र जलाशयमा रणछोड़सागरको जो महल छ सो महलका मन्दिर र शंखोद्धारका बीचमा प्रधान छ। यसका चारैतरफ परखाल छ। जगा-जगामा घाटहरू बनेका छन्, बेटद्वारिकामा दाजीपीरको एक रोजा छ।

बेटद्वारिकाको छोटो परिक्रमा ६ मीलको छ। कोही-कोही जात्रूहरू जलमार्गले नाउद्वारा टापूका चारैतिर घुम्दछन्।

कृष्णको महल बेटद्वारिकामा एक बडो घेराका भित्र २ मंजिला ३ मंजिलाका ५ महल बनेका छन्, जसको नक्शा यहाँ बनाएको छ। उत्तरको ठूलो फाटक भएर भित्रको पश्चिमवाला छोटा फाटकका पास जानुपर्दछ। उहाँ बडौदाका महाराजका ठेकेदार-हरूले एक-एक आदमीसित २।२ रुपियाँ लिन्छन्। कर नदीकन उस फाटकका भित्र जान दिँदैनन्। भित्र राजाका जस्ता भिन्न-भिन्न ५ महल बनेका छन्। यहाँ पनि गोमतीद्वारिकासमान मंदिरहरूका देवताहरूको चरण छुँदा पुजारीहरूको कर दिनुपर्छ। जो यात्री देवताहरूको पूजा गराउँदछन् पहिले राजालाई ७ रुपियाँ कर दिनु-पर्छ। महापूजा-कर अलग लाग्दछ, हिजो-आज कर घट्यो भन्ने सुनिन्छ। भित्रका फाटकबाट सोझै पूर्व जानाले दाहिने-तिर कृष्ण भगवानको खास दूवार मिल्दछ, यसको घेरा पूर्व-देखि पश्चिम लगभग ९० फीट लामू; उत्तर-दक्षिण लगभग ६० फीट चाक्लो छ। घेराको पूर्व बगलमा उत्तर प्रद्युम्नजीको मन्दिर र उसका दक्षिण रणछोड़जीको मन्दिर, यसका दक्षिण टीकम अर्थात् त्रिविक्रमजीको मन्दिर छ। यी मन्दिरहरूका अगाडि दोहरा दलान छ। घेराका पश्चिममा उत्तर पुरुषोत्तमजीको मन्दिर, दक्षिण देवकी माता, उसका दक्षिण माधवजीको मन्दिर छ, तीनै मन्दिरका अगाडि दलान छ, घेराका दक्षिण बगलमा पश्चिम अम्बाजीको मूर्ति छ, यसदेखि पूर्व गरुडको मंदिर छ, माझमा छोटो आङन छ। प्रद्युम्नजी, रणछोडजी, टीकमजी, देवकी माताहरूका मंदिरमा द्वारमा

सिंहासनमा चाँदीका पत्ता जडेका छन्। गोमती द्वारिका रणछोडजी, टीकमजी, प्रद्युम्नजी, देवकी माता, माधवजी, पुरुषोत्तमजीका मूर्ति-हरूको समान यहाँका मूर्तिहरूको झाँकी पनि बडो असल हुन्छ। अम्बादेवीको झाँकी पनि बडो असल हुन्छ। अम्बादेवीको मार्बलको प्रतिमा छ। मंदिर दलानमा श्वेत, नील मार्बलको फर्स लागेको छ। त्यहाँ भगवान्को सेज-महल झुला लागेको छ। थर्की पासा खेल्ने ठाउँ छ। चारैतरफ भित्तामा बडा-बडा ऐनाहरू लागेका छन्। यहाँका कोठाको र दलानको सजावट हेर्ने-लायक छ।

रणछोडजीको महल दक्षिण सत्यभामा, जाम्बवतीका महल; पूर्व लक्ष्मीनारायणको मंदिर, रुक्मिणीको मंदिरदेखि पूर्व गोवर्द्धननाथको मंदिर छ। सब मंदिरको द्वारमा चाँदीका पाता जडेका छन्। मंदिर-हरूका अगाडि सुन्दर मार्बलका फर्सवाला जगमोहन बनेका छन्। सत्यभामा, जाम्बवती, रुक्मिणी, राधा यी ४ का भंडार-कारखानाका भंडारका मालिक अलग-अलग छन्। यतैबाट रणछोडजीका मंदिरमा वखत-वखतमा अनेक भाँतिका भोगहरू पठाउँदछन्। यहाँ रात-दिनमा १३ पल्ट भोग लाग्दछ। बेटद्वारिकामा गोमतीद्वारिकाभन्दा अधिक भोग-रागको प्रबन्ध रहन्छ। धेरै जात्रू आफ्ना खर्चबाट भोग लगाउनाका निंतिमा भंडारमा रुपियाँ दिन्छन्। यहाँ नौपल्ट आरती हुन्छ। नित्य मन्दिरका पट १२ बज्दा दिनमा बन्द रहन्छ, फेरी ४ बजे खुलेर रातको ९ बजे उपरान्त बन्द हुन्छ।

शंखोद्धार—कृष्णका महलदेखि लगभग एक डेढ मील टाढा बेटद्वारिका टापूका भित्र शंखोद्धार नामक तीर्थमा शंखतलाउ नामक पोखरी र सत्यनारायणको सुन्दर मंदिर छ। बाटामा रणछोड सागर

भिन्दछ। मंदिरमा र जगमोहनमा श्वेत, नील मार्बलका फर्स र सिंहासनमा र मन्दिरका द्वारमा चाँदीका पाता लगाएका छन्। पंडाहरू भन्दछन् कि कृष्ण भगवान्ले यसै स्थानमा शंखासुरको उद्धार गरेको हुनाले यसको नाम शंखोद्धार तीर्थ भएको हो। यात्रीहरू शंखनारायणको दर्शन गर्दछन्।

गोपीतलाउ—जो यात्री रामडाका सड़कबाट बेटद्वारिका जान्छन्, बेटद्वारिकाबाट नाउमा चढी गोपीतलाउका खाडीका किनारामा उत्रनुपर्दछ, खाडीदेखि लगभग २ मील पश्चिम-दक्षिण गोमती-द्वारिकादेखि १३ मील पूर्वोत्तर गोपीतलाउ नामक कच्चा सरोवर छ। बाटामा पहेंला रङ्गको जमीन देखिन्छ। गोपीतलाउका भित्रको पहेंलो माटो पवित्र गोपीचन्दन हो, किन्न पनि पाइन्छ, सबै जात्रू गोपीचन्दन लैजान्छन्। यहाँ स्नान गर्दा १ आना (·६ न.पै.) कर दिनुपर्दछ। गोपीतलाउका पास १ सानू बस्ती र २ धर्मशाला छन्। धर्मशालानेर गोपीनाथको मन्दिर वल्लभ संप्रदायवालाहरूको १ मठ र २ सदावर्त छन्। यहाँ मुजूर पन्छी बहुत रहन्छन्। यहाँका पंडाहरू यो श्लोक पढ्दछन् :—

गोमती गोमयस्नानं गोदानं गोपीचन्दनम्।
दर्शनं गोपीनाथस्य गकाराः पञ्च दुर्लभाः ॥१॥

नागेश्वर गोपीतलाउबाट ३ मील, बेटद्वारिकाका खाडीबाट ५ मील दक्षिण–पश्चिम गोमतीद्वारिकाबाट १० मील पूर्वोत्तर नागेश्वर नामक बस्तीका पास नागेश्वर शिवको सानू मन्दिर छ। मन्दिरभित्र शिवलिङ्गनेर पार्वतीको मूर्ति र बाहिर नन्दीको मूर्ति छ। यहाँ पुजारी रहँदैनन्। मुजूर बिघ्न हुन्छन्। कोही-कोही द्वादश ज्योतिर्लिङ्ग-

मध्येका एक यिनै हुन् भन्दछन्। नागेश्वरबाट दक्षिण-पश्चिम ४ मील पर एक बस्ती, ९ मील पर एक बावली, १० मील खाडीबाट १५ मील पर गोमतीद्वारिका छन्। अघिबाटका डेरामा बसी भोलिपन्ट सबेरै गोमती समुद्रका सङ्गममा नुहाई मुख्य-मुख्य देवताहरूको दर्शन गरी भात खाई हिंड्ने वेलामा पण्डाहरूले सुफल दिंदा बहुतै तङ्ग गर्छन्। पण्डा बिदाइ गरी फर्की जहाज चढी सुदामापुरीमा वा बम्बईमा उत्री अन्यत्र जान्छन्। पश्चिम द्वारिका यात्रा समाप्त भयो।

होम गरिने द्वारिकानाथका मुख्य देवता

द्वारिकायै नमः। नर्मदायै नमः। निष्पापकुण्डाय नमः। संगमनारायणाय नमः। द्वारिकानाथाय नमः। बलदेवाय नमः। त्रिविक्रमाय नमः। प्रद्युम्नाय नमः। लक्ष्मीनारायणाभ्यां नमः। वासुदेवाय नमः। सत्यनारायणाय नमः। नागेश्वराय नमः। कुशेश्वराय नमः। रत्नेश्वराय नमः। सिद्धनाथाय नमः। कैलासकुण्डाय नमः। सौमित्रीकूपाय नमः। द्वारावतीस्थसर्वतीर्थदेवेभ्यो नमः।

उत्तरधाम बदरीयात्रा

हनुमानढोकाबाट ६५ मील रक्सौल २०५ मील छपरा ३६५ मील काशी ४०४ मील जौनपुर ४७९ मील अयोध्या ४८३ मील फैजाबाद ५६२ मील लखनऊ ७०६ मील बरेली जङ्कशन ७२४ मील चन्दौसी जङ्कशन ७६६ मील मुरादाबाद ८५३ मील लक्सर जङ्कशन ८६९ मीलमा हरिद्वार स्टेशन मिल्दछ। अब रक्सौलबाट एकदम हरिद्वार भै बदरी जाने हो कि, रक्सौलबाट काशी, काशीबाट हरिद्वारको बाटो गरी बदरी जाने हो यसको निर्णय सबका गुरु

माधोदास; काशीपुरी (शहर) भन्दा ठूलो शहर आर्को छैन, काशीका विश्वेश्वरभन्दा ठूला देवता तीन त्रिलोकमा छैनन् , काशीकी मणि-कर्णिकाभन्दा ठूलो तीर्थ १४ भुवनमा छैनन् , काशीकी गङ्गा उत्तर-वाहिनीभन्दा ठूली गङ्गा ब्रह्माजीले सृष्टि गरेको छैन, तसर्थ रामेश्वर जाँदा पनि काशी विश्वेश्वरको दर्शन गरी काशीको गंगाजल लगी रामेश्वर शिवलाई चढाउनू भनी पुराणहरूमा लेखेको छ, रामेश्वर-यात्रामा हेर्नुहोस् । ४ धाम आदिमा यात्रा गर्न जाँदा पहिले काशी गै काशीबाट अन्यत्र जानू भनी शास्त्रकारहरूले लेखेका छन् । लोकहरू कति पहिले अन्यत्र गै फर्कने वेलामा काशी आई फर्न्कछन् । तसर्थ रक्सौलबाट टिकट काशीको काशीबाट हरिद्वारको लिनू ।

हरिद्वार पश्चिमोत्तर देशका सहारनपुर जिलामा गंगाका दाहिने किनारामा हरिद्वार तीर्थ छ । गंगाजीको द्वार पर्न गएको छ, यहाँ गंगा-कुण्डमा स्नान गरी पिंडदानादि गर्दछन् , उहाँपछि नील-धारामा नुहाई कुशावर्त बिल्वकेदारको दर्शन गरी कनखल तीर्थमा नुहाई दक्षप्रजापतिको दर्शन गरी हरिद्वारमा आई १ रात, कोही ३ रात पनि बस्तछन् , काहीं हरिद्वारका रेलवे स्टेशनदेखि आधा मील पर सूर्यमलका धर्मशालामा गै बस्तछन् ।

वृत्तान्त–हरिद्वारतक रेल छ, हरिद्वारदेखि केदारनाथ बदरी-नाथको यात्रा आरम्भ हुन्छ । कोही मानिस नजीनाबादबाट पनि जान्छन् । कोही मानिस हरिद्वारबाट रेलको बाटो ली देहरादून भई गङ्गोत्तरी जानलाई एउटा बाटो छ तापनि देवप्रयाग भएर गएमा कोही देवता, तीर्थहरू छुट्तैनन् , सजिलो हुन्छ । यात्रीहरूले गंजी, फरास, काम्लो, लोइया (दोलाई), छाता-जुत्ता, सुरुवाल

लहुरो, मेवा, चनाको दाल, औषधीका पोका कुइनाइन आदि दवा र पाचक आदि औषधी आफ्ना साथ लिनुपर्छ। यो सब सामान हरिद्वारमा किन्न पाइन्छ। खानाका निम्ति केही जिनीस साथमा लैजानुपर्दैन। चट्टीका बास-बासमा पाइन्छ। भाँड़ा-कुँड़ा सब दुकान-दारहरूले दिन्छन्। [१९५० ई० देखि हरिद्वारबाट बदरी-केदार-सम्म बस-सर्विस पनि चालू छ अथवा स्वतंत्रकार लगे पनि हुन्छ।]

हरिद्वारबाट केदारनाथ र बदरीनाथ भएर रेलवे स्टेशन काठ-गोदाम ४१७ मीलमा हिमालय पहाडको उकालो र ओरालो हिंडी पुगिन्छ अथवा रामनगरमा जानुपर्छ। काठगोदामको बाटो बन्द भयो भन्छन्। यस देशमा ब्राह्मण क्षेत्री अधिक छन्। घेरै कुल्लीको काम गरी खान्छन्। यस देशमा लोहार (कामी), बढई (सिकर्मी), कुम्हार (कुमाले), तेली (साल्मी), दर्जी (सुजीकार), नट (कुलू) हरूलाई बहुत नीच जाति सम्झन्छन्। लोहारहरू बदरीनाथ केदार-नाथका तामाका बाला, औंठी, बदरीनाथका पटहरू बनाई बेच्छन्। नटहरू नाचेर पैसा माग्दछन्। पहाड़ीहरूको विवाह आदि उत्सवमा यिनीहरू जान्छन्। चमार ढोलक बजाई, कपड़ा सिई, जुत्ता बनाई चौकीदारको काम गर्छन्। डोमदेखि अरू जात जूठो खाँदैनन्, पहाडमा मुसलमान कम छन्। अहिर, गँडेरी कुर्मीहरू पनि अलि-अलि छन्। मजखला चट्टीदेखि यता व्यापारी मुसलमान देखिन्छन्। झंपान, कंडी बोक्नेहरूमा क्षत्री नै धेरै हुन्छन्, किन्तु ब्राह्मणहरूले झंपान बोकेको देखिंदैन, परन्तु कुमाउँका बाहुन कण्डी (डोको) ता बोक्छन्। मोदीको काम माने दुकानदारी ब्राह्मण क्षत्री तथा पंडाहरू अधिक गर्छन्। राजपूतहरू खेती गर्छन्। पहाडीहरू जोतेका

खेतमा झाडा फेर्न दिंदैनन् । स्त्रीहरू दुकानमा बस्तैनन् । श्रीनगर आदि ठूला-ठूला चट्टीमा ता देखिन्छन् । पहाडीहरू (चूलो) भान्सा छुन कसैलाई दिंदैनन्, यिनमा शौच आचार बहुतै कम छ । ठंडा मुलुक हुनाले नित्य स्नान गर्ने रीति यहाँ छैन । पहाडीहरू बडा सच्चा हुन्छन् । कोही जिनीसमा नकली चीज हुँदैन । एक बोली एक भाउमा जिनीस आदि सामान बेच्तछन् । यहाँ चोरी हुँदैन, कसैको असबाब काहीं पडिरहे पनि कोही पनि उठाउँदैनन् । अन्तका जस्ता गँवार कुरूप हुँदैनन् । यिनीहरूको स्वभाव बहुतै असल हुन्छ । बडा साहसी हुन्छन् । झगडामा कोहीदेखि हट्तैनन्, परन्तु सियो २।३ हात लामू धागो टोपीका निंतिमा दूकानदार भिक्षुक हुली सबै जना हात पसार्छन् । धेरै मानिस हरिद्वारबाट टोपी सिया धागाहरू धेरै नै खरीद गरी बदरीनाथतिर बाँड़िदिन्छन् विघ्न खुशी भै लिन्छन् । पहाडीहरू कामूलाका कोट, गोलटोपी, सुरुवाल आदि लगाई कामूला ओढी हिंड्दछन् । देवप्रयाग श्रीनगर आदि प्रसिद्धठाउँमा शिरमा पगड़ी बाँद्धछन्, टोपी बडो तर्कीपसित लाउँदछन्, कसै-कसैले हातमा चाँदीका बाला लाएका हुन्छन् । पहाडमा संक्रांति-मास, हिन्दी अक्षरको प्रचलित छ, सरकारी काम देवनागरीमा हुन्छ, पहाड़ी आदमीसित हिन्दीहरू बोल-चाल गर्न सक्तछन् । पहाड़ी मान्छे नदीलाई गाड, गाउँलाई सेड, पुललाई साँगा भन्दछन् । यहाँका मानिस केवल २००० दुई हजार गजको १ कोश मान्दछन् । पहाड़ी स्त्रीहरू कामूलाको फरिया, कामूलाको कोट वा चोलो लाई कपालमा कपडा बाँद्धछन् । गलामा रङ्ग-रङ्गका चाँदीका सिक्का, नाकमा सानो नत्थ आदि लाएका हुन्छन् । १ भेंडा वास्त्राका पीठमा १० सेर, १२ सेर, १५ सेर, २० सेरसम्म पनि लदाएको हुन्छ । मीलचौरीदेखि दक्षिण-

का पर्वती मानिसहरूको चाल-चलन केही फरक छ। यतातिर काम्लाका कपडा पहिरने कोही देखिदैनन्। समयमा काफल, ऐसेलु, चुत्रो आदि खाने फलहरू घेरै मिल्दछन्।

सूचना—केदारनाथ र बदरीनाथको बाटो अघिका भन्दा बहुतै साफ बढिया भएको छ। ६ महीनाका बालख आफ्ना आमाका काखमा बसी झम्पानैबाट जान सक्तछन्। २।४ वर्षका केटा-केटी कण्डीमा र कुल्लीका काँधमा बराबर जान्छन्। झम्पान, कण्डीको भाडा हरिद्वार र ऋषीकेशमा बन्दोबस्त हुन्छ। अगाडि बाटामा पनि फेरफार गर्न थाकेकालाई लान झम्पान कण्डी मिल्दछ। मोटा-ताजा मानिसलाई बीचमा झम्पान मिल्दैन। पर्दामा रहने स्त्रीलाई झम्पानमा पर्दा लाउन लाए हुन्छ। मिलचौरीदेखि उत्तर सवारीका निंति टट्टूहरू पाइन्छन्, जुन दुकानमा जिनीस खाने-पिनेको सरजाम किनेको छ उहीं भाँडा-बर्तन-सहित बास बस्न पाइन्छ। केदारनाथ जाने यात्री नालाचट्टीदेखि अगाडि केही चट्टी पर कोही दुकानदारलाई बढ्ता असबाब राख्न दी फर्कदाखेरि ली जान्छन्। पान पाइन्न, तमाखू जाती हुँदैन, सब चट्टीमा तरकारी तेल पाइन्न, पाइएका ठाउँमा बहुतै महगो हुन्छ।

यात्रीहरू दाउराका उज्यालाले र घ्यूका बत्तीले काम चलाउ गर्छन्। श्रीनगर आदि बडा-बडा चट्टीमा नोट बिक्तछन्। बाटामा बाघ, भालू आदिको भय हुँदैन। रुद्रप्रयाग अगाडि केदारनाथको रस्तामा उखीमठ अगाड़ि बदरीनाथतिर एक प्रकारको अरिङ्गाल जस्ता मक्खीले चिन्दछ। चिलेका बखतमा थाहा शुद्धी पाइंदैन पछि घाउ भएर घेरै दिनतक बढ्दै जान्छ, चिलाउँदै जान्छ। कर्ण-प्रयाग र मीलचौरीका बीचको हावा खराब छ। हरिद्वारबाट काठ-

गोदाम वा रामनगरसम्म भारत सरकारले जग्गा-जग्गामा डाँकखाना, शफाखाना, पुलिसको चौकी राखेको छ। यात्रीहरू बाटामा सबेरै ४।५ बजे उठी हिंड्दछन्, एघार बाह बजे चट्टीमा बस्तछन्। कोही कोही खाई पिईकन साँझमा पनि हिंड्दछन्। हरिद्वारबाट हिंडेर ४१७ मील काठगोदाम वा रामनगर स्टेशन पर ४०।४५ दिनमा आराम-सित पुग्दछन्। जहाँतक केदारनाथ, बदरीनाथको पट खुलिरहन्छ उहाँ तक यात्रीहरूको भीडभाड साउनतक रहन्छ। हरिद्वारबाट ऋषीकेशतक ९२ मील बग्गी हिंड्ने बाटो छ। बग्गीको किराया ३ रुपियाँ लाग्दछ।

भीमगोडा-हरिद्वारबाट एक मील उत्तर छ। यहाँ भीमकुण्डमा स्नान गरी भीमेश्वरको दर्शन गर्छन्। पहाडी गुफामा एउटा सानू मन्दिर छ। यहाँबाट ऋषीकेशलाई सोझो बाटो छ। बाटैमा सदा-नन्दो नदी बग्दछिन्। यहाँ रायवाला गाउँ र वीरभद्रको स्थान छ।

ऋषीकेश भीमगोडाबाट ५ कोश पर छ। गङ्गाका दाहिने किनारमा सीतारामको मंदिरदेखि अगाडि कुब्जाम्रक नामक एक पक्का कुण्ड छ। छहराको पानी कुण्डमा झरी गङ्गाजीमा जान्छ। मंदिरबाट अलि पर वाराहजीको मंदिर छ। दोस्रो १ शिखरदार मंदिर छ। भरतजीको पनि शिखरदार मंदिर छ। मूर्ति ऋषीकेशमा अघि शङ्कराचार्यले स्थापना गरेको प्राचीन पहिला छ जङ्गद्रीवालाको, नजीवाबादवालाको, कलकत्तावालाको, कालीकम्बलीवालाको धर्मशाला सदावर्तहरू छन्। कलकत्तावालाको धर्मशालामा रोटी दाल नित्य साधुहरूलाई दिन्छन्। गङ्गाजीका किनारमा संन्यासी, वैरागी आदि साधु कुटी बनाएर बसेका छन्। बडा आदमीलाई र बिरामी बालख आदिलाई स्नानका निम्ति झम्पान, बरैलीदण्डी, दरीदण्डी, कण्डी

आदि पहाडी सवारी हरिद्वारमै गर्नुपर्छ। झम्पान ४ कुल्लीहरूले बोक्छन्। पलेंटी मारेर मजासित बस्न हुन्छ। हरिद्वार वा ऋषीकेश-बाट मीलचौरीसम्म झम्पानको किराया साधारण मानिसको ७०) रुपियाँदेखि ८०) रुपियाँसम्ममा तय हुन्छ। मोटो मानिसलाई यहाँ भन्दा १०।२० थपिदिनुपर्छ। ठाउँ-ठाउँमा झम्पानका कुल्लीहरूलाई १०) रुपियाँ इनाम दिनुपर्छ। १००) सय रुपियाँको अन्दाजी झम्पान खर्च लाग्दछ। कण्डी माने डोकामा गरीबहरू चढ्दछन् कि त धनीहरूका माल बोकेर जान्छन्। कण्डीको किराया १ मन सामान लैजानेले २५) रुपियाँ लिन्छ। सवारीको निम्ति ३६) रु० लाग्छ, मीलचौरीसम्मको किराया तय हुन्छ, त्यहाँबाट उता जाने।

बरेली दण्डी झम्पानका छाँटको हुन्छ। यो बडो आरामको सवारी हो। यहाँ मेचका झैं खुट्टा खसाली हल्लाई बस्न पाइन्छ। चाक्ला बाटामा हिंड्ने हुनाले मीलचौरी यता चल्दैन। दरीदण्डी डोली जस्तो हुन्छ। कोही-कोही चढ्दछन्। २ कुल्लीले बोक्छन्।

स्कन्दपुराण (केदारखंड दोस्रो भाग १६ अ०) मा ऋषीकेशमा रैभ्य मुनि धेरै कालतक तपस्या गर्दा कुबरा माने कुब्जा भएका थिए, भगवानले आम्र माने आँपका रूखबाट रैभ्य मुनिलाई दर्शन दिएको हुँदा रैभ्य मुनिले दंडवत् गरी स्तुति गर्दा भगवान्ले वर माग भन्दा रैभ्य मुनिले यस स्थानमा नित्य बास गरिबक्सियोस् सदा सर्वदा हजूरका नाउँले र मेरा नाउँले प्रसिद्ध रहोस् भन्दा भगवान्ले त्यस्तै होला, कुब्जरूप तिमीले आम्रवृक्षमा प्राप्त भलाई देख्यौ तसर्थ यस स्थानको नाम कुब्जाम्रक नाम होला। यस तीर्थमा स्नान दान जप आदि गर्ने मनुष्यको कोटि-कोटि फल लाभ हुन्छ। जो यहाँ निवास गर्छ उसलाई परमधाम मिल्छ, यहाँ १ थोपा मात्र जल दियो भने

पितृको उद्धार गर्छ। म लक्ष्मीले सहित यस तीर्थमा सधैं बसुँला। ऋषीक अर्थात् इंद्रियहरूलाई जितेर तिमीले मेरो दर्शनका निम्ति तपस्या गऱ्यौ अथवा म जो ऋषीकेश हुँ—यहाँ प्राप्त हुँदा यसै कारण यस तीर्थको नाम ऋषीकेश होला। त्रेतायुगमा राजा दशरथ-पुत्र भरत जो मेरो चतुर्थांश भाग हुन्, मलाई यहाँ स्थापना गर्नेछन्। उही मूर्ति कलियुगमा भरत नामले प्रसिद्ध हुनेछ। जो प्राणी सत्य-युगमा वाराहरूपले, त्रेतामा कार्त्तवीर्य रूपले, द्वापरमा वामन रूपले, कलियुगमा भरतरूपले रहने मलाई यहाँ जो नमस्कार गर्नन् उसलाई अवश्य मुक्ति मिल्नेछ भनी भगवान् अन्तर्धान हुनुभयो भन्ने कुरा लेखेको छ। १७ अ० मा सुन्दरीदेखि लिएर हेमवती नदीतक कुञ्जाम्रक क्षेत्र कहलाउँछ भनी लेखेको छ।

यो कथा वाराहपुराणका १२२ अ० मा छ, किन्तु उसमा लेखेको छ कि विष्णुले रैभ्य मुनिका निकट आम्रवृक्षमा बसेर रैभ्य-लाई दर्शन दिए। विष्णुभगवान्को भारले त्यो वृक्ष नम्र भै कुप्रो हुँदा यस तीर्थको नाम कुञ्जाम्रक प्रख्यात भयो। वामनपुराण (७९ अ० मा), कूर्मपुराण माथिल्लो खंड (३४ अ० मा, नरसिंहपुराण ६५ अ० मा पनि कुञ्जाम्रक तीर्थ) ऋषीकेशको माहात्म्य वर्णन गरिएको छ।

तपोवन ऋषीकेशबाट आधा कोश उत्तर गंगाका दाहिने किनारा पहाडीका पास मौनीका तीरमा शत्रुघ्नजीको सानू मन्दिर छ, मन्दिर-का बायाँ बदरीनारायणको चतुर्भुजी मूर्ति छ, यहाँ टीहरीका राजाका कारिन्दाहरू झम्पान कण्डी बोक्ने कुल्लीसित १ झम्पानको ४ आनाका दरले कण्डीको दुइ आना समेत लिन्छन् र कुल्लीहरूको नाम लेख्छन्, शत्रुघ्नजीका मन्दिरबाट लक्ष्मणजीका मन्दिरतक आधा कोश

उकालो ओरालो गरी गङ्गाका किनारै-किनारा जानुपर्छ, उहीं शिखरदार मन्दिरमा सेतो २ हात अग्लो लक्ष्मणजीको मूर्ति छ, सानू धर्मशाला र ४।५ दुकान छन्, अगाडि ध्रुवजीको दर्शन पनि हुन्छ, मन्दिरबाट १।। मील अगाडि गंगाजीमाथि लक्ष्मणझूला नामक फलामको झुन्डिएको २२५ फीट लामू ३२००० खर्ची सूर्यमलले बनाएको पुल छ।

लक्ष्मण-झूला

तपोवनको माहात्म्य स्कन्दपुराण केदारखण्ड दोस्रो भाग २२ अ० कुब्जाम्रक तीर्थदेखि उत्तर ऋषिपर्वत-मनि गंगादेखि पश्चिम किनारामा तपोवन छ। यहाँ त्रेतायुगमा रामचन्द्रजीले रावण मारी अयोध्या फर्केपछि लक्ष्मणजीलाई राजयक्ष्मा (क्षय) रोग हुँदा रामजीसित वसिष्ठले भने कि रावणको छोरो इन्द्रजीत जो ब्राह्मण थियो सो युद्धबाट भागी तप गर्न गएकालाई लक्ष्मणजीले मार्दा उसै ब्रह्महत्याका दोषले यो रोग भएको हो, यो कुब्जाम्रक तीर्थमा गएर तप गरून्-तब यो रोग छुट्ला। तिमी पनि रावण-वधको पाप नाश गर्नाका निम्ति उहीं गै तप गर भनी लेखेको छ। २३ अ० मा लक्ष्मणजीले, कुब्जाम्रकदेखि डेढ कोश उत्तर गङ्गाका तटमा शेषजी अझतक छन्, यहाँ बडो भारी तपस्या गर्दा महादेव प्रकट भै हे लक्ष्मण! तिम्रा तपस्यादेखि म खुशी भएँ तिम्रो पाप छुट्यो, यसै तीर्थमा १ फेर स्नान गर्नाले तीन करोड ब्रह्महत्यादेखि पनि छुट्तछ भने मुनिहन्ता पापी राक्षसलाई मारेको पाप किन रहन्थ्यो, तिम्रो रोग छुट्यो। अब उप्रान्त यो स्थान तिम्रा नामले प्रसिद्ध हुनेछ, यहाँ लक्ष्मणेश्वर नामले रहन्छु, मेरा दर्शनले पापीहरूको पनि मोक्ष हुनेछ भनी शिवजी अन्तरधान हुनुभयो, लक्ष्मणजी आफ्ना पूर्ण अंशले

उहाँ रहे, लक्ष्मणका वाम भागमा लक्ष्मणेश्वर शिव विराजमान हुनुहुन्छ। जसको दर्शन गर्नाले सम्पूर्ण पाप छुटिजान्छ, गङ्गाका पश्चिम तीरमा लक्ष्मणकुण्ड छ, उहाँ स्नान जप गर्नाले अनन्त फल हुन्छ, शिवपुराण आठौं खण्ड– १५ अ. मा कुब्जाम्रक तीर्थ र पूर्ण तीर्थनेर गङ्गाका बीचमा सोमेश्वर छन्, गङ्गाका पश्चिम तटमा तपोवन छ, लक्षणजीले त्यहीं भारी तपस्या गरी शिवका कृपाले पवित्र भए भन्ने कथा छ।

फूलवारीचट्टी झूलाबाट ४ मील पर गङ्गापार भएर बायाँ-किनाराबाट हिंड्नुपर्दछ, गङ्गाका दाहिने टिहरीका राजाको बायाँ अंगरेजी राज्य छ, बाटामा हिउँली नदी र घट्टहरू भेटिन्छन्, मदिसे घट्टलाई पनचक्की भन्दछन्।

सोमलचट्टी फूलबारीबाट ½ आधा मील पर छ, यहाँ दुकान धेरै छन्। गुल्लरचट्टी, सोमलचट्टीबाट ३॥ मील पर्दछ. यहाँ डुंरीका रूख धेरै हुँदा गुल्लरचट्टी नाम रहेको हो, मदिसे डुंरीलाई गुल्लर भन्दछन्, चट्टीका धेरै दुकान छन् यहाँ हिउँली नदी बहन्छिन्।

वैरागड़ागाउँ :–फूलबारीबाट ५ मील, गुल्लरचट्टीबाट ३ मीलमा केही कंती पर छ। ६।७ छप्पर र पसल छन्, फूलबारीबाट सवा पाँच मील पर छप्परहरूका दुकान भएको मोहनचट्टी छ।

बिजनीचट्टी फूलबारीबाट आठ मील वैरागगडाबाट तीन मील पर छ, पसलेका ४।५ घर पक्की ढूला छन्, सरकारी सानू धर्मशाला पनि छ, पौने तीन मील पर कुण्डचट्टी पौने पाँच मील पर समिन्न नन्दग्राम भेटिन्छ।

बन्दरचट्टी बिजनीदेखि ६ मीलमा २५-३० छप्पर र धर्मशाला छ। महादेवचट्टी बन्दरबाट ८ मील पर छ ६।७ छप्पर ३।४ पसल

छन् । ८० सींढीमाथि कच्चा सानू महादेवको मंदिर छ ।

रामचट्टी महादेवचट्टीबाट ४ मील पर छ । ५।७ छप्पर छन् । कण्डीचट्टी महादेवचट्टीबाट ६॥ साढे छ मील, रामचट्टीबाट २॥ अढाई मील पर १४ सम्म छप्पर पसलहरू र अस्पताल आदि केरा-घारी र आँपका रूख सत्यनारायण समेत हुँदा बडो रमाइलो छ। ४ मील अगाडि व्यास गंगामा लक्ष्मणझुलाका ढाँचाको १८० फीट लामू पुल छ, गंगा र व्यास-गंगाको संगम छ, पुलका दक्षिणको उकालो बाटो कोटद्वार जाने हो, साम्नेको बाटो व्यासचट्टी जाने हो।

छप्पर व्यासचट्टी कण्डीदेखि ४॥ मील पर छ, सरकारी धर्मशाला र पसलहरू १८ तक छन् । अलिकति पर छहरो छ । आधा मील पर व्यास मंदिरमा व्यासको र शुकदेवको सानू मूर्ति छ, ५ मील उमरामू वा अमरकोट चट्टी, ६ मील १ नदी पर १६ फीट लामू काठको पुल छ, ७ मील अनन्तराम पंडाको घर धर्मशाला १ छहरा र पन्तनामक बस्ती छ, व्यास चट्टीबाट ९ मील ऋषीकेशदेखि ४२।४४ मील हरिद्वारबाट पौने ५५ मील देवप्रयाग छ ।

देवप्रयाग यहाँ गंगोत्तरीबाट आएको भागीरथीको र बदरी-नाथबाट आएको अलकनन्दाको संगम (दोभान) छ, अलकन-न्दाका दाहिने टिहरीका राजाको राज्य थियो अब भारतमा मिल्यो, अलकनन्दामा २५० फीट लामू भित्र २४। फीट चाक्लो फलामको पूल छ, अलकनन्दाका बायाँ किनारामा सरकारी धर्मशाला कमलीबाबाको खैराती औषधालय पसल आदि छन् । पुलका पश्चिम कलश छाता लागेको रघुनाथजीको ठूलो मन्दिर छ, रघुनाथजीको श्याम रङ्गको विशाल मूर्त्ति खडा छ, हातमा धनु काँड करमा ढाल तरवार भिरेको छ, बाहिर पीतलको बडो गरुडजीको मूर्ति छ मंदिरका दाहिने बदरी-

नाथ, महादेव, कालभैरव, हनुमान छन् । रघुनाथजीको मूर्ति शङ्कराचार्यले स्थापना गरेको हो, पुजारी महाराष्ट्र ब्राह्मण छन् सबैरै १ पैसा लिएर यात्रीलाई भित्र जान दिन्छन्, यहाँ मुण्डन पिण्डदान हुन्छ, पण्डाहरूका २०० तक घर बनेका छन्, १ सानू धर्मशाला छ, मंदिरबाट २०० सिंढीका माथि पर्वतमा क्षेत्रपालको मंदिर छ, देव-प्रयाग इन्दौरका महाराजको र रायबहादुर सूर्यमलको सदावर्त लागेको छ, बदरीनाथका पण्डाहरू देवप्रयागमा रहन्छन् । देवप्रयाग ५ प्रयागमाको १ प्रयाग हो, गंगोत्तरी जाने जात्रूहरू देवप्रयागबाट गंगाजीका किनारा टिहरी भएर गंगोत्तरी जान्छन्, देवप्रयागबाट टिहरी २४ मील, टिहरीबाट गंगोत्तरी ९६ मील पर्छ, यात्रीहरू फर्कदाखेरि श्रीनगरबाट त्रियुगीनारायण भएर केदारनाथ जान्छन् । बदरीनाथका बायाँ केदारनाथ यात्रीहरूको देवप्रयागबाट गंगा छुट्तछिन्, अलकनन्दाका किनारामाट हिंड्नुपर्छ ।

स्कन्दपुराणको केदारखण्डको तेस्रो भागका पहिला अध्यायमा गंगाद्वारका पूर्वभागमा गंगा र अलकनन्दाका संगमका निकटमा देवप्रयाग उत्तम तीर्थ छ, जसको दर्शन स्मरण मात्रले ब्रह्महत्या बराबरका पापहरू नष्ट होइजान्छन् । त्यस तीर्थमा गरेका कर्महरूको फल अक्षय हुन्छ. जो मनुष्यहरू देवप्रयागमा पिण्डदान गर्छन् । उनीहरूको फेरि पितृकार्य गर्नको जरूरत छैन, जुन स्थानमा गंगा अलकनन्दाको संगम छ, फेरि साक्षात् श्रीरामचन्द्र सीता लक्ष्मण-सहित निवास गरेका छन् । उस तीर्थको वर्णन को गर्न सक्छ ? देवप्रयागमा जुन स्थानमा ब्रह्माजीले तप गरेको ठाउँ ब्रह्मकुण्ड प्रसिद्ध छ, गंगाका उत्तर-तटमा शिवतीर्थ छ, त्यहाँ स्नान गर्नाले कीरा फटेङराहरू पनि शिवरूप होइजान्छन, गंगाका निकटमा वेताल

कुण्ड छ, ५ दिन स्नान गर्नाले मानिस शुद्ध हुन्छ, यताबाट थोरै पर सूर्यकुण्ड छ त्यहाँ स्नान गर्नाले मनुष्य सब पापदेखि छुट्तछ, यी सब तीर्थ गंगाका उत्तर तटमा छन् । गंगाका दक्षिण भागमा ब्रह्मकुण्ड माथि ४ हात प्रमाणको वसिष्ठ कुण्ड छ, जसका सेवाले मोक्ष मिल्दछ, यस कुण्डमाथि ८० हातका प्रमाणको वाराह तीर्थ छ यहाँ स्नान गर्नाले सायुज्य मुक्ति मिल्दछ, हजार वर्षसम्म श्राद्ध गर्नाले पितृहरू जो तृप्ति हुन्छन् सो यस वाराह तीर्थमा तर्पण गर्नाले मात्र तृप्ति हुन्छन्, गंगाका मध्यमा वाराही शिला छ जसलाई छुँदैमा मोक्ष मिल्दछ, दर्शन गर्नाले पितृहरू अक्षयलोकमा प्राप्त हुन्छन्, अलिकति पर सूर्यकुण्ड छ, यहाँ स्नान गर्नाले महापातकी मनुष्य पनि मुक्ति पाउँछ, यसभन्दा अलिकति पर पौष्यमाल तीर्थ छ, यहाँदेखि ६ दंड अगाडि इन्द्रद्युम्नको तपस्थान इन्द्रद्यम्नतीर्थ छ, यहाँबाट आधा कोश पर बिल्व तीर्थ छ जहाँ महादेव हरबखत रहन्छन्, उस स्थानमा गंगामा स्नान गरी १० दिन निवास गर्नाले सिद्धि प्राप्त हुन्छ, यी तीर्थ गंगाका माथिल्ला भागमा छन् । १ अध्यायदेखि ११ अध्यायसम्म देवप्रयागको वर्णन छ, धेरै हुन्छ भनी सूचन मात्र दिएको हुँ, पछिबाट लेखेको छ । श्रीरामचन्द्रले देवप्रयागमा गएर विश्वेश्वर स्थापना गर्नुभयो, माथि क्षेत्रपाल भैरव छन्, जो मनुष्य विश्वेश्वरको दर्शन नगरी जो यात्रा गर्दछन्, उसको सम्पूर्ण निष्फला हुन्छ फल पाउँदैनन् भनी लेखेको छ । क्षेत्रपालको दर्शन पूजा गरी रामको दर्शन गर्नुपर्छ भनी लेखेको छ । गंगा अलकनन्दाका संगमदेखि बाणजा नदीतक देवप्रयाग क्षेत्र कहलाउँछ ।

गोविन्दकोटी देवप्रयागबाट २॥ मील पर छ, यहाँ २।३ छप्पर छन्, गोविन्दजीको मूर्ति मन्दिर १०० कदम तल छ ।

सीताकोटी गोविन्दकोटीबाट पौने तीन मील पर छ २।४ छप्पर छन् । रानीबागचट्टी सीताकोटीबाट २ मील पर छ । ५।६ छप्पर छन् । रामपुरीचट्टी रानीबागबाट पौने तीन मील पर छ, ५।६ छप्पर पसल छन् । भगवानचट्टी रामपुरचट्टीबाट ३ मील पर छ । पसलेका घर घेरै छन् ।

बिल्वकेदार वा भीलेश्वर रामपुरबाट ४॥ मील, भगवानचट्टीबाट डेढ मील पर छ । यहाँ भीलेश्वर महादेवको मंदिर छ । धर्म-शाला र ४।५ छप्पर छन् । उत्तरबाट आएका दुग्ड नदीको र अलकनन्दाका संगम (दोभान) दुण्डप्रयाग तीर्थ कहलाउँछ, यसै पर्वतलाई इन्द्रकील पर्वत भन्दछन् ।

महाभारत (वनपर्व ३७ अ०) मा; शिवपुराण ज्ञान संहिता ६४ अ० देखि ६७ अ० तक, यस संगममा भक्तिपूर्वक स्नान गर्नाले ब्रह्मसायुज्य मुक्ति मिन्दछ । शिवको आराधना गर्नाले मनुष्य तीनै लोकमा श्रेष्ठ हुन्छ, त्यही ठाउँमा महादेवले इन्द्रपुत्र अर्जुनलाई दर्शन दिएको हो भनी लेखेको छ । यहाँबाट १ मील अगाडि अलकनन्दा-मा फलामको झुण्डाएको पुल छ । पुल पारि टिहरीका महाराज कीर्तिशाहले बसाएको नयाँ बस्ती बजार छ । पुलनेरबाट १ बाटो टिहरी जाने, दोस्रो पूर्व दक्षिण पौडी वा गढवालका जिलाभित्रको श्रीनगरमा जाने, तेस्रो बाटो पश्चिम दक्षिण अलकनन्दाका दाहिने किनारा भएर देवप्रयाग गएको छ । भीलेश्वरबाट डेढ मील अगाडि अलकनन्दा र पर्वतका माझमा १ मील लामू बालुवाको मैदान छ, अगाडि कमलेश्वरको मन्दिर मिल्दछ, कार्त्तिकशुक्ल १४ मा यहाँ मेला लाग्दछ, कमलेश्वरको खण्डित लिङ्ग छ, कमलेश्वरको मन्दिरबाट आधा मील बढ्ता पूर्वोत्तर देवप्रयागबाट १८ मील, ऋषिकेशदेखि ६०॥।

मील, हरिद्वारदेखि ७२॥। मील टाढा अलकनन्दाका किनाराका अग्ला जमीनमा नयाँ श्रीनगर बसेको छ, पुरानू श्रीनगर ता सन् १८९४ मा बाढीले बगायो ।

श्रीनगर :–यहाँ किलकेश्वर, नागेश्वर अष्टावक्रमहादेव, राजराजेश्वरी भगवतीको मन्दिर छ, यो श्रीनगरको र राजराजेश्वरी र कमलेश्वरको स्कन्दपुराणमा चौपट्ट बयान गरेको छ । यहाँ ठूलो बजार छ । काम्ला, कस्तूरीदेखि ली सबै थोक चाहिने चीजबीजहरू पाइन्छन् । अस्पताल, अंग्रेजी हिन्दी पाठशाला, तारघर, डाकघर, थाना आदि छन् । अति रमणीय छ, कमलीवाले आदिका धर्मशालाहरू पनि छन्, श्रीनगरबाट दाहिने पछाडिको बाटो पौडी तहसीलतिर जाने सामुन्नेको सोझो बाटो श्रीबदरीनाथ जाने हो ।

श्रीकोट बस्ती श्रीनगरबाट २ मील पर छ, ८।९ छप्पर छन् ।

सुकुताचट्टी श्रीकोटबाट ३ मील पर छ, ४।५ छप्पर पसल छन् ।

भट्टी सेराचट्टीबाट ३॥ मील पर छ । यहाँ १२।१५ छप्पर र पक्का दुकान पनि छन् । यहाँबाट जङ्गल र उकालो मिल्दछ ।

छातीखालचट्टी भट्टीसेराचट्टीबाट सवा मील पर छ । ३ छप्पर छन् । खाकराचट्टी छा० च०बाट सवा दुइ मील पर छ । १०।८ छप्पर पसल छन् । नरकोटाचट्टी खाकरा च० बाट उकालो ओरालो चढी उत्रिसकेपछि ३ मीलमा आउँछ । यहाँ २।३ छप्पर र पसलहरू पनि छन् । रूखका छहारीबाट कालीका मूर्त्तिको दर्शन पाइन्छ ।

गुलाबरायचट्टी न० च० बाट सवा दुइ मील पर छ । २।४ छप्पर र पक्की दुकान पनि छन् ।

रुद्रप्रयाग

गुलाबरायचट्टीदेखि १।।। मील, श्रीनगरदेखि १९ मील, देवप्रयाग-देखि ३७ मील, हरिद्वारदेखि ९१।।। मील पर अलकनन्दाका बायाँ किनारामा अलकनन्दाका र केदारनाथबाट आएकी मन्दाकिनीको संगम (दोभान) छ । यहाँ सानू बजार पनि छ । २५।३० दुकान छन्, पंचप्रयाग-मध्य देवप्रयाग भयो, यो रुद्रप्रयाग, नन्दप्रयाग पछि आउँछन्, यहाँ बजारनेर २०० फीट लामू ६ फीट चाकलो अलक-नन्दामा फलामको पुल (झूला) छ, केदारनाथलाई छोड़ी बदरीनाथ जाने यात्री विशेष गरेर आचारीहरू यहाँदेखि सोझो अगाडि अलकनन्दाका बायाँ किनारै-किनारा कर्णप्रयाग, नन्दप्रयाग, चमोली भएर अलकनन्दाका किनारै-किनारा बदरीनाथ जान्छन् । केदारनाथ-का यात्री यहाँबाट पुल पार भएर रुद्रनाथका मन्दिरदेखि अगाडि मन्दाकिनी नदीका किनारै-किनारा केदारनाथ पुग्दछन् । केदारनाथ-देखि नालागाउँचट्टीबाट फर्की उखीमठ गोपेश्वर, चमोली भएर बदरीनाथ जान्छन् । रुद्रप्रयागबाट २१ मील कर्णप्रयाग, ३३।। मील नन्दप्रयाग, ४०।। मील चमोली, जोशीमठ छोडेर ६८।।। मील विष्णु प्रयाग, ८४।। मील बदरीनाथ छ । फेरि रुद्रप्रयागबाट मन्दाकिनीका किनारा २४ मील गुप्तकाशी, ४०।।। मीलमा त्रियुगीनारायण, ४३ मील सोनाप्रयाग, ४६ मील गौरीकुण्ड, ५५ मील केदारनाथ छन् ।

पुल पार भएर केदारनाथ जान्छन्, पुलबाट २।। मील पर सङ्गमनेर रुद्रनाथ शिवको मंदिर छ । १ कोठामा नारदेश्वर छन् । आर्कामा कामेश्वरको लिङ्ग छ, नारदलाई महादेवले गानविद्या सिकाएको यही स्थानमा हो, ठाडा सींढी ओर्लेर सङ्गममा स्नान गर्नुपर्दछ । जलको

वेग यहाँ ज्यादा छ। डाकखाना पनि छ। गोपालेश्वर, सोमेश्वर, अन्नपूर्णा पनि छन् ।

स्कन्दपुराण (केदारखण्ड प्रथम भाग ६३ अ०):—पूर्वकाल-मा महामुनि नारदजीले रुद्रप्रयागका मन्दाकिनीका तटमा घोरको तपस्या महादेवको गर्दा महादेव खुशी भै हे नारदजी ! तिम्रो तपस्या पूर्ण भो भनी महादेवजीले ६ राग, एक-एक रागको पाँच-पाँच रागिनीहरू (स्त्रीहरू), आठ-आठ छोरा आठ-आठ बुहारीहरू प्रकट गर्नुभयो र वर माँग भन्दा नारदजीले संगीतविद्या प्रदान गरिबक्सनुहोस् भन्दा महादेव प्रसन्न भै सम्पूर्ण तालसहित रागका भेद कहिदिनुभयो। ६५ अ० देखि ७७ अ० तक विस्तार गरी वीणा (बेन) महादेवले दिएको ग्रहण गरी ब्रह्मलोकमा गए भन्ने कथा छ। नारदजीले रुद्रप्रयागमा स्नान गर्नाले परम सिद्धि प्राप्त भयो तसर्थ पृथ्वीमा यो तीर्थ श्रेष्ठ हो भनी गणना भएको छ।

तिलवाडाचट्टी रुद्रप्रयागबाट चार मील पर छ। यहाँ एक सरकारी धर्मशाला, ८।९ छप्पर र त्रिपुरेश्वरको मन्दिर छ।

रामपुरचट्टी तिलवाडाचट्टीबाट २॥ मील पर छ। ९।१० छप्पर र पसल छन् ।

अगस्त्यचट्टी रामपुरबाट २॥। मील पर छ। पसलेका १५।१६ घर छप्पर, एक धर्मशाला र अगस्त्यजीको मन्दिर, २ शिष्यको र नवग्रह, गणेश आदिका मूर्तिहरू छन्। महाभारत आदिपर्व ४ अध्यायमा अगस्त्यका यज्ञको विस्तार छ।

महादेवचट्टी त्यहाँबाट २॥ मील पर छ ५।६ छप्पर, दुकान, धर्मशाला, ८।१० पक्की घर र काँचोपातको खेती छ।

चन्द्रापुरी म० च० बाट १॥ मील पर छ, मोदीका बडा बडा

घर ८ छन्, यात्रीहरू बस्तछन्, १२।१५ छप्पर पसल छन्, चन्द्रेश्वर र चन्द्रापुरी देवीको मन्दिर छ, ४ घट्ट छन्।

भीरीचट्टी वा भीमझुला च० पू०बाट ३ मील पर छ। यहाँ मन्दाकिनीका दुवै किनारामा ५।७ मकान सरकारी धर्मशाला र हातमा गदा लिएको भीमको मूर्ति र सत्यनारायणको मूर्ति छ, मन्दाकिनीका माथि ७० फीट लामू, ५ फीट चाक्लो फलाम र काठको झुण्डाएको पुल छ, यताबाट १॥ मील पर, उजाडचट्टी वा पोखरीचट्टी आउँछ, ७।८ छप्पर दुकान छन्, ३॥ मील पर कुण्डचट्टी छ। ४॥ मील पर भीक्षुकका कोठामा गरुडजीको मूर्ति छ।

गुप्तकाशी

भिक्षुकका कोठाबाट १॥ मील पर गुप्तकाशी छ, पहाड़मनि पूर्व मुख भएका मन्दिरमा विश्वनाथजीको अनगढ मूर्ति छ, छानामा सुनका कलश छन्; शिवका छत्र, अर्घ जलहरीको घडा माथिको परदा चाँदीको छ, चाँदीको १॥ हात अग्लो अन्नपूर्णाको चतुर्भुजी मूर्ति छ, पुजारी यात्रीहरूसित द्वारमा १।१ पैसा ली भित्र जान दिन्छ, १ थालीमा आफैंले रुपियाँ अठन्नी चवन्नी हाली राखेका हुन्छन्, यहाँ पैसा चढ्दो रहेनछ, चाँदी चढाउँ भनी चढाउनन् भन्नाका निंति होला। अगाड़ि १४ हात लामू ४ पाटे मणिकर्णिका कुण्ड छ। औरङ्गजेब बादशाहका बखतमा विश्वेश्वर काशीदेखि भागी यहाँ आएका हुँदा गुप्तकाशी भनेको हो भनी पण्डाहरू भन्छन्, तापनि यो ठीक होइन, गुप्तकाशीका अधिकारी उखीमठमा रहने केदारनाथका रावल पुजारी छन्, गुप्तकाशीदेखि हिउँका सर्दीको आरम्भ हुन्छ, यहाँबाट ३।। मील पर पहाडमाथि शोणितपुर-सामुन्ने मन्दाकिनीका

पारिपट्टि उखीमठ छ, शोणितपुर अघि बलीका १०० पुत्रमाका ज्येष्ठपुत्र बाणासुरले रचना गरेको हो भनी वामनपुराणका ९२ अ० मा; दशमस्कन्ध ६२ अ० मा वर्णन गरेको छ, बाणासुरको केही चिह्न पनि छ, केदारनाथका पण्डा यही शोणितपुरमा रहन्छन् ।

स्कन्दपुराण–(केदारखण्ड उत्तरभाग २४ अ०) मा केदारेश्वर-देखि ६ योजन दक्षिण काशीको बराबर मुक्ति-मुक्ति दिने गुह्य वाराणसी क्षेत्र छ, उस क्षेत्रको विस्तार २ योजनको छ, त्यो गुह्य स्थान छ, तसर्थ गुप्तकाशी कहन्छन्, यिनको स्मरणले मात्र सब आपत्ति नाश हुन्छन्, गंगा यमुना यहाँ गुप्त हिसाबले रहेकी छन्, माघमा मकर राशिमा सूर्य गएपछि नुहाउनाले असंख्य फल लाभ हुन्छ भनी लेखेको छ ।

नालाभेतग्राम :–गुप्तकाशीबाट पौन मील पर ४।५ छप्पर र पसल छन्, गरुडको र ललितादेवीको पुरानू मन्दिर छ, यात्रीहरू कोही आफ्ना असबाब यहीं राखी केदारनाथको दर्शन गरी असबाब ली उखीमठ चमोली भएर बदरीनाथ जान्छन्, अगाडि सडकका किनारामा बाणग्राम र मस्तग्राम भेटिन्छ, नालाभेतदेखि १।।। मील पर भेतगाउँमा नारायणको र लक्ष्मीनारायणको मूर्ति सुन्दर छ, अरू देवमन्दिरहरू पनि छन्, ३०।३२ छप्पर र दुकान छन्, यहाँदेखि दाहिनेपट्टि जंगली गोरेटो कालीमठतिर गएको छ, यही बाटो गए सोही ब्युङ्कलचट्टीमा पुगिन्छ ।

ब्युङ्कलचट्टी नारायणचट्टीबाट १।। मील पर छ, १२।१५ तक छप्पर दुकान छन्, काठका भाँडा असल पाइन्छन्, ब्युङ्कलचट्टी-बाट २ मील पर धामाकोटी छ, यहाँ धातुको महिषमर्दिनी देवीको अष्टभुजी मूर्ति छ ।

फाटाचट्टी ब्युङ्गलचट्टीबाट २ मील, धामाकोटीबाट १। मील पर छ, २०।२५ छप्पर र दुकान धर्मशाला छन्, यहाँदेखि पर ब्रह्म-कोटि स्थान, कालुदण्डी चट्टी भटपोंगाचट्टी छ। यी सब चट्टीमा छप्पर दुकान छन्।

रामपुराचट्टी फाटाचट्टीबाट ४॥ मील पर छ, २०।२५ छप्पर छन्, सोझो रास्ता केदारनाथ जाने, देब्रेतर्फ उकालो चढेर त्रियुगी नारायणमा जान्छ, रामपुरदेखि ३॥ मील पर शाकम्भरी देवीको मूर्ति छ।

स्कन्दपुराण–(केदारखण्ड प्रथम भाग ४६ अ०) मा यो परमपीठ शाकम्भरीक्षेत्र सम्पूर्ण पाप नाश गर्ने मुनिहरूको रक्षाका निंति प्रगट भएकी हुन्, यिनको दर्शन गर्नाले १० अश्वमेध यज्ञको फल मिल्दछ, शाकम्भरी पीठको प्रमाण ३ योजन लामू २ योजन चाक्लो छ, जो मनुष्य नियमपूर्वक ५ रात्री निवास गर्दछ, उसलाई विपुल सिद्धि मिल्दछ भनी लेखेको छ।

त्रियुगी नारायण।

शाकंभरीबाट १। मील पर छ, पण्डाहरूका २५।३० पक्का घर, ५।७ दुकान र धर्मशालाहरू छन्, ब्रह्मकुण्ड, रुद्रकुण्डमा स्नान गर्दछन्, कुण्डमा बहुत रङ्गबिरङ्गका सर्प हुन्छन्, स्नान गर्दा टोक्तैनन्, विष्णुकुण्डको जल सब जना पिउँदछन्, उहींनेर छहराको जल थोरै रहन्छ सरस्वतीकुण्ड भन्दछन्, पण्डाहरू यहाँ यात्री-हरूलाई तर्पण गराउन लाउँदछन्, छहराको पानी भित्रबाट चारै कुण्डमा आएर ब्रह्मकुण्डबाट बाहिर जान्छ, कुण्डनेर साधारण नारा-यणको शिखरदार मंदिर छ, नारायणको धातुको मूर्ति स्थापित छ,

लक्ष्मी, अन्नपूर्णा, सरस्वती आदिका मूर्तिहरू छन् । मंदिरका अगाडि जगमोहनका स्थाजनेर चारकुने घर छ, ५ चौतराका कुण्डमा सदा-सर्वदा अग्नि (आगो) रहन्छन्, भन्छन् कि शिवजी पार्वतीका विवाहका समयको अग्निकुण्ड हो, तीन युगको धुनी अझतक बलिरहेकै छ, घेरै यात्रीहरू दाउरा किनी हाली कुण्डको बिभूति ली जान्छन्, मंदिरमा अँध्यारो हुँदा दिनमा पनि बत्ती बालेकै हुन्छन्, त्रियुगी नारायणको उकालो घोरको डरलाग्दो छ, तसर्थ घेरै यात्री पाटी गाड नदीदेखि त्रियुगी नारायणको बाटो छोडी सौझो बाटो केदारनाथ जान्छन् । झम्पानवालाहरू उकालाको इनाम लिन्छन्, गंगोत्तरीका यात्रीहरू जो ऋषीकेश, देवप्रयाग, श्रीनगरको बाटो गंगोत्तरी जान्छ, पगदण्डी बाटो यहाँ आएर केदारनाथतिर जान्छ ।

महाभारत—(अनुशासनपर्व ८४) अ० मा हिमालयपर्वतमा रुद्राणी देवीसित रुद्रको विवाह भएथ्यो भनी लेखेको छ, फेरि स्कन्दपुराण केदार खंड प्रथम भाग ४३ अ० मा केदार मण्डलमा त्रिविक्रमा नदीका तटको डेढ कोशमाथि यज्ञपर्वतमा नारायणक्षेत्र छ, तहाँ ब्रह्मादि देवताहरूले हरिको यज्ञ गरेथे, त्यहाँ सदासर्वदा अग्नि रहन्छन्, त्यसै ठाउँमा गौरीसित महादेवको विवाह भएथ्यो, अनेक कोटी पाप भएको मनुष्यले १० दिन उपवास गरी प्राण-त्याग गर्नाले वैकुण्ठमा बस्तछ, विष्णुका नाभिदेखि परम पवित्र सरस्वती-की धारा आएकी छन्, जो प्राणीले मन्त्रले युक्त गरेर उसको जल पिउँछ भने सय करोड कल्पतक उसको दोस्रो जन्म हुँदैन, ११ कुल तकको उद्धार हुन्छ, जो मनुष्य नारायणका मन्त्रले हवन गर्दछ त्यो सम्पूर्ण पापबाट छुट्तछ, यहाँका भस्म धारण गर्नाले सम्पूर्ण देव-मय होइजान्छ, यहाँ ब्रह्मकुण्डमा स्नान गर्नाले ब्रह्मलोक मिल्छ,

विष्णुतीर्थमा स्नान गरे बैकुण्ठमा बस्दछ, सरस्वतीकुण्डमा स्नान गर्नेको सम्पूर्ण पाप क्षय हुन्छ, नारायणदेवको दर्शन गर्नाले शिवलोक मिन्दछ भनी लेखेको छ, फेरि वाराहपुराण २२ अ० मा शिवपार्वतीको विवाह तृतीयाका दिन भएको हुनाले तृतीया तिथि महादेवको प्रिय छ भनी लेखेको छ।

शौनकप्रयाग त्रियुगी नारायणबाट २॥ मील पर छ, माथिबाट जोरसित मन्दाकिनी गिर्दछिन्। गङ्गा पश्चिमोत्तरबाट आएर जोरसित मन्दाकिनीमा मिलेकी छन्। सोनप्रयागबाट १२ मील पर कैयौं मील लामू चाक्लो छ, उहाँबाट वासुकि नदी आएकी हुन्। यात्रीहरू असार साउनमा हिउँ पग्लेपछि जान्छन्। शौनकप्रयागबाट मन्दाकिनीको जल सेतो, वासुकिको जल हरियो देखिन्छ, वासुकि गङ्गामा भारत सरकारको १७० फीट लामू फलामको पुल छ, गरुडजीको मूर्त्ति र पसलेहरूका घर छन्। यसलाई झिलिमिलीचट्टी पनि भन्दछन्।

मुण्डकटागणेशचट्टी सौ० प्र० बाट २॥ मील पर छ, बिना शिरका गणेशको दाहिने पार्वतीको बायाँ शिवलिंग ६।७ छप्पर छन्। गणेशको शिर महादेवले काटेको हो, यो कथा स्क० का के० खं० ४२ अ० मा छ, शि० पु० ज्ञा० ३२ अ० मा पनि छ।

गौरीकुण्ड मु० क० ग० बाट २॥ मील पर छ, २०। २५ पंडाहरूका घर दुकान छन्। पुरी मिठाईसमेत किन्न पाइन्छ, तातापानीको १ छहरो छ; केही पानी मन्दाकिनीमा केही जल पीतलको गोमुखी तप्तकुण्डमा गिर्दछ, कुण्डबाट निकली मंदाकिनीमा मिल्दछ, तप्तकुंड १७ फीट लामू चारपाटे छ। कुण्डको जल यस्तो तातो छ कि छुनलाई मुश्किल हुन्छ। यात्रीहरू मार्जन गर्छन्। शूरो मानिस कुद्दछ।

पोलेर बिगार गर्नें होइन । तप्तकुण्डका दक्षिण, खारिलो जल भएको, गौरीकुण्ड छ । यहाँ यात्री पहिले नै स्नान गर्छन् । कुण्डका दक्षिण ५।६ हात लामू उमा-महेश्वर नामक शीला छ । त्यहींनेर गौरीका मन्दिरमा गौरी, महादेव, राधाकृष्ण, ज्वालाभवानीका मूर्तिहरू छन् । मन्दिर-पछाडि अमृतकुण्ड नामक मीठा पानीको सानू कुण्ड छ ।

स्कन्द० के० प्र० ४२ अ०मा केदारेश्वरबाट ६ कोश दक्षिण मन्दाकिनीका तीरमा सब सिद्धि दिने गौरी तीर्थ छ । अघि गौरी पर सर्दा ऋतुस्नान गरेको हो । स्कन्दको उत्पत्ति स्थान यही हो । यहाँ तप्तकुण्ड र सिन्दूर जस्तो माटो छ । यहाँ नुहाई माटो शिरमा घस्यो भने शिवजी बहुत खुशी हुनुहुन्छ । यहाँ गौरीश्वर विराजमान छन् । कुण्डका दक्षिण गोरक्षाश्रम तीर्थमा सिद्ध गोरखनाथ नित्य वास गर्छन् भनी लेखेको छ ।

चीरवासा भैरव—गौरीकुण्डबाट २ मील पर छ । यी भैरवलाई कपड़ा चढाउनुपर्छ, नत्र यात्राको फल हरिलिन्छन् । यहाँबाट जङ्गल आरम्भ हुन्छ ।

स्कन्द० के० प्र० ४२ अ०मा गौरी तीर्थका पूर्व भागमा चीरवासा भैरवक्षेत्रको रक्षा गर्छन् । जो मनुष्य भैरवलाई चीर माने वस्त्र चढाउँदैनन् तिनको यात्राको फल हरिलिन्छन् भनी लेखेको छ, तसर्थ वस्त्र चढाई जान्छन् ।

भीमगोड़ा चीरभैरवबाट २ मील पर छ । यहाँ ढुङ्गामा खोपेर बनाएको भीमसेनको बड़ो भारी मूर्ति छ ।

रामबाडाचट्टी भीमगोड़ाबाट आधा कोश पर छ । ९।१० छप्पर छन् । यहाँबाट उकालो लाग्दछ । यहाँबाट केदारपुरीको यात्रा लाग्छ । बोलदे श्रीकेदारनाथजीकी जय ! पुरी मिठाईका दुकान समेत छन् ।

यहाँ जाड़ाका दिनमा कोही रहँदैनन् । अनेक तरहका फलहरू देखिन्छन् । केदारनाथ पुग्नलाई एक मील बाँकीदेखि नै केदारनाथको मन्दिर देखिन्छ । सोनप्रयागबाट केदारनाथसम्म बस्ती छैन । यात्राका समयमा मोदीहरू चट्टीमा आउँछन् ।

केदारनाथ

रामबाडादेखि ४॥ मील पर छ । यात्रीहरू हरिद्वारबाट १४६॥ मील हिंडी १७ दिनमा केदारनाथ पुग्छन् । पाउ मील पर अलिकति नपुग्दैमा ५ नदीको संगम भेटिन्छ, सम्पूर्ण यात्रीहरू स्नान गर्छन् । सरस्वती, मन्दाकिनी, दुग्धगङ्गा, स्वर्गद्वारी, महोदधि, यिनै पंचधाराको संगम छ । स्नानको स्थान दुग्धगङ्गा यहाँबाट उत्तर सरस्वती आधा मील दक्षिण महोदधि स्वर्गद्वारी मन्दाकिनीमा मिलेकी छन् । मन्दाकिनीमा छोटो पुल छ । मन्दाकिनी सरस्वतीको संगममा संगमेश्वर शिवलिङ्ग छन् । मन्दाकिनी नदी केदारनाथका पछाडि कैलास नामक पहाडबाट निक्लेर पचास मील दक्षिण बहँदै रुद्रप्रयागमा अलकनन्दा नदीमा मिलेकी छन्, समुद्रका जलदेखि ११००० फीट अधिक अग्ला ठाउँमा महापंथ नामक हिमालचुली-मनि सरस्वती मन्दाकिनीका माझमा अर्धाकार भूमिमा केदारपुरी छ । २०० गज लामा बाटाका वरपर ६० ठूला पक्का घर छन्, १८ धर्मशाला छन् । केदारपुरीका उत्तर केदारनाथजीको दक्षिण ढोका भएको सुन्दर मंदिर छ । भित्र गाह्रानेर माझमा ३।४ हात लामू डेढ हात चाक्लो अनगढ माने कसैले नगाढेको ४ पाउ भएको भैंसीको आकारको केदारनाथको स्वरूप छ. माथि जलहरी चाँदीको छत्र छ । यात्रीहरू केदारनाथलाई

जल चढाई छोएर बेलपत्रादिले पूजा गरी केदारनाथको स्वरूपको पछाडि भागमा घ्यू घसेर छाती जोरी अंकमाल गर्दछन् । यात्रीहरू तामाका बाला, अउँठीहरू खरीद गरी केदारनाथलाई छुवाई आफ्ना घर लान्छन् । केदारनाथको शृंगार मूर्ति ५ मुख भएको छ, समय-समयमा वस्त्र गहना-सहित राखेको हुन्छ । भित्र अन्धकार हुँदा दिनमा पनि बत्ती बालेका हुन्छन् । केदारनाथको मंदिरबाट सर्वदा जल टप्किरहन्छ । यो जल कहाँबाट आएको हो थाहा हुँदैन । मन्दिरका अगाडि पत्थरको अग्लो जगमोहनका पश्चिम गाहामा युधिष्ठिरको पूर्वोत्तर नकुल सहदेवको पूर्व दक्षिण भीमसेनको दक्षिण पश्चिम द्रौपदी अर्जुनका टूला मूर्त्ति छन् । मंदिरको र जगमोहनका माझका देवलमा पार्वती, गणेश, लक्ष्मीको मूर्त्ति छ । मंदिरका पछाडि अमृतकुण्ड छ । यहाँ शिवलिंग छन् । पूर्वोत्तर हंसकुण्ड र रेतसकुण्डमा दाहिने हातले ३ फेर देब्रे हातले ३ फेर आचमन गरी फेरि ३ अँजुली जल घुँडा मारी पिउनुपर्दछ । यहाँ ईशानेश्वर छन् । पश्चिमतिर सान् सुफल कुण्ड छ, मंदिरदेखि केही पर सुनौला गजूर भएको मंदिरमा अन्दाजी २ हात लामू लदककुण्ड छ । यहाँ पनि रेतमकुण्डका झैं आचमनादि गर्नुपर्दछ । यस मंदिरका पछाडि वडा डुबाउने मीठो पानीको १ कुण्ड छ । सबै जना यसै कुण्डको पानी पिउँदछन् । टूला मंदिरका पछाडि हिउँको जो पर्वत देखिन्छ त्यही भृगुपतन र महापन्थ हो यसै स्थानमा उपवास गरी १ रात बस्तछन् । केदारपुरी जाडाका दिनमा हिउँले ढाकेको हुन्छ, वैशाखका संक्रान्तिका १५।२० दिनमा पट खुल्दछ, मङसीर महीना यतै कात्तिकैमा बन्द हुन्छ, रावल पुजारी उखीमठका पण्डाहरू शोणितपुरमा आफ-आफ्ना

घर बस्तछन्। पट बन्द भएपछि केदारनाथको पूजा उखीमठमा हुन्छ, केदारनाथको सबभन्दा अग्लो हिमालको चुली २२८५० फीट अग्लो छ।

शिवपुराण–(ज्ञानसंहिता ३८ अ०) मा शिवजीका १२ ज्योतिर्लिंग-मध्यमाका केदारेश्वरलिंग हिमालयमा छन्। ४७ अ० मा जो मनुष्य केदारनाथको दर्शन गर्दछ स्वप्नामा पनि त्यसलाई दुःख हुँदैन, केदारेश्वरको कंकण (बालो) जो लाउँदछ त्यो शिवजीको पियारो हुन्छ। त्यसको दर्शन गर्नाले सब पापबाट छुट्दछ। केदारेश्वरको दर्शन गर्नें मानिस जीवनमुक्त हुन्छ। जसले केदारेश्वरको दर्शन गरेको छैन उसको जन्मनु व्यर्थ हो भनी लेखेको छ।

महाशिवपुराण–(उर्दू अनुवाद आठौं खंडका २७ अ०) मा पंचपाण्डवहरूले गोत्रवधको पाप छुटाउनाका निंतिमा केदार तीर्थ जब पुगेथे शिवजी भैंसीको रूप ली उहाँबाट भाग्नुभो, पांडवहरू धर्मका प्रतापले जानेर पछि-पछि दगुर्दै प्रेमसित बिन्ती गरी हे नाथ! कृपा गरी हामीहरूको पाप नाश गरी यसै स्थानमा रहिबक्सियोस् भनी बिन्ती गरी पछाडि छोएको हुनाले पछिल्लो भाग केदारनाथ मुखपट्टिको भाग पशुपति नामले प्रसिद्ध भयो, जसका दर्शनले पाण्डवरूको पाप नाश भयो भन्ने कथा छ।

स्कन्दपुराण—(केदारखंड प्रथम भाग ४ अ०) मा युधिष्ठिर आदि पांडवगण गोत्रहत्या र द्रोणाचार्य आदि गुरुजनहरूलाई मारेका अपराधले दुःखी सन्तप्त भएर व्यासजीसित हात जोरी भने कि हामीहरूको गोत्रहत्या कसोरी छुट्ला भन्दा व्यासजी भन्नुहुन्छ कि हे पाण्डव हो! शास्त्रमा गोत्रहत्या गर्नेहरूको प्रायश्चित्त छैन, केदारनाथका पुरीमा नगै यो पाप छुट्तैन, तिमीहरू उहीं जाओ।

उमा गणहरूले सहित साक्षात्, महादेव बास गर्नुहुन्छ। वहाँ मनलिले शिवरूप होइजान्छ। उहीं महापन्थ ब्रह्महत्यादि पापहरूलाई नाश गरदछ, व्यासका उपदेशले केदारमा गएर उस तीर्थको सेवन दर्शनादिले शुद्ध भै गए। गङ्गाद्वारदेखि लिएर श्वेतपर्यन्त तमसा नदीका तिरदेखि पूर्व बौद्धाचलतक ५० योजन लामू ३० योजन चाकलो स्वर्ग जाने बाटो केदारमण्डल छ, यहाँ पशुहरू मरे पनि शिवलोकमा बास गर्छन्। यहाँ यस महाक्षेत्रमा यी ५ धारा प्रधान छन्—(१) मधुवर्णधारा जसलाई मानिस मधुगङ्गा भन्दछन्। (२) दूध जस्तो बहने क्षीरधारा। (३) श्वेतवर्णको स्वर्गद्वारधारा। (४) मन्दाकिनी नदी (५) केदारालयमा केदारधारा जो शेषधारादेखि निक्लेको छन्। केदारपुरीमा जान ईच्छा गर्ने मनुष्य पनि धन्य हुन्। ३०० कुलहरूले सहित शिवलोक जाइजान्छ, केदारक्षेत्र सब क्षेत्रमाको उत्तम छ भनी लेखेको छ (४२) अ० मा शिवजीका दक्षिण दिशामा रेतसकुण्ड छ, जसको जल पिउँदैमा मनुष्यहरू शिवलोक जान्छन्, महातीर्थका तलका भागमा मन्दाकिनीका तटपर शिवकुण्ड छ, स्नान गर्नाले शिवलोक मिल्दछ। कपिल नामक शिवको दर्शन गर्नाले मोक्ष मिल्दछ, मनुष्य उहाँ ७ रात उपवास गरेर प्राण त्याग्यो भने शिवसायुज्य पाउँदछ। जुन स्थानमा धारा निस्केको छ त्यसभन्दा माथि पापीहरूको मुक्ति दिने भृगुतुङ्ग तीर्थ छ। महापातकी मनुष्य पनि भृगुतुङ्गदेखि श्रीशिलामा गिरेर प्राण छोड्यो भने परब्रह्मलाई पाउँदछ उसै तीर्थका माथिल्ला भागमा २ योजन पर हिरण्यगर्भ तीर्थ छ, रक्तवर्ण गुप्तजल निकलन्छ, यहाँ छुनाले लोहादिक धातु माने फलामले छोए पनि फलामै सुन हुन्छ, यसका उत्तर स्फटिकलिंग छ,

(१)—४ कोशको १ योजन हुन्छ, २ मीलको १ कोश हुन्छ

यसका ७ कदममा वह्नितीर्थ छ, हिउँका बीचमा अग्निमय जल रहन्छ, यहाँ घ्यूले आहुति दिनुपर्दछ । यहाँदेखि उत्तर आश्चर्य दृश्य छ । पर्वतका अग्र शिखरबाट, भूतलमा जल गिर्दछ, जसका १ छिटा शरीरमा पर्नाले मुक्त होइजान्छन् उसै स्थानमा भीमसेनले महादेवको पूजा गरेका हुन् , पुण्यात्मा पुरुष मात्र यहाँ जान सक्छन् । यहाँदेखि उता महापन्थ छ. उहाँ जानाले मनुष्य आवागमनदेखि रहित हुन्छ. ७ पर्खालरूपी किल्लाले घेरेको सदाशिवजीको धाम छ, महाभैरव हातमा दण्ड लिएर गणहरूको पालना गर्दछन् , जो मनुष्य सदा सर्वदा महापन्थमा गएर प्राण त्याग गर्दछु भन्दछ, त्यसदेखि महादेव बहुतै खुशी हुनुहुन्छ, केदारदेखि १० दंड पर हंसकुण्ड छ, यहाँ ब्रह्माले हंसरूप भएर रेतपान गरेको हुनाले हंसतीर्थ नाम रहेको हो, यहाँ पितृहरूको श्राद्ध गर्नाले परमपदमा जान्छन् , जो मनुष्य केदार-नाथको दर्शन गरेर गेत्मकुंडको जल पिउँदछ त्यसका हृदयमा शिवजी रहन्छन् , कस्तै पापी भए पनि जुनसुकै स्थानमा मरे पनि शिवलोकमा वास हुन्छ, केदारपुरीदेखि भीमशिलातक महादेवजीको शय्या छ भनी लेखेको छ ।

ब्रह्मवैवर्त–(कृष्णजन्मखंड १७ अ० मा, कूर्मपुराण ३६ अ० मा, सौरपुराण ६९ अ० मा, गरुडपुराण पूर्वार्द्ध ८१ अ० मा, पद्मपुराण पातालखंड ९१ अ० मा, वामनपुराण (३६ अ०) मा, लिंगपुराण (९२ अ०) मा, व्यासस्मृति ४ अ० मा, केदारनाथजीको अद्भुत माहात्म्य गरेको छ । अब कति भनूँ यहाँबाट नालाभेतचट्टी-सम्म पहिलेका बाटाबाट आउनू (फर्कनू) यहाँबाट पूर्वपट्टिको बाटो उखीमठमा गएको छ, केही उकालो ओरालो छ ।

उखीमठ

केदारपुरीबाट सोनप्रयाग १२ मील, पाटीगाड नदी (त्रियुगी-नारायणको बाटो छोडेर) १३॥ मील, नालाचट्टी २५॥ मील छ, नालाभेतचट्टीबाट १॥ मील पर १३० फीट लामू ३॥ फीट चाक्लो मन्दाकिनीमा फलामको पुल छ, पुलबाट १। मील नालाचट्टीबाट २॥। मील पर उखीमठ छ, यो बडो सुन्दर ठाउँ छ, १०।१५ घर सफाखाना डाकखाना अस्पताल धर्मशाला सानू बजार पुलिसको चौकी आदि छन् , ओंकारनाथ शिवको १ शिखरदार मन्दिर बहुतै राम्रो गुप्तकाशीका विश्वनाथका मंदिर जस्तो छ, पूर्वपट्टि राजा मान्धाताको ठूलो मूर्त्ति छ, अरू घेरै देवताहरूका मन्दिर छन्, जगमोहननेर उत्तरका ३ सिंहासनमा बदरीनाथ, केदारनाथ, तुंगनाथ, पार्वती आदिको सुन्दर शृंगारसहित धातुका मूर्त्तिको दर्शन हुन्छ, दिनमा पनि दिया बालेका हुन्छन् , मंदिरका पूर्व कोठामा उषा अनिरुद्धको र धातुको पत्तामा चित्ररेखाको मूर्ति छ, ठूला मंदिर पश्चिम केदारनाथका पुजारी धनवान रावलको २ मंजिला माने २ तले घर छ, घरमनि १ कोठामा केदारनाथको गद्दी छ, गद्दीनेर विचित्र सुनौला सिंहासनमा पंचमुखी महादेव छन् , १ मुख सुनको, १ मुख चाँदीको छ, सुनौलो १ छत्र-सहित छ, शिवनेर वस्त्र गहनाले सजेको पार्वतीको १ सुन्दर मूर्ति छ, जाड़ाका दिनमा ६ महिना केदारनाथको पूजा यहाँ हुन्छ, दोस्रा कोठामा कुन्ती र द्रौपदीको मूर्ति छ, धातुका पत्तामा युधिष्ठिर आदि पाँच पाण्डवहरूको मूर्ति छ। माथि १ कोठामा गरुडको मूर्ति छ। केदारनाथ, गुप्तकाशी, उखीमठ, तुंगनाथका अधिकारी रावलै छन् ।

मध्यमेश्वर

पंचकेदारमाका १ केदार हुन् । उखीमठबाट करीब १४ मील पर छ । बाटामा अहरिया कोटमा काली नदी अगाड़ि कालीमठ, कालशिला, राशी देवीको मन्दिर मिल्दछ, अनि मध्यमेश्वरको मंदिर आउंछ । धर्मशाला छ तापनि खाने सामान मिल्दैन, साथमा जिनिस लानुपर्दछ । दर्शन गरी फर्की उखीमठमा आई बदरीनाथ जानुपर्दछ ।

स्कन्दपुराण (केदारखण्ड प्रथमभाग ४७ अ०) का पंचकेदार-मध्ये (१) केदारनाथ, (२) मध्यमेश्वर, (३) तुंगनाथ, (४) रुद्रालय र (५) कल्पेश्वरमध्ये केदारनाथको वर्णन भयो, अब केदारपुरीबाट ३ योजन दक्षिण मध्यमेश्वर क्षेत्र छ । दर्शन मात्रले मनुष्यलाई स्वर्ग मिल्छ । पूर्व समयमा गौड़ देशका ब्राह्मण मध्यमेश्वरको दर्शन गर्नाका इच्छाले गङ्गाद्वारबाट गङ्गाजल लिएर मन्दाकिनीका तटमा अगस्त्य आदि मुनिहरूलाई नमस्कार र अनेक तीर्थको दर्शन गर्दै शिवक्षेत्रमा पुगे । उहाँबाट मध्यमेश्वर क्षेत्रमा गएर मध्यमेश्वरका समीपमा ३ रात जागरण बसी सरस्वतीमा स्नान तर्पण गरी फर्केका थिए । बाटोमा १ राक्षस यिनै ब्राह्मणका दर्शनले शिवरूप भई कैलासमा गए । ब्राह्मण आफ्ना घरमा सुखभोग गरी अन्त्यकालमा ब्रह्मसायुज्य पाए भन्ने कथा छ । ४८ अ० मा जो मनुष्य मध्यमेश्वर क्षेत्रमा सरस्वतीको दर्शन मात्रले सब पापदेखि छुटिजान्छ उसै स्थानमा पितृलाई तर्पण श्राद्ध गर्नाले सब पितृहरू मुक्ति पाउँछन् भनी लेखेको छ । उखीमठबाट १। मील पर १ बस्ती छ । जहाँबाट शोणितपुर देखिन्छ, १॥ मील पर मन्दाकिनी र आकाशगङ्गाको संगम जहाँबाट मन्दाकिनी छोडेर आका-

शगङ्गाका दाहिने किनारा हिंड्नुपर्दछ। २॥ मील पर सानू १ मंदिर, २॥। मील पर ४ छप्परको गणेशचट्टी, ४॥ मील पर ८।१० छप्परको दुर्गाचट्टी छ। यहाँ १ ठूलो छहरो आकासगङ्गा नदीमा काठको पुल ५। मील पर ३ छप्परको छोटो दुर्गाचट्टी छ। उखीमठबाट ७। मील पर पोथीवासाचट्टी छ।

पोथीवासाचट्टी—यहाँ मोदीहरूका पक्का ठूला-ठूला दुकान ९।१० छप्पर छन्। तुंगनाथको सर्दी आरम्भ हुन्छ, आकाशगंगा बायाँ छुट्तछिन्। यहाँबाट अलिकति पर गणपतिचट्टीमा ६।७ छप्पर र दुकान, पर बाणकोटीचट्टीमा ६।७ छप्पर र दुकान छन्। पोथीवासा चट्टीबाट २ मील पर पहाडका चुलीमा कुन्दनचट्टी छ, यहाँ ज्यादा वर्षा हुन्छ।

चौपत्ताचट्टी पोथीवासाबाट ३ मील पर छ। मोदीहरूका १०। ११ पक्का मकान धर्मशाला ७।८ छप्पर दुकानहरू छन्। अगाडि दाहिने चमोलीको बायाँ तुंगनाथको बाटो गएको छ।

तुंगनाथ

पंचमकेदारमाका १ तेस्रा तुंगनाथ हुन्। तुंगनाथको उकालो डरलाग्दो छ। झम्पानवाला इनाम लिन्छन्। धेरै यात्री तुङ्गनाथ छोडी सोझो बाटो चमोली जान्छन्। यो ठीक होइन दर्शन गर्नैपर्छ। चौ० चट्टीबाट २॥ मील पर छ। बीचमा पानी मिल्दैन। तुङ्गनाथको प्राचीन मंदिर पत्थरको पश्चिम मुखभित्र अनगढ पातलो शिवलिङ्ग छ, पूर्वपट्टि अन्दाजी २ हात अग्लो शंकराचार्यको मूर्ति छ। मंदिर-अगाडि भारी जगमोहन छ। अगाडि नन्दी, गणेश, धर्मशिला आदि ॐ। भनिन्छ कि यो मंदिर शंकराचार्यजीले बनाएको हो। मंदिरको

पास १ गुफा छ। पानीमा घैरे मानिस ओतिन्छन्, यहाँ मोदीहरूका दुकान छैनन्। तुङ्गनाथबाट १ मील पर चन्द्रशेखर शिवको मंदिर छ, पश्चिम चंद्रशेखरबाट तुङ्गनाथ गएर दक्षिणतिरबाट ओर्लेनुपर्दछ, झम्पानबाट ओर्लेर २॥ मील गएपछि तुङ्गनाथ चट्टी ४।५ छप्पर भएको आउँछ। तलदेखि चौपत्ताचट्टीवाला सड़क मिल्दछ। १॥ मील पछाडिको चौपत्ताचट्टी हो।

स्कन्दपुराण—(केदारखण्ड प्रथम भाग ४९ अ० मा)—मान्धाता क्षेत्र अर्थात् उखीमठदेखि दक्षिण २ योजन लामू २ योजन चाक्लो तुंगनाथ क्षेत्र छ, जसका दर्शनले मात्र सब पापदेखि छुट्-तछ, पछि शिवलोक मिल्दछ, पहिले भैरवकी नमस्कार गरी क्षेत्रमा प्रवेश गनुपर्दछ, तुंगनाथको पूजा गर्ने मानिसको तीनै लोकमा कोही वस्तु दुर्लभ हुँदैन, उहाँ ब्रह्मादिक देवता सर्वदा महेश्वरको स्तुति गर्दछन्, मनुष्य तुंगनाथमा जति अिटा–जलचढाउँदछन् उति हजार वर्षसम्म शिवलोकमा बस्तछन्, बिल्वपत्रले तुंगनाथको पूजा गर्ने मानिस १ कल्पतक शिवलोकमा बस्न पाउँदछ, अगम्यागमन गर्ने मानिस पनि तुंगनाथ क्षेत्रमा जानेले मुक्त हुन्छ। ५० अ० मा तुंग-नाथक्षेत्रका आकाशगंगाका शिरमा पितृको तर्पण गर्नाले २१ कुल शिवलोकमा वास गर्दछन्, पिण्डदान गर्नाले पितृगण कृतकृत्य होइजान्छन्, दान गर्नाले असंख्य फल लाभ हुन्छ, जो मनुष्य तुंगे-श्वरका अग्ला पर्वतमा ३ उपवास गरी प्राण छोड्यो भने अवश्य शिवरूप हुन्छ, शिवजीका नगीचै पश्चिम स्फटिकको लिंग छ, उसका दक्षिण गरुडतीर्थ, उसदेखि चौथाइ कोश पश्चिम मानसर नामक सरोवर छ, यसका उत्तर भागमा मर्कटेश्वर छन्, जसका दर्शनले शिव-

लोक मिल्दछ, यसका दक्षिण भागमा मृकण्डु ऋषिका आश्रममा महेश्वरी देवी विराजमान छन् ।

भीमचट्टी तुं० च० बाट आधा मील पर छ, ६।७ छप्पर छन् ।

पाँगरबासाचट्टी भी० च० बाट २ मील पर छ, मोदीहरूका घर, धर्मशाला ५।७ छप्पर दुकान छन्, पछाडि १ जंगलचट्टी छुट्तछ, यहाँबाट २।॥ मील पर बालासोती नदीका किनारादेखि अलिक पर २ बाटा छन्, माथिको बाटो छोडी तलको बाटो जानुपर्दछ, यहाँ गौंडीचट्टीमा १२।१५ छप्पर पसल बालासोती नदी पनि छन् ।

मण्डलचट्टी पाँगरबासाबाट ३। मील पर छ, सरकारी दुकान धर्मशाला पसलेका घरहरू, कडा औंठी बेच्नेका दुकानहरू छन्, २ पर्वत-मनि ढूलो मैदानमा बालासोती बहन्छिन्, यात्रीहरू काठको पुल तरी नदीका बायाँ किनाराबाट जान्छन्, मंडलचट्टीबाट ३ मील पर नदीमा पुल छ, यो नदी अनुसूया अमृतकुण्डबाट आएर मंडल-गाउँका बालासोतीमा मिलेकी छन्, यस संगमलाई मानिसहरू व्योम-प्रयाग भन्दछन् । मंडलगाउँलाई ब्रह्मकोटी पनि भन्दछन्, यहाँ अघि पूर्वकालमा राजा सगरले अश्वमेध यज्ञ गरेका थिए ।

रुद्रनाथ

यो पंचकेदारमाका १ केदार हुन् । मण्डलगाउँका पुलबाट १ पर्वतको बाटो उकालो चढेपछि २ मीलमा अनुसूयादेवीको मंदिर छ । १२ मील पर रुद्रनाथको मन्दिर छ । बदरीनाथका यात्रीहरू जान्छन् । यहाँ हिंउँ ज्यादा छ । रुद्रगंगा रुद्रनाथबाट निकलेर यहाँबाट दक्षिणतिर गएर पीपलकोटीचट्टीबाट २४ मील अगाडि अलकनन्दामा मिलेकी छन् ।

स्कन्दपुराण (केदारखण्ड प्र० भा० ५१ अ०) मा रुद्रालय क्षेत्रका महादेवलाई कहिल्यै छोड्नु हुँदैन । यसक्षेत्रको दर्शनमात्रले मनुष्यको जन्म सफल हुन्छ । रुद्रनाथको दर्शन गर्नाले संसारको सुख भोगी अन्त्यकालमा शिवलोकमा वास हुन्छ । रुद्रक्षेत्रमा पितृहरूलाई तार्ने वैरणी नदी वहेकी छन् । यहाँ पिण्डदान गर्नाले फल मिल्छ । पूर्वकालमा पाण्डवहरू गोत्रहत्या छुटाउनाका निंतिमा केदारनाथ जाँदा शिवले गोत्रहत्याराहरू आए भनी भाग्दा पाण्डवहरूले पवित्र पीठ (पछाडि) छोएको हुँदा पाण्डवहरू पापबाट छुटी गए, उहीं पृष्ठभाग केदारपुरीमा रह्यो । अगाडि मुखमण्डल भाग महालय अर्थात् रुद्रक्षेत्रमा विराजमान भएको हो भनी लेखेको छ ।

गोपेश्वर

मंडलगाउँबाट ३॥ मील पर वीरभद्रचट्टी, ४॥॥ मील पर वीरा नदीको र बालासोती नदीको संगम, ५ मील पर गोपेश्वर (गोस्थल) छ । धर्मशाला, पसलहरू र गोपेश्वरको पुरानू मन्दिर बहुतै उत्तम ३० फीट लामू उत्तिकै चाकलो छ । मन्दिरनेर धातुको अन्दाजी ९ हात अग्लो बीचमा वन्चरो-सहित भएको त्रिशूल छ । यसलाई आकाशबाट खसेको शक्ति हो भन्दछन् । मन्तिर सानू गंगाजीको मूर्ति छ । गोपेश्वरका लिंगनेर चाँदीको शृङ्गार मूर्ति र पार्वती आदिका मूर्तिहरू छन् । बाहिर चण्डी, चिन्तामणि गणेश, कल्पलता आदि छन् । यहाँबाट रुद्रनाथ १२ मील पर्छ । बदरीनाथका यात्री गोपेश्वरबाट दक्षिण चमोलीबाट पूर्वोत्तर घुमाउरो बाटोबाट हाटचट्टी पुग्दछन् ।

स्कन्दपुराण—(के० प्र० अ० ५५) मा अग्नितीर्थ पश्चिम

भागमा गोस्थल स्थान छ। पावैतोले सांहेत महादेव सवेदा बस्तछन्, जहाँ पश्चीश्वर नामले प्रसिद्ध छन्। उस स्थानमा शिवजीको आश्चर्य-जनक त्रिशूल छ। खूब बलसित हल्लाउँदा पनि हल्लँदैन। १ पुष्प-वृक्ष छ। हरबखत अकालमा पनि फुलेकै छ। त्यस ठाउँमा साव-धानतापूर्वक ५ रात्री जप गर्नाले देवदुर्लभ सिद्धि मिल्दछ। प्राण त्याग गर्नाले शिवलोक मिल्दछ। यहाँबाट पूर्व झखकेतु महादेव छन्।

चमोली (लालसाँगा)

गोपेश्वरबाट २ मील पर छ, चमोलीदेखि पछाडि नन्दप्रयाग ७ मील, कर्णप्रयाग १९॥ मील, रुद्रप्रयाग ४०॥ मील अगाडि बद्रीनाथ ४४। मील पर छन्। यहाँ अलकनन्दामा झूलाको पुलमा झम्पानको आना, आझीको १ पैसा लिन्छ, झूलाबाट आधा मील अगाडि अलकनन्दाका किनारामा मोदीहरूका घर, अस्पताल, डाकखाना, डिप्टी कलक्टरका कचहरी, पुलिस आदि सबै छन्, अपरगढवाला मजिस्ट्रेट साहेबको मुख्य स्थान छ, दुकानमा साधारण वस्तु-बाहेक कस्तूरी, शिलाजित आदि मिल्दछ।

बाम (मठचट्टी) चमोलीबाट २॥ मील पर छ, ४।५ छप्पर र दुकान पनि छन्, पुल पार १ गाउँ, १ पसल, १ छहरो छ, चमोली बाट १ मील अगाडि २ छप्परको १ सानू चट्टी, १॥। मील अगाडि बौलानीचट्टी, ४।५ छप्परको छ, अलिक पर विरही, अलकनन्दाको संगम छ, अघि सतीदेवीका विरहले शिवले तप गरेको हुनाले विरही नाम रहेको हो भनी लेखेको छ, अलिकति पर ५।७ छप्परको सियाहारचट्टी, संगमदेखि २। मील अगाड़ि ३ छप्परको हाटचट्टी, त्यहाँ

बाट केही पर ठूला बस्तीनेर बाटामा बिल्वेश्वर महादेव र बिना-काँढाको बयरका समान फल हुने १ बेलको रूख छ, आधा मील अगाड़ि ५२ फीट लामू ५ फीट चाक्लो अलकनन्दामा फलामको पुल छ ।

पीपलकोटीचट्टी हा० च० बाट २ मील पर छ, उहाँका ठूला वस्तीमाको १ बस्ती हो, यहाँको दुकान बाह्रै महीना खुला रहन्छ, श्रीनगरको माई हो, जरूरी चीजबीजहरू मिल्दछ, कपड़ा, बर्तन, मेवा, मसाला, कागज, पेंसिल, चँवर, शिलाजित, कस्तूरी, जहरमोहरा, पूरी, मिठाई आदि किन्न पाइन्छन्, नोट पनि बिक्छ, धर्मशाला, पोष्ट-आफिस आदि छन् तापनि पानी मध्यम छ ।

गरुडगंगा पीपलकोटीबाट ३॥ मील पर्छ, पर्वतबाट ठूला जोर सोरले तल गिर्दछिन् । १ कोठामा विष्णुको, १ कोठामा गरुडको मूर्ति छ, धेरै मानिस गरुडजीलाई पेडा चढाउँदछन्, चट्टीमा गरुडको प्रसाद बाँड्दछन्, सर्पको भय नहोस् भन्नाका निंति नदीका पत्थरका टुकडा यात्रीहरू लैजान्छन्, यहाँ सब पहाड चढ्दा गरुडको नाम लिन्छन् ।

स्कन्दपुराण—(के० प्र० ५७ अ०) मा अलकनन्दाका दाहिने किनारामा गरुडगंगा छन्, स्नान पूजा गर्नाले विष्णुलोकमा बास हुन्छ, गरुडगंगाका शिला (पत्थर) जहाँ रहन्छ उहाँ सर्पादिको भय हुँदैन यिनै पत्थर पानीमा घोटी पिए पनि सर्पको विष उत्रन्छ भनी लेखेको छ ।

पातालगंगाचट्टीबाट १॥ मील पर बेलचट्टी छ, जसलाई देवदारुका रूख ज्यादा हुँदा देवदारुचट्टी पनि भन्दछन्, मोदीहरूका ठूला ठूला ६ घर छन्, गरुडचट्टीबाट ३। मील छ, ९।१० दुकान छन्; पर्वतका आड़मा बहेंदा गहिरो पर्न गएको हुँदा पातालगंगा भनेको

हो, शास्त्रमा गणेशगंगा नाम छ, गणेशजीको मन्दिर छ ।

कुंमारचट्टीबाट १॥। मील पर धर्मशाला छन् । बर्तन, मसाला, कस्तूरी, शिलाजित, चँवर आदि किन्न पाइन्छन् । यहाँबाट यौटा बाटो बायाँ उत्तर आदिबदरी भई पञ्चम केदार कल्पेश्वरतिर गएको छ, ६ मील पर कल्पेश्वर छन् । ८ मील जान र आउन १६ मील हिंडी यसै कुंमारचट्टीमा फर्कनुपर्दछ ।

आदिबदरी र कल्पेश्वर

कुंमारचट्टीबाट ६ मील पश्चिमोत्तर अलकनन्दा पार ऊर्ज मुनिले तप गरेको उर्जम गाउँ छ । उसै ठाउँमा पंचम बदरीमाका १ आदिबदरी विराजमान छन् । आदि बदरीबाट २ मील अगाडि पंचम केदारमाका १ कल्पेश्वरको मन्दिर छ । स्कन्दपु० के० प्र० ६३ अ० मा दुर्वासाका श्रापले श्रीरहित दुःखी भएका इन्द्रले महादेवको तपस्या गर्दा महादेवले कल्पवृक्ष दिएको हुनाले कल्पेश्वर नाम रहेको हो भनी लेखेको छ । ५५ अ० मा कल्पेश्वरदेखि दक्षिण कपिललिंग छ । यिनको दर्शनले मात्र शिवलोकमा पूज्य हुन्छ । तल हिरण्यवती नदी बग्दछिन्, जसका दक्षिण तीरमा भृङ्गीश्वर छन् । यिनको दर्शनले १ कल्पतक शिवलोकमा वास हुन्छ । उस क्षेत्रको विस्तार २ कोशको छ । ५६ अ० मा केदारेश्वर, मध्यमेश्वर, तुंगनाथ, कल्पेश्वर, महालय अर्थात् रुद्रनाथ यी ५ शिवजी-महान् (ठूला) स्थान हुन् । जो मनुष्य भक्तिले वा बलात्कारले, ज्ञानले वा अज्ञानले यी क्षेत्रहरूमा जान्छन्, दर्शनमात्रले पापी मनुष्य पवित्र हुन्छन् । दर्शन गर्ने मनुष्य यस लोकमा सुख भोगी मरेपछि मोक्ष पाउँछ भनी लेखेको छ ।

वृद्धबदरी

कुंभारचट्टीबाट अन्दाजी २ मील पर पगदंडीबाट घेरै तल १ बाटो पैनीमठ गएको छ। पैनीमठमा २ घर र वृद्धबदरीको मंदिर छ। पूर्व कालमा यिनैलाई बदरी मानी यात्रीहरू फर्कन्थे अरे! यो बाटो फर्केर पैनीचट्टी वा खनोटी गएको छ। यहाँ मोदीका घर छन्। यहाँबाट जोशीमठ ४। मील पर छ।

जोशीमठ

उस देशमाको यो ठूलो बस्ती हो। १०८ जगद्गुरु शङ्कराचार्य-जीका ४ गद्दी माने ४ मठ मध्यमाको उत्तर मठ यही हो। यहाँ पत्थरका चेप्टा टुक्डाले छाएका अन्दाजी ५० पक्का घर छन्।

धर्मशालाहरू, औषधालय र सफाखाना, डाकखाना, पुलिसको चौकी घट्ट, मसला, मिठाई, कस्तूरी, शिलाजित, चँवर, भाँडा आदि-का दुकानहरू छन्। बदरीनाथका प्रधान रावल पुजारीका पूर्वद्वारमा काठको नकाशीदार ठूलो घर छ। ६ महीना बदरीनाथको पट बन्द हुँदा यहीं पूजा गर्दछन्। ३ ध्वजा भएको २ तले मन्दिरका तल्ला तलामा नृसिंह पश्चिम मुख गरी बसेका सुन्दर छन्। यिनका बायाँ राम, लक्ष्मण; दाहिने बदरीनाथ, उद्धवजी, चण्डी; पर्तिर शेषशायी भगवान् लक्ष्मणजीको मूर्ति छ। बाहिर पुगना मंदिरमा श्यामल वासुदेवको मनुष्यका बराबर अग्लो मूर्ति छ। उहींनेर सानू बलदेवको मूर्ति दुवै मूर्ति बहुत पुराना छन्। शंकराचार्यले स्थापना गरेको हो भन्दछन्। मंदिरका घेराभित्र कोठामा अष्टबाहु गणेशले आठै हतियार लिएको मूर्ति छ। पूर्व सत्यनारायण ध्यान बदरी, एकै पत्थरमा नवदुर्गाका मूर्ति छन्। पर गौरीशंकर छन्। मानिसहरू ताण्डवशिव

मन्दछन् । घेराका बाहिर पीपलका गरुड छन् ।

स्कन्दपुराण (के० प्र० ५८ अ०)—विष्णुकुण्डदेखि २ कोश पर ज्योतिर्धाम छ, जहाँ नृसिंह भगवान्, प्रल्हाद रहन्छन् । यस पीठ बराबर सिद्धि दिने सम्पूर्ण कामना पूर्ण गर्ने पीठ आर्को छैन भनी लेखेको छ ।

भविष्यबदरी

जोशीमठबाट सामुन्ने गएको बाटो तिब्बत (लासा) मान-सरोवरतिर गएको छ । बायाँतिरको बाटो खास बदरीनाथ जाने हो । यहाँबाट ६ मील पर तपोवन छ । यहाँ हनुमान्ले कालनेमि राक्षसलाई मारेको हो । यस तपोवनबाट ५ मील पर अगाडि पंच-बदरीमाका १ भविष्यबदरीको मंदिर छ । जसलाई तपोबदरी पनि भन्दछन् । बाटो असल छ तापनि खानेकुरा आदिको जिनिस माल साथैमा लानुपर्छ, बाटामा कहीं किन्न पाइँदैन, दर्शन गरेर फर्की जोशीमठैबाट बदरीनाथ जानुपर्छ ।

स्क० पु० के० प्र० ५८ अ०—मा गन्धमाधनका दाहिने भागमा धवली गङ्गाका तटमा भविष्यबदरी छन् । पूर्व कालमा अगस्त्यऋषिले हरिको आराधना गर्दा बदरीनाथ यहाँ बसेका हुन् । यहाँ २ पवित्र धारा छन् । एक धाराको जल तातो छ । यहाँ स्नान गर्नाले मनुष्य विष्णुलोक जान्छन् । यहाँ अग्निले तपस्या गरेको हो । महादेव मुनीश्वर नामले प्रसिद्ध छन् । दर्शन मात्रले शिवलोक मिल्छ । भविष्यबदरी महापातकलाई नाश गर्ने हुन् । अगस्त्यमुनिको पवित्र स्थल छ । ४ योजन चाकलो ५ योजन लामो छ । उसै स्थानमा मानसोद्भव पर्वतदेखि आएको धवली गङ्गा छन् । राजा धवलले यी गङ्गाको सेवा गरेको हुनाले धवली रहेको हो भनी लेखेको छ ।

विष्णुप्रयाग

जोसीमठबाट १॥ मील पर छ । यात्रीहरू धवली गङ्गाको १३० फीट लामू पुल तरी चट्टीमा जान्छन् । उत्तरबाट आएकी अलकनन्दाको र पूर्वबाट आएकी धवलीगङ्गा वा विष्णुगङ्गाको सङ्गम छ । जलको तेज बहुतै छ । चट्टीबाट ७० सींढी तल नयाँ मन्दिर छ । यहाँबाट ६० सींढी तल सङ्गम छ । ओर्लनाका निंति २ तिर सिक्री छन् । जलमा तेज हुनाले यात्रीहरू लोटाले जल उघाई सङ्गममा स्नान गर्दछन् । उसै ठाउँलाई विष्णुकुण्ड भन्दछन् । यस संकीर्ण जग्गाका चट्टीमा ४-५ छोटा घर छन् । पूरी, मिठाई, कस्तूरी, शिलाजीत, चँवर आदि पाइन्छन् । विष्णु, बदरीनाथ, शिव आदि देवता कोठामा छन् ।

स्क० पु० ५० मा ज्योतिर्धामबाट २ कोश पर विष्णुप्रयाग छ । स्नान गर्ने प्राणी विष्णुलोक जान्छन् । उनका नजीकमा अनेक तीर्थ छन् तापनि१० तीर्थ प्रधान छन् । ब्रह्मकुण्ड, विष्णुकुण्ड, शिवकुण्ड, गणेशकुण्ड, भृङ्गीकुण्ड, ऋषिकुण्ड, दुर्गाकुण्ड, धनदकुण्ड, प्रल्हादकुण्ड यी कुण्डहरूमा स्नान गर्नाले मनुष्यहरूको कृतकृत्य हुन्छ । पूर्व कालमा नारदले यस प्रयागमा विष्णुको आराधना गरेको हुनाले विष्णुकुण्ड प्रसिद्ध भयो । त्यस स्थानमा स्नान जप गरी बदरीकाश्रम जान यथोचित ठहर्छ । सम्पूर्ण पापलाई नाश गर्ने धवलीगङ्गाका उत्तर तटमा ब्रह्मकुण्ड, १४ दंड पर शिवकुण्ड, आधा बाण पर गणेशकुण्ड छ । अलकनन्दाका किनारामा विष्णुकुण्ड, १ बाण पर भृङ्गीकुण्ड, आधा बाण पर ऋषिकुण्ड अनि सूर्यकुण्ड, ४ दंड पर दुर्गाकुण्ड, धनदा यक्षिणीको तीर्थ र धनदकुण्ड अनि प्रह्लादकुण्डहरू छन् । यहाँबाट एक मील पर मोती (कलदोडा) चट्टी छ, काली-

कमलीं बाबाको धर्मशाला २।३ दुकान छन् । अलकनन्दामा १६० फीट लामू र ५ फीट चाक्लो फलामको पुल छ ।

घाटचट्टी विष्णुप्रयागबाट सवा चार मील पर बलदोडाचट्टीबाट सवा दुइ मील पर छ । अलि पर काठको सानू पुल पार भएर लोकपाल, काकभुसुण्डी तीर्थ जाने गोरेटो छ ।

पाण्डुकेश्वर र योगबदरी

घाटचट्टीबाट २ मील पर छ, गढवाल जिलाको टूलो बस्ती हो, साना टूला गरी ५० घर र सरकारी धर्मशालाहरू पनि छन् , अलकनन्दा र टूला झहराको पानी पाण्डुवीश्वर, योगबदरी, वासुदेवको मन्दिर छ, पूर्वकालमा राजा पांडुले मृगरूपी मुनिका आपले दुःखी भई तप गरेको ठाँउँ हो ।

महाभारत—(आदिपर्व ११८ अ० मा हस्तिनापुरका राजा पांडु, कुन्ती र माद्री २ रानीसँग ली हावा खान हिमालय पर्वतका दाहिने-तरफ गई खेल खेल्न लागेका थिए, त्यस वेलामा मैथुन धर्ममा आसक्त एक मृगलाई देखी ५ बाणले दुवै मृग, मृगिनीलाई मारे, कोही ऋषिकुमार तेजस्वी मृगको स्वरूप धारण गरी मृगिनीसित मिलेका थिए, यिनले मर्ने वेलामा पांडुलाई जब तँ कामयुक्त भएर आफ्नी स्त्रीमित जालास् त्यस बस्तमा तँ पनि मरिगएस् भनी यस्तो श्राप दिए, तसर्थ अति दुःखी भै गन्धमादन पर्वतबाट शतशृंग पर्वत विष्णुको तप गरेको हुनाले विष्णु प्रकट भै भन्नुभो कि हे पाण्डु ! तिम्रा क्षेत्रमा धर्मादिका अंशले बलवान् पुत्र उत्पन्न हुनेछन् , भनी विष्णु अन्तरधान हुनुभो, उसै स्थानमा पाण्डोश्वर विराजमान छन् . १ दिन दिल्लीमा माद्रीलाई देखी कामातुर भै

श्राप दिएको बिर्सी पाण्डु मैथुन गर्नाले मरे, माद्री सती गइन् भन्ने कुरा पनि लेखेको छ।

योगबदरी पंच बदरीमाका १ बदरी हुन्, यिनको मूर्ति अष्टधातुको छ, सुनौला मुकुट छत्र वस्त्रादिले सुशोभित छन्, मन्दिरमा तामा पत्र भारी कोही भाषामा छ, यो जाम्म अंग्रेज सरकारले पनि सकेको छैन, पुजारीसित सोद्धा यो लेख पाण्डवका बखतको हो भन्छन्, गजब छ, भन्न ता योगबदरीको मूर्ति ब्रह्माले पूजा गरी इन्द्रलाई दिए, इन्द्रले पुजारी युधिष्ठिरलाई दिए, युधिष्ठिरले यहाँ स्थापना गरेको हो भन्दछन्। २५।३० दुकान र कालीकमली बाबाको धर्मशाला छ।

शेषधारा पाण्डुकेश्वर चट्टीबाट आधा मील पर छ। छहराको पानी भूमिमा झरेर बग्दछ। यसैलाई शेषधारा भन्दछन्। एउटा कोठामा डेढ हात अग्लो अनगढ लिङ्ग जस्तो शेषजीको मूर्ति छ। रीवाँका महाराजको धर्मशाला र सदावर्त छ।

लामबगड़चट्टी शेषधाराबाट २॥ मील पर छ। २।३ छप्पर, दुकान र दुइ पक्का घर, झुन्झुनवाले राय सूर्यमलको पक्की धर्मशाला छन्। आकाश छोलान् जस्ता पर्वतका लहर देखिन्छन्। अलि पर मन्दाकिनीमा ७० फीट लामू र सवा ७ फीट चाक्लो काठको पुल छ।

हनुमानचट्टी लामब० चट्टीबाट ३॥ मील पर छ। मोदीका ४।५ घर, पुरी मिठाईका दुकानहरू, धर्मशाला र सदावर्त आदि छन्। एउटा कोठामा हनुमान्को मूर्ति र अलकनन्दा छन्। घृतगङ्गाको पानी पिउँछन्। यो वैखानस मुनिले तपस्या गरेको वैखानस स्थान हो। हनुमानचट्टीनेर अलकनन्दाका उस पार क्षीरगङ्गा यस पार घृतगङ्गा अलकनन्दामा मिलेकी छन्।

स्क. पुराण के. प्र. ५८ अध्यायमा बदरीकाश्रमबाट दुइ कोश

पर वैखानस मुनिको आश्रम र यज्ञभूमि छ । हवनका स्थाननेर विन्दुमती नदी बग्दछिन् । अझसम्म डढेका तिल, जौका कोइला (अङ्गार) आदि देखिन्छन् । उसका माथि योगीश्वर भैरव छन् । यिनको पूजा गरेर मात्र बदरीनाथ जानुपर्छ ।

महाभारत द्रोणपर्व ५३ अध्यायमा राजा मरुतको यज्ञमा सबै वस्तु जसको सुवर्ण-भूषित बनेको थियो, बृहस्पतिले सहित सम्पूर्ण देवता हिमालय पर्वतका सुवर्णमय शिखरमा एकत्र भएका थिए । अश्वमेधपर्व ६४ अध्यायमा युधिष्ठिर आदि पाण्डवहरू व्यासजीका आज्ञाले राजा मरुत्का यज्ञ स्थानबाट रत्नादि लदाएर हस्तिनापुरमा लगे भन्ने कथा छ ।

कुबेरशिला हनुमान्चट्टीबाट पाउ मील पर अलकनन्दामा ३६ फीट लामो काठको पुल छ । सवा मील अघि अलकनन्दा ६५ फीट लामो काठको पुल छ । उस पुलबाट बदरीनाथसम्म कोही वृक्ष छैनन् । यहाँ हिउँका थुप्रैथुप्रामा कुन्चेर जानुपर्छ । तीन मील पर कञ्चनगङ्गा छन् । कहिले हिउँले ढाकिएको र कहिले खुलेको हुन्छिन् । मार्जन आचमन गरेर जानाले दारिद्र्यको नाश हुन्छ । सवा तीन मील अगाडि अलकनन्दामा यस पारदेखि उस पारसम्म ६०० हात लामो हिउँको पुल छ । मानिस बराबर जान सक्छन् । तर त्यतातिर जानुपर्दैन । हनुमानचट्टीबाट ३॥ मील पर कुबेर-शिला छन् । हनुमानचट्टीबाट कुबेरचट्टीसम्म ठाउँ-ठाउँमा साँघुरो बाटो र उकालो धेरै नै पर्छ । कुबेरशिलाबाट पतितपावन श्रीबदरी पुरीको र श्रीबदरीनाथको मन्दिर देखिन्छ । बोल दे श्रीबदरीनाथकी जय ! यहाँ गणेशको सानू मंदिर छ । धेरै यात्री यहाँ ढोकाका तल जुत्ता राखी बदरीनाथ पुरीमा जान्छन् । कुबेरशिलाबाट एक मील

अघि अलकनन्दामा ४२ फीट लामा काठको पुल छ। अलि पर ऋषिगङ्गामा काठको सान् पुल छ। अलकनन्दाका पुलबाट पाउ मील पर कुबेरशिलाबाट आधा मील पर बदरीनाथको बस्तीमा पुगिन्छ। पुरीको उत्तर भागमा श्रीबदरीनाथजीको भव्य मन्दिर सुशोभित छ।

—: * :—

बदरीनाथ

यात्रीहरू हरिद्वारबाट २४९ मील (१२४॥) कोश हिंडी २७।२८ दिनमा पुग्दछन्। केदारनाथबाट यात्रीहरू ९१। मील हिंड़ी दश दिनका दिन आइपुग्छन्। गढवाल जिल्लाको उत्तरबाट आएको अलकनन्दाको दाहिने किनारामा बदरीनाथको बस्ती छ। एकतले र दुइतले घर दशभन्दा बर्ता छन्। पंडाका टूला टूला २।४ घर र धर्मशाला घेरै छन्। यो पृथिवीको कैलासमा जड़ी-बूटी, शुद्ध शिलाजीत, बदरीनाथको प्रसाद, बदरीनामी रुमाल, कपड़ा एवं कस्तूरी, चँवर, पूरी मिठाई आदिका दुकान छन्। दाउरा ४ मील दक्षिणतिरबाट यहाँ बिक्न आउँदा महगो भएको हो। जाड़ो केदार-नाथको भन्दा केही कम्ती छ। यहाँ सयकड़ौं यात्री आइपुग्छन्। साधारण मानिस ३।५।७ दिन बस्तछन्। गरीबहरू जाड़ो देखेर एक रात बसी जान्छन्। कश्मीरका महाराज, पटियालाका महाराज, इन्दौरका महाराज र झुन्झुनवाला, राय सूर्यमल बहादुरको एक-एक सदावर्त छन्। यहाँ सर्वत्र पर्वतमाथि हिउँ जमिरहेकै हुन्छ। बदरी-नाथको टूला पर्वतका चुली समुद्रबाट २३२०० फीट अग्लो छ। पूर्व र पश्चिमवाला दुवै पर्वतलाई जय र विजय भन्दछन्। पर्वत-मनिको जमीन समुद्रको जलबाट १०४०० फीट अग्लो छ। यो